# आर्थिक वर्ष २०६०।६१ को प्रतिवेदन

# नेपाल राष्ट्र बैंक

# आर्थिक वर्ष २०६०/६१ को प्रतिवेदन

## नेपाल राष्ट्र बैंक

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**तथ्याङ्क शाखाद्वारा प्रकाशित**

# विषय-सूची

## भाग – १ : आर्थिक तथा वित्तीय अवस्था

**समग्र आर्थिक स्थिति**
मौद्रिक स्थिति
मुद्रा बजार
वित्तीय संस्थाहरु
पूँजी बजार
कुल गार्हस्थ्य उत्पादन
उपभोग, लगानी र बचत
मूल्य स्थिति
**सरकारी वित्त**
बाह्य क्षेत्र
***तालिकाहरु***

## भाग – २ : नेपाल राष्ट्र बैंकको कामकारबाही

आर्थिक वर्ष २०६०/६१ को मौद्रिक नीति
वित्तीय क्षेत्र सुधार
बैंक तथा वित्तीय संस्था नियमन
*बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण*
विदेशी विनिमय व्यवस्थापन
*लघु वित्त*
मुद्रा व्यवस्थापन
नेपाल राष्ट्र बैंकको अन्य कामकाजको विवरण
***तालिकाहरु***

## भाग – ३ : नेपाल राष्ट्र बैंकको मुनाफा, सम्पत्ति तथा दायित्व

**आर्थिक वर्ष २०६०/६१ को मुनाफा**
कुल सम्पत्ति/ दायित्व
लगानी
***तालिकाहरु***

**अनुसूचीहरु**

# भाग १

# आर्थिक तथा वित्तीय अवस्था

## समग्र आर्थिक स्थिति

१. आर्थिक वर्ष २०६०।६१ मा मौसमी अनुकुलताका कारण कृषि क्षेत्रको उत्पादन ३.७ प्रतिशतले र विद्युत् उत्पादन, व्यापार रेष्टुरेण्ट तथा होटल र यातायात तथा सञ्चारजस्ता उपक्षेत्रहरुको वृद्धिका कारणले गैर-कृषि क्षेत्रको उत्पादन ३.३ प्रतिशतले बढेको छ । फलस्वरुप, कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्य (producers' price) मा ३.७ प्रतिशत र साधन मूल्य (factor cost) मा ३.६ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०५९।६० मा यी वृद्धिदरहरु क्रमशः ३.१ प्रतिशत र २.७ प्रतिशत थिए ।

२. खाद्यान्न बालीको उत्पादन सन्तोषजनक रहेको कारण गत वर्ष (आर्थिक वर्ष २०५९।६०) मा ४.८ प्रतिशतले वृद्धि भएको शहरी क्षेत्रको औसत राष्टि्रय उपभोक्ता मूल्य सूचकाङ्क समीक्षा वर्ष (आर्थिक वर्ष २०६०।६१) मा ४.० प्रतिशतले मात्र वृद्धि भएको छ । राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ४.१ प्रतिशत रहेको छ ।

३. समीक्षा वर्षमा वस्तु निर्यात तथा आयात दुबैको वृद्धिदर गत वर्षको तुलनामा कम रहेको छ भने निर्यातको तुलनामा आयातको वृद्धिदर अधिक रहेको कारण व्यापार घाटामा उल्लेख्य वृद्धि भएको छ । वित्तीय खाता उच्च स्तरमा ऋणात्मक रहेको भएतापनि चालू खातामा उल्लेख्य बचत रहेको तथा विविध पूँजी आप्रवाह उच्च रहेको कारण समग्र शोधनान्तर स्थिति बचतमा रहेको छ । गत वर्ष अमेरिकी डलरको तुलनामा ४.३ प्रतिशतले अधिमूल्यन भएको रुपैयाँ समीक्षा वर्षमा ०.८ प्रतिशतले अधिमूल्यन भएको छ । २०६० आषाढ मसान्तको तुलनामा २०६१ आषाढ मसान्तमा विदेशी विनिमय संचिति २०.० प्रतिशतले वृद्धि भई रु. १ खर्ब २९ अर्ब ८७ करोड ४० लाख पुगेको छ ।

४. समीक्षा वर्षमा विस्तृत मुद्रा प्रदाय र संकुचित मुद्रा प्रदायमा क्रमशः १३.५ प्रतिशत र १२.६ प्रतिशतले बृद्धि भएको छ । मुद्रा प्रदायका बिस्तारकारी कारकहरुमध्ये खुद बैदेशिक सम्पत्ति १८.१ प्रतिशतले र कूल आन्तरिक कर्जा ९.४ प्रतिशतले वृद्धि भएका छन् । मुद्राप्रदायका संकुचनकारी कारकहरुमध्ये आवधिक निक्षेप १४.० प्रतिशतले र खुद अमौद्रिक दायित्व ६.५ प्रतिशतले वृद्धि भएका छन् ।

५. नगद प्रवाहमा आधारित कुल सरकारी खर्च समीक्षा वर्षमा ११.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो खर्च २.० प्रतिशतले मात्र वृद्धि भएको थियो । गत वर्ष २२.१ प्रतिशतले ह्रास आएको विकास खर्च समीक्षा वर्षमा विकास निर्माण कार्यमा केही तीव्रता आएको कारण २६.२ प्रतिशतले वृद्धि भएको छ । कुल साधन परिचालनको वृद्धिदर गत वर्षकै हाराहारीमा रहेको छ । श्री ५ को सरकारको बजेट घाटामा गत वर्षको तुलनामा समीक्षा वर्षमा ०.७ प्रतिशतले कमी आएको छ ।

६. धितोपत्र बजारमा सूचीकृत कम्पनीहरुको संख्या, चुक्ता पूँजी तथा कारोवारमा वृद्धि भएको छ । सूचीकृत कम्पनीहरुको संख्या ६ ले वृद्धि भएको छ भने चुक्तापूँजीमा १.० प्रतिशतले बृद्धि भएको छ । शेयर कारोवार मूल्यमा करीब ३ गुणाले बृद्धि भएको छ ।

### तालिका १.१

## समष्टिगत आर्थिक परिसूचकहरु

| सि.नं. | विवरण | २०५८/५९ | २०५९/६० | २०६०/६१ |
|---|---|---|---|---|
| | **परिवर्तन (प्रतिशतमा)** | | | |
| १. | उत्पादक मूल्यमा | | | |
| | (क) कुल गार्हस्थ्य उत्पादन (२०५१/५२को मूल्यमा) | -०.६ | ३.१ | ३.७* |
| | (ख) कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) | २.८ | ७.७ | ८.८* |
| २. | कुल राष्ट्रिय उत्पादन (प्रचलित मूल्यमा) | ३.२ | ६.९ | ७.८* |
| ३. | कुल उपभोग | ६.४ | ८.३ | ८.०* |
| ४. | कूल लगानी | २.९ | १५.६ | १२.४* |
| ५. | कुल राष्ट्रिय बचत | -११.१ | -०.३ | ६.५* |
| ६. | कुल स्थिर पूँजी निर्माण | ४.६ | ६.६ | ६.५* |
| ७. | कुल गार्हस्थ बचत | -१७.५ | ३.९ | १४.७* |
| ८. | मुद्रा प्रदाय $(M_1)$ | ९.३ | ८.६ | १२.६* |
| ९. | विस्तृत मुद्रा प्रदाय $(M_2)$ | ४.४ | ९.८ | १३.५* |
| १०. | कुल आन्तरिक कर्जा | १०.४ | १०.२ | ९.४* |
| ११. | आवधिक निक्षेप | २.१ | १०.४ | १४.०* |
| १२. | कुल निर्यात | -१५.६ | ६.४ | ५.६+ |
| १३. | कुल आयात | -७.२ | १५.८ | ११.९+ |
| १४. | कुल विदेशी विनिमय संचिति | ०.७ | २.२ | २०.०+ |
| १५. | सरकारी राजस्व | ३.२ | ११.५ | १०.७** |
| १६. | सरकारी खर्च | ०.३ | ४.९ | ९.६** |
| १७. | राजस्व बचत | -६९.७ | -३२.३ | १३३.१** |
| १८. | सरकारी बजेट घाटा | -५.२ | -२८.३ | १२.१** |
| १९. | आन्तरिक ऋण# | २५.५ | -२२.० | -३८.५** |
| २०. | राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क | २.९ | ४.८ | ४.०० |
| २१. | थोकमूल्य सूची | ४.९ | ३.८ | ४.१० |
| | **कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्य) सँगको अनुपात (प्रतिशतमा)** | | | |
| १. | कुल उपभोग | ८८.० | ८८.४ | ८७.८* |
| २. | कुल लगानी | २४.१ | २५.८ | २६.७* |
| ३. | कुल राष्ट्रिय बचत | १६.४ | १५.२ | १४.८* |
| ४. | कुल स्थिर पूँजी निर्माण | १९.३ | १९.१ | १८.७* |
| ५. | कुल गार्हस्थ्य बचत | १२.० | ११.६ | १२.२* |
| ६. | मुद्रा प्रदाय $(M_1)$ | १८.३ | १८.४ | १९.१* |
| ७. | विस्तृत मुद्रा प्रदाय $(M_2)$ | ५३.० | ५४.१ | ५६.४* |
| ८. | कुल आन्तरिक कर्जा | ४९.१ | ५०.२ | ५०.२* |
| ९. | आवधिक निक्षेप | ३४.८ | ३५.६ | ३७.४* |
| १०. | कुल निर्यात | ११.१ | ११.० | १०.७+ |
| ११. | कुल आयात | २५.४ | २७.३ | २८.१+ |
| १२. | विदेशी विनिमय संचिति | २५.१ | २३.८ | २६.२+ |
| १३. | सरकारी राजस्व | ११.९ | १२.४ | १२.६** |
| १४. | सरकारी खर्च | १९.० | १८.५ | १८.६** |
| १५. | राजस्व बचत | ०.४ | ०.३ | ०.६** |
| १६. | सरकारी बजेट घाटा | ५.४ | ३.६ | ३.७** |
| १७. | आन्तरिक ऋण# | ३.६ | २.६ | १.५** |
| १८. | ब्यापार सन्तुलन | -१४.३ | -१६.४ | -१७.५** |
| १९. | चालू खाता सन्तुलन | ४.३ | २.६ | २.४** |

**#** नगद मौज्दातमा भएको परिवर्तन समावेश, ***** अनुमानित, **+** अपरिष्कृत, ****** संशोधित अनुमान ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

७. समीक्षा वर्षमा गत वर्षको तुलनामा विस्तृत मुदा प्रदाय ($M_2$) तथा संकुचित मुद्रा प्रदाय ($M_1$) दुवैमा वृद्धि भएको छ । समीक्षा वर्षमा विस्तृत मुद्रा प्रदाय १३.५ प्रतिशत (रु. ३३ अर्ब २१ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तमा रु. २ खर्ब ७९ अर्ब १३ करोड पुगेको छ (तालिका १.२) । गत वर्ष विस्तृत मुद्रा प्रदाय ९.८ प्रतिशत (रु. २१ अर्ब ९२ करोड) ले बढेको थियो । गत वर्ष ८.६ प्रतिशत (रु. ६ अर्ब ६० करोड) ले बढेको संकुचित मुद्रा प्रदाय समीक्षा वर्षमा १२.६ प्रतिशत (रु. १० अर्ब ५४ करोड) ले बढेर २०६१ आषाढ मसान्तमा रु. ९४ अर्ब २९ करोड पुगेको छ । खुद वैदेशिक सम्पत्ति उच्च दरले बढेकोले विस्तृत र संकुचित मुद्रा प्रदाय दुबैमा गत वर्षको तुलनामा वृद्धि हुन गएको हो ।




## मुद्राप्रदायका बिस्तारकारी कारकहरु

८. समीक्षा वर्षमा मौद्रिक योगाङ्कहरुमा बिस्तारकारी भूमिका खेल्ने खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन लाभ/ हानि समायोजन समेत) १८.१ प्रतिशत (रु. १६ अर्ब ५१ करोड) ले बढेको छ । गत वर्ष सो सम्पत्ति ४.९ प्रतिशत ( रु. ४ अर्ब ३६ करोड) ले वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषण आय, खुद सेवा आय तथा वैदेशिक ऋण र अनुदानमा भएको निरन्तर वृद्धिको कारण समीक्षा वर्षमा खुद वैदेशिक सम्पत्ति बढेको हो ।




९. मुद्रा प्रदायमा बिस्तारकारी भूमिका खेल्ने अर्को कारक तत्व कुल आन्तरिक कर्जा समीक्षा वर्षमा ९.४ प्रतिशत (रु. २१ अर्ब ४८ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. २ खर्ब ४९ अर्ब ९२ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा १०.२ प्रतिशत (रु. २१ अर्ब १२ करोड) ले वृद्धि भएको थियो । मौद्रिक क्षेत्रको वित्तीय संस्थाहरु र निजी क्षेत्रमाथिको

दाबीमा वृद्धि भए तापनि श्री ५ को सरकारमाथिको खुद दाबी र गैरवित्तीय सरकारी संस्थानहरु माथिको दाबीमा ह्रास आउनाको कारण कुल आन्तरिक कर्जाको वृद्धिदर गत वर्षको तुलनामा कम रहन गएको हो ।




१०. कुल आन्तरिक कर्जामध्ये श्री ५ को सरकारलाई जाने खुद कर्जा समीक्षा वर्षमा ०.८ प्रतिशत (रु. ५१ करोड १० लाख) ले घटेर २०६१ आषाढ मसान्तमा रु. ६२ अर्ब ३१ करोड पुगेको छ । सो कर्जा गत वर्ष ५.५ प्रतिशत (रु. ३ अर्ब २५ करोड) ले वृद्धि भएको थियो । श्री ५ को सरकारद्वारा केही ट्रेजरी बिलको भुक्तानी, उच्च वैदेशिक ऋण तथा उच्च अनुदानको प्राप्ति भएबाट कम आन्तरिक ऋण परिचालन आदिका कारण समीक्षा वर्षमा मौदिक क्षेत्रको सरकारमाथिको दाबी गत वर्षको तुलनामा घटेको हो । मौद्रिक क्षेत्रको गैर-वित्तीय सरकारी संस्थामाथिको दाबी गत वर्ष ७.९ प्रतिशत (रु. २४ करोड ३० लाख) ले घटेको तुलनामा समीक्षा वर्षमा २१.२ प्रतिशत (रु. ६० करोड) ले घटेको छ । केही गैर-वित्तीय सरकारी संस्थानहरु, जस्तै- वीरगञ्ज चिनी कारखाना लि., जनकपुर चुरोट कारखाना लि. र रोजिन एण्ड टर्पेन्टाइन लि. ले वाणिज्य बैंकहरुलाई केही कर्जा चुक्ता गरेको कारण गैरवित्तीय सरकारी संस्थानहरुमाथिको दाबी घटेको हो । वित्तीय संस्थाहरुमाथिको दाबी समीक्षा वर्षमा २१.१ प्रतिशत (रु. २ अर्ब ४९ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १४ अर्ब ३२ करोड पुगेको छ । गत वर्ष सो दाबी ४.२ प्रतिशत (रु. ४८ करोड ४० लाख) ले बढेको थियो । कृषि विकास बैंकका बैंकिङ्ग कारोबार गर्ने शाखाहरुद्वारा मुख्य कार्यालयमा कायम गरिएको बढ्दो मौज्दातका कारण सो दाबीमा वृद्धि भएको हो । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी गत आर्थिक वर्ष १३.२ प्रतिशत (रु. १७ अर्ब ६४ करोड) ले बढेको तुलनामा समीक्षा वर्षमा १३.३ प्रतिशत (रु. २० अर्ब १० करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १ खर्ब ७१ अर्ब १ करोड पुगेको छ । मुलुकमा विद्यमान शान्तिसुरक्षाको समस्याले गर्दा आर्थिक क्रियाकलापमा आएको सुस्तताका कारण निजी क्षेत्रको कर्जाको मागमा खासै सुधार हुन नसकेकोले निजी क्षेत्रमाथिको दाबी गत वर्षकै हाराहारीमा मात्र बढेको हो ।



## मुद्राप्रदायका संकुचनकारी कारकहरु

११. मुद्राप्रदायका संकुचनकारी कारकहरुमध्ये आवधिक निक्षेप समीक्षा वर्षमा १४ प्रतिशत (रु. २२ अर्ब ६७ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १ खर्ब ८४ अर्ब ८३ करोड पुगेको छ। गत वर्ष यस्तो निक्षेप १०.४ प्रतिशत (रु. १ अर्ब ५३ करोड) ले वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषणको निरन्तर आप्रवाह एवं मुलुकमा लगानी अवसरहरुको अभाव आदिको कारण आवधिक निक्षेपमा वृद्धि भएको हो।

१२. मुद्राप्रदायको अर्को संकुचनकारी कारक, खुद अमौद्रिक दायित्व (विदेशी विनिमय मूल्याङ्कन लाभ/ हानि समायोजन समेत), समीक्षा वर्षमा ६.५ प्रतिशत (रु. ४ अर्ब ७८ करोड) ले वृद्धि भएको छ। गत वर्ष यस्तो दायित्व ५.० प्रतिशत ( रु. ३ अर्ब ५६ करोड) ले बढेको थियो । नेपाल राष्ट्र बैंकको मुनाफामा अघिल्लो वर्षको तुलनामा केही वृद्धि भएकाले समीक्षा वर्षमा खुद अमौद्रिक दायित्व गत वर्षभन्दा बढी दरले बढेको हो।

## वाणिज्य बैंकहरुको साधन तथा स्रोत

१३. समीक्षा वर्षमा वाणिज्य बैंकहरुको प्रमुख साधन कुल निक्षेपमा १५.२ प्रतिशत (रु. ३० अर्ब ८६ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. २ खर्ब ३३ अर्ब ५९ करोड पुगेको छ (तालिका १.३)। गत वर्ष कुल निक्षेप १०.३ प्रतिशत (रु. १९ अर्ब १ करोड) ले वृद्धि भएको थियो । कुल निक्षेपका मुख्य अंशहरु मध्ये बचत निक्षेप समीक्षा वर्षमा १७.८ प्रतिशत (रु. १७ अर्ब ३१ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १ खर्ब १४ अर्ब ५४ करोड पुगेको छ। गत वर्ष बचत निक्षेप १६.० प्रतिशत (रु. १३ अर्ब ४२ करोड) ले वृद्धि भएको थियो । कुल निक्षेपको अर्को प्रमुख अंश मुद्दती निक्षेप भने गत वर्ष १.३ प्रतिशत (रु. ९७ करोड ५० लाख) ले मात्र वृद्धि भएको तुलनामा समीक्षा वर्षमा १०.८ प्रतिशत (रु. ८ अर्ब १७ करोड) ले बढेको छ। चल्ती निक्षेप गत वर्ष १९.२ प्रतिशत (रु. ४ अर्ब ५५ करोड) ले बढेकोमा समीक्षा वर्षमा १८.३ प्रतिशत (रु. ५ अर्ब १७ करोड) ले बढी २०६१ आषाढ मसान्तसम्ममा रु. ३३ अर्ब ४७ करोड पुगेको छ। मार्जिन निक्षेप समीक्षा वर्षमा ११.५ प्रतिशत (रु. २१ करोड ३० लाख) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. २ अर्ब ६ करोड पुगेको छ। गत वर्ष मार्जिन निक्षेप ३.५ प्रतिशत (रु. ६ करोड २० लाख) मात्रले वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषण आयमा भएको वृद्धिको कारणले बचत तथा मुद्दती निक्षेपको वृद्धि गत वर्षको तुलनामा बढी दरले भएको हो।

१४. २०६० आषाढ मसान्तसम्ममा वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकबाट लिएको कर्जा रु. ९४ करोड ७० लाख रहेकोमा २०६१ आषाढ मसान्तसम्ममा रु. ४७ करोड ८० लाख मात्र रहेको छ। नेपाल राष्ट्र बैंकबाट रुग्ण उद्योगहरुको पुनरुत्थानको लागि व्यवस्था गरिएको पुनर्कर्जा सुविधा वाणिज्य बैंकहरुले अघिल्लो वर्षभन्दा कम उपयोग गरेकाले यस्तो कर्जा घट्न गएको हो।

१५. वाणिज्य बैंकहरुको वैदेशिक दायित्व गत वर्ष रु. १३ करोड रहेको तुलनामा समीक्षा वर्षमा रु. ५२ करोड पुगेको छ। समीक्षा वर्षमा वाणिज्य बैंकहरुको अन्य दायित्वहरु २.६ प्रतिशत (रु. २ अर्ब ३० करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. ९० अर्ब ५० करोड पुगेको छ। गत वर्ष यस्तो दायित्व ३३.८ प्रतिशत (रु. २२ अर्ब ३० करोड) ले वृद्धि भएको थियो ।

## वाणिज्य बैंकहरुको स्रोतको उपयोग

१६. समीक्षा वर्षमा वाणिज्य बैंकहरुसँग उपलब्ध साधनको उपयोगतर्फ तरल कोष १७.७ प्रतिशत (रु. ७ अर्ब ३० करोड) ले बढी २०६१ आषाढ मसान्तसम्ममा रु. ४८ अर्ब ६३ करोड पुगेको छ। गत वर्षमा सो कोष १२.० प्रतिशत (रु. ५ अर्ब ६२ करोड) ले घटेको थियो । कुल तरल कोषका अंशहरुमध्ये विदेशी मुद्राको नगद मौज्दात गत आर्थिक वर्ष १७.० प्रतिशत (रु. १० करोड ५० लाख) ले बढेकोमा समीक्षा वर्षमा ३५.२ प्रतिशत (रु. २५ करोड ४० लाख) ले घटेर २०६१ आषाढ मसान्तसम्ममा रु. ४६ करोड ८० लाख रहेको छ। त्यस्तै वाणिज्य बैंकहरुको नेपाल राष्ट्र बैंकमा रहेको नगद मौज्दात गत आर्थिक वर्ष २.९ प्रतिशत (रु. ४६ करोड २० लाख) ले घटेकोमा समीक्षा वर्षमा ४५.३ प्रतिशत (रु. ७ अर्ब १० करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. २२ अर्ब ७९ करोड पुगेको छ। वाणिज्य बैंकहरुसँग रहेको नगद मौज्दात समीक्षा वर्षमा ७.९ प्रतिशत (रु. ३७ करोड ३० लाख) ले घटी २०६१ आषाढ मसान्तसम्ममा रु. ४ अर्ब ३५ करोड रहेको छ। गत वर्षमा यस्तो मौज्दात ३.८ प्रतिशत (रु. १८ करोड ६० लाख) ले वृद्धि भएको थियो । विदेशमा रहेको मौज्दात भने गत वर्ष १६.७ प्रतिशत (रु. ३ अर्ब ८९ करोड) ले घटेको तुलनामा समीक्षा वर्षमा ६.९ प्रतिशत (रु. १ अर्ब ३० करोड) ले बढी २०६१ आषाढ मसान्तसम्ममा रु. २० अर्ब ७१ करोड पुगेको छ। तरल कोषमध्ये मार्गस्थ रकम (cash-in-transit) समीक्षा वर्षमा ६२.४ प्रतिशत (रु. ५१ करोड ७० लाख) ले घट्न गई २०६१ आषाढ मसान्तसम्ममा रु. ३१ करोड २० लाख रहेको छ। गत वर्ष सो रकम ५८.९ प्रतिशत (रु. १ अर्ब २० करोड) ले घटेको थियो ।




१७. समीक्षा वर्षमा वाणिज्य बैंकहरुको साधनको उपयोगको मुख्य शीर्षक कर्जा तथा लगानी १२.४ प्रतिशत (रु. २५ अर्ब) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. २ खर्ब २६ अर्ब ८० करोड पुगेको छ । यस्तो कर्जा तथा लगानी गत वर्ष १६.४ प्रतिशत (रु. २८ अर्ब ५० करोड) ले वृद्धि भएको थियो । कर्जा तथा लगानीका प्रमुख अंशहरुमध्ये श्री ५ को सरकारतर्फ गएको बैंकिङ्ग क्षेत्रको कर्जा गत वर्ष ३५.४ प्रतिशत (रु. १० अर्ब ३३ करोड) ले वृद्धि भएको तुलनामा समीक्षा वर्षमा ११.० प्रतिशत (रु. ४ अर्ब ३३ करोड) ले मात्र वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. ४३ अर्ब ८० करोड पुगेको छ । बढ्दो मात्रामा वैदेशिक ऋण तथा अनुदान प्राप्तिका कारण श्री ५ को सरकारको नगद मौज्दात कायम भएको र बजेटमा उल्लेख भएबमोजिम आन्तरिक ऋणपत्र निष्काशन नगरिएकोले श्री ५ को सरकारमाथि वाणिज्य बैंकहरुको दाबी कम दरले बढेको हो । वित्तीय संस्थानहरुलाई गएको कर्जा गत वर्ष ६.१ प्रतिशत (रु. ५८ करोड ७० लाख) ले बढेकोमा समीक्षा वर्षमा २४.२ प्रतिशत (रु. २ अर्ब ५० करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १२ अर्ब ७६ करोड पुगेको छ । गैर-वित्तीय सरकारी संस्थानहरुलाई जाने कर्जा भने गत वर्ष ७.९ प्रतिशत (रु. २४ करोड ३० लाख) ले घटेकोमा समीक्षा वर्षमा २१.२ प्रतिशत (रु. ६० करोड) ले घटेर २०६१ आषाढ मसान्तसम्ममा रु. २ अर्ब २० करोड रहेको छ ।

१८. गत वर्ष वाणिज्य बैंकहरुबाट निजी क्षेत्रमा प्रवाह भएको कर्जा १३.८ प्रतिशत (रु. १७ अर्ब ९८ करोड) ले वृद्धि भएकोमा समीक्षा वर्षमा १२.९ प्रतिशत (रु. १९ अर्ब १६ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. १ खर्ब ६७ अर्ब २३ करोड पुगेको छ । शान्ति सुरक्षाको समस्याका कारण निजी क्षेत्रबाट कर्जाको खासै माग नभएकोले बैंकिङ्ग क्षेत्रको निजी क्षेत्रमाथिको दाबी गत वर्षभन्दा न्यून दरले बढेको हो । त्यसैगरी समीक्षा वर्षमा विदेशी विल खरीद ३३.४ प्रतिशत (रु. ३९ करोड ३० लाख) ले घटेर २०६१ आषाढ मसान्तसम्ममा रु. ७८ करोड ३० लाख रहेको छ । गत वर्ष सो रकम ११.४ प्रतिशत (रु. १५ करोड १० लाख) ले घटेको थियो ।

१९. समीक्षा वर्षमा वाणिज्य बैंकहरुको कुल सम्पत्ति तथा दायित्व ११.३ प्रतिशत (रु. ३३ अर्ब ४ करोड) ले वृद्धि भई २०६१ आषाढ मसान्तसम्ममा रु. ३ खर्ब २५ अर्ब ९ करोड पुगेको छ । यस्तो सम्पत्ति तथा दायित्व गत वर्ष १६.४ प्रतिशत (रु. ४१ अर्ब १२ करोड) ले वृद्धि भएको थियो ।

२०. समीक्षा वर्षको अन्त्यसम्ममा जम्मा १७ वटा वाणिज्य बैंकका कुल ३८३ शाखाहरु र कृषि विकास बैंकको बैंकिङ्ग कारोवार गर्ने ४८ शाखाहरु गरी जम्मा ४३१ शाखाहरुले वाणिज्य बैंकिङ्ग सेवा उपलब्ध गराइरहेका छन् ।

## तालिका १.२

# मौद्रिक सर्भेक्षण

## (आषाढ मसान्त)

(रु. करोडमा)

| | | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०५९ | २०६० | २०६१[अ] | २०५९/६० | २०६०/६१ | २०५९/६० | २०६०/६१ |
| **१. खुद वैदेशिक सम्पत्ति** | **८८४१.९** | **९१४०.७** | **१०९३४.१** | **४३६.४**[1] | **१६५१.१**[2] | **४.९** | **१८.१** |
| १.१ वैदेशिक सम्पत्ति | १०६९९.६ | १०९३०.६ | १३१०३.५ | २३१.० | २१७२.८ | २.२ | १९.९ |
| १.२ वैदेशिक दायित्व | १८५७.७ | १७८९.९ | २१६९.३ | -६७.८ | ३७९.४ | -३.६ | २१.२ |
| **२. खुद आन्तरिक सम्पत्ति** | **१३५५६.९** | **१५४५०.४** | **१६९७८.४** | **१७५६.०**[1] | **१६७०.३**[2] | **१३.०** | **१०.८** |
| **२.१ कुल आन्तरिक कर्जा** | **२०७३२.३** | **२२८४४.४** | **२४९९२.२** | **२११२.१** | **२१४७.८** | **१०.२** | **९.४** |
| (क) श्री ५ को सरकारलाई गएको खुद कर्जा | ५९५७.७ | ६२८२.५ | ६२३१.४ | ३२४.८ | -५११.४ | ५.५ | -०.८ |
| श्री ५ को सरकारलाई गएको कुल कर्जा | ५९५७.७ | ६३२८.७ | ६३०६.७ | ३७१.० | -२२.० | ६.२ | -०.३ |
| सरकारी निक्षेप | *०.०* | *४६.२* | *७५.३* | *४६.२* | *२९.१३* | - | *६३.१* |
| (ख) गैरवित्तीय सरकारी संस्थानहरुलाई गएको कर्जा | ३०७.६ | २८३.३ | २२३.३ | -२४.३ | ६०.० | -७.९ | -२१.२ |
| (ग) वित्तीय संस्थाहरुलाई गएको कर्जा | ११३५.५ | ११८२.९ | १४३२.२ | ४७.४ | २४९.३ | ४.२ | २१.१ |
| सरकारी | ११३२.३ | ११७३.९ | १४१८.१ | ४१.६ | २४४.२ | ३.७ | २०.८ |
| गैरसरकारी | ३.२ | ९.० | १४.१ | ५.८ | ५.१ | १८०.३ | ५६.७ |
| (घ) निजी क्षेत्रलाई गएको कर्जा | १३३३१.५ | १५०९५.७ | १७१०५.३ | १७६४.२ | २००९.६ | १३.२ | १३.३ |
| २.२ खुद अमौद्रिक दायित्व | ७१७५.४ | ७३९४.० | ८०१३.९ | ३५६.१[1] | ४७७.६[2] | ५.० | ६.५ |
| **३. विस्तृत मुद्रा प्रदाय (M2)** | **२२३९८.८** | **२४५९१.१** | **२७९१२.५** | **२१९२.३** | **३३२१.४** | **९.८** | **१३.५** |
| ३.१ मुद्रा प्रदाय (M1) | ७७१५.६ | ८३७५.४ | ९४२९.२ | ६५९.८ | १०५३.८ | ८.६ | १२.६ |
| मुद्रा | *५५६५.८* | *५६८८.५* | *६३१५.१* | *१२२.७* | *६२६.६* | *२.२* | *११.०* |
| चल्ती निक्षेप | *२१४९.८* | *२६८६.९* | *३११४.१* | *५३७.१* | *४२७.२* | *२५.०* | *१५.९* |
| ३.२ आवधिक निक्षेप | १४६८३.२ | १६२१५.७ | १८४८३.३ | १५३२.५ | २२६७.६ | १०.४ | १४.० |

अ अनुमानित ।

१. विनिमयदर परिवर्तन घाटा रु. १३७.६ करोड समायोजन गरी ।

२. विनिमयदर परिवर्तन नाफा रु. १४२.३ करोड समायोजन गरी ।

### तालिका १.३

## वाणिज्य बैंकहरुको एकीकृत सम्पत्ति र दायित्वको विवरण

### (आषाढ मसान्त)

(रु. करोडमा)

| | २०५९ | २०६० | २०६१ | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०५९/६० | २०६०/६१ | २०५९/६० | २०६०/६१ |
| **१. कुल निक्षेप** | **१८३७२.८** | **२०२७३.४** | **२३३५९.३** | **१९००.६** | **३०८५.९** | **१०.३** | **१५.२** |
| १.१ चल्ती निक्षेप | २३७४.९ | २८२९.९ | ३३४७.१ | ४५५.० | ५१७.२ | १९.२ | १८.३ |
| (क) स्वदेशी | *१९२४.८* | *२३१८.८* | *२८४५.३* | *३९४.१* | *५२६.५* | *२०.५* | *२२.७* |
| (ख) विदेशी | *४५०.२* | *५११.१* | *५०१.८* | *६१.०* | *-९.३* | *१३.५* | *-१.८* |
| १.२ बचत निक्षेप | ८३८१.८ | ९७२३.६ | ११४५४.३ | १३४१.९ | १७३०.७ | १६.० | १७.८ |
| (क) स्वदेशी | *७९९८.४* | *९२८८.९* | *१०८७१.६* | *१२९०.५* | *१५८२.६* | *१६.१* | *१७.०* |
| (ख) विदेशी | *३८३.३* | *४३४.७* | *५८२.७* | *५१३.७* | *१४८.०* | *१३.४* | *३४.१* |
| १.३ मुद्धति निक्षेप | ७४३७.४ | ७५३४.८ | ८३५१.७ | ९७.५ | ८१६.८ | १.३ | १०.८ |
| (क) स्वदेशी | *६५०६.०* | *६७४१.८* | *७४०५.५* | *२३५.८* | *६६३.७* | *३.६* | *९.८* |
| (ख) विदेशी | *९३१.४* | *७९३.०* | *९४६.१* | *-१३८.३* | *१५३.१* | *-१४.९* | *१९.३* |
| १.४ मार्जिन निक्षेप | १७८.८ | १८५.० | २०६.२ | ६.२ | २१.३ | ३.५ | ११.५ |
| **२. नेपाल राष्ट्र बैंकबाट सापटी** | **१०४.४** | **९४.७** | **४७.८** | **-९.६** | **-४७.०** | **-९.२** | **-४९.६** |
| **३. वैदेशिक दायित्व** | **२२.८** | **१३.४** | **५२.१** | **-९.४** | **३८.७** | **-४१.२** | **२८८.५** |
| **४. अन्य दायित्व** | **६५९३.३** | **८८२३.४** | **९०४९.९** | **२२३०.१** | **२२६.५** | **३३.८** | **२.६** |
| सम्पत्ति = दायित्व | **२५०९३.३** | **२९२०५.०** | **३२५०९.२** | **४१११.६** | **३३०४.२** | **१६.४** | **११.३** |
| **५. तरल कोषहरु** | **४६९५.२** | **४१३३.०** | **४८६३.२** | **-५६२.२** | **७३०.२** | **-१२.०** | **१७.७** |
| ५.१ नगद मौज्दात | ४९०.९ | ४७२.३ | ४३५.० | -१८.६ | -३७.३ | -३.८ | -७.९ |
| ५.२ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १६१५.२ | १५६९.० | २२७९.१ | -४६.२ | ७१०.१ | -२.९ | ४५.३ |
| ५.३ विदेशी मुद्रा मौज्दात | ६१.७ | ७२.२ | ४६.८ | १०.५ | -२५.४ | १७.० | -३५.२ |
| ५.४ विदेशमा रहेको मौज्दात | २३२५.८ | १९३६.६ | २०७१.१ | -३८९.२ | १३४.५ | -१६.७ | ६.९ |
| ५.५ मार्गस्थ रकम | २०१.६ | ८२.९ | ३१.२ | -११८.७ | -५१.७ | -५८.९ | -६२.४ |
| **६. कर्जा तथा लगानी** | **१७३३१.९** | **२०१८२.३** | **२२६७९.५** | **२८५०.३** | **२४९७.२** | **१६.४** | **१२.४** |
| ६.१ सरकारमाथिको दाबी | २९१४.४ | ३९४६.९ | ४३७९.६ | १०३२.६ | ४३२.७ | ३५.४ | ११.० |
| ६.२ गैरवित्तीय सरकारी संस्थानमाथिको दाबी | ३०६.९ | २८२.६ | २२२.६ | -२४.३ | -६०.० | -७.९ | -२१.२ |
| ६.३ वित्तीय संस्थामाथिको दाबी | *९६९.२* | *१०२७.९* | *१२७६.१* | *५८.७* | *२४८.३* | *६.१* | *२४.२* |
| ६.४ निजी क्षेत्रमाथिको दाबी | *१३००८.८* | *१४८०७.३* | *१६७२२.८* | *१७९८.५* | *१९१५.५* | *१३.८* | *१२.९* |
| ६.५ खरिद र डिस्काउण्ट गरेको विदेशी बिल | १३२.७ | ११७.६ | ७८.३ | -१५.१ | -३९.३ | -११.४ | -३३.४ |
| **७. अन्य सम्पत्ति** | **३०६६.२** | **४८८९.७** | **४९६६.६** | **१८२३.५** | **७६.८** | **५९.५** | **१.६** |

## मुद्रा बजार

२१. समीक्षा वर्षमा सरकारी ऋणपत्रहरुको खुला बजार तथा दोस्रो बजार कारोबार अन्तर्गत नेपाल राष्ट्र बैंकले Turnover को आधारमा श्री ५ को सरकारको ट्रेजरी बिल खरीदतर्फ रु. १६ अर्ब २१ करोड ३० लाख र बिक्रीतर्फ रु. २७ अर्ब २५ करोड १० लाखको कारोबार भई बजारबाट रु. ११ अर्ब ३ करोड ८० लाखको तरलता सोसेको छ । यस्तो कारोबार गत वर्ष क्रमशः रु. २० अर्ब ११ करोड ८० लाख र रु. ५३ अर्ब ७० करोड ४० लाख हुन गई रु. ३३ अर्ब ५८ करोड ७० लाख बराबरको तरलता सोचन भएको थियो । यसैगरी गत वर्ष रिपो (Repo) Turnover को आधारमा रु. ४५ अर्ब ९० करोड ६० लाख कारोबार भएकोमा समीक्षा वर्षमा यस्तो कारोबार रु. ५१ अर्ब ४० करोड ६० लाख हुन गएको छ । गत वर्ष (रिपो समेत गरी समग्रमा) रु. १२ अर्ब ३१ करोड ९० लाख तरलता बजारमा प्रवाह हुन गएकोमा समीक्षा वर्षमा रु. ४० अर्ब ३६ करोड ८० लाख तरलता प्रवाह भएको छ ।

२२. समीक्षा वर्षमा बोलकबोल प्रथाअनुसार खुला बजारमा बिक्री गरिएको श्री ५ को सरकारको ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.९ प्रतिशत कायम भयो । सो दर गत वर्षको औसत भारित दरभन्दा ०.६ बिन्दुले कम रहेको छ । त्यसैगरी वाणिज्य बैंकहरु बीच हुने अन्तरबैंक कारोबारको औसत भारित ब्याजदर पनि गत वर्षको ३.६ प्रतिशतको तुलनामा ०.४ प्रतिशत बिन्दुले ह्रास आई समीक्षा वर्षमा ३.२ प्रतिशत रहेको छ ।

२३. गत वर्षसम्म अल्पकालिन ऋणपत्रको रुपमा ९१ दिने तथा ३६४ दिने ट्रेजरी बिल मात्र बोलकबोलद्वारा बजारमा बिक्री हुँदै आएकोमा मिति २०६०।५।२५ देखि २८ दिने तथा १८२ दिने ट्रेजरी बिलको बोलकबोल प्रथाद्वारा बिक्री प्रारम्भ भएको छ । समीक्षा वर्षमा कुल रु. ६५ अर्ब ४३ करोड १० लाखको ट्रेजरी बिलहरु प्राथमिक बजारबाट बोलकबोलको माध्यमबाट बिक्री गरिएको छ । बोलकबोल मार्फत बिक्री भएका ट्रेजरी बिलको कुल रकममध्ये रु. १ अर्ब ८८ करोडको २८ दिने, रु. ३१ अर्ब ९० करोड वरावरको ९१ दिने, रु. ६ अर्ब २१ करोड बराबरको १८२ दिने र रु. २५ अर्ब ४४ करोड १० लाख बराबरको ३६४ दिने ट्रेजरी बिल रहेका छन् । समीक्षा वर्षमा २८ दिने ट्रेजरी बिलको १६ पटक, ९१ दिने ट्रेजरी बिलको ५२ पटक, १८२ दिने ट्रेजरी बिलको १६ पटक र ३६४ दिने ट्रेजरी बिलको २५ पटक बोलकबोल गरिएको थियो । २८ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम ०.२१८७ प्रतिशत, अधिकतम ३.४३०६ प्रतिशतसम्म रही वार्षिक औसत २.३४९० प्रतिशत, ९१ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम ०.४९०२ प्रतिशत, अधिकतम ४.१००० प्रतिशत रही वार्षिक औसत २.८७५७ प्रतिशत, १८२ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम १.५००० प्रतिशत, अधिकतम ४.९००२ प्रतिशत रही वार्षिक औसत ३.३६०९ प्रतिशत रहन गयो । त्यस्तै ३६४ दिने ट्रेजरी बिलको भारित बोलकबोल बट्टादर न्यूनतम २.४२०० प्रतिशत, अधिकतम ५.३४०० प्रतिशतसम्म पुगी औसत वार्षिक बट्टादर ३.७२७३ प्रतिशत रहन गयो ।

२४. दोस्रो बजार कारोवारलाई बिस्तार गर्न तथा प्रगाढ बनाउन गत वर्षहरुमा प्रयोगमा ल्याइएको रिपो, सोझै बिक्री, सोझै खरिद र क्रमिक (tap) बिक्रीजस्ता संयन्त्रहरुलाई कायमै राखिएको छ । साथै, नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७५ को उपदफा (७) वमोजिम नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहने ऋणपत्रको कुल रकम अघिल्लो आर्थिक वर्षको राजश्व आयको दश प्रतिशत भन्दा बढी हुन नहुने भएकोले दोश्रो बजार अन्तर्गत बैंकको स्वामित्वमा रहेको ऋणपत्रको बिक्री कारोवारलाई अझ तिब्रता दिइएको छ । फलस्वरुप, गत वर्षको तुलनामा समीक्षा वर्षको अन्तमा यस्तो रकममा २६.३ प्रतिशतले कमी आई रु. १५ अर्ब १३ करोड २० लाख कायम भएको छ ।

२५. समीक्षा वर्षमा नेपाली रुपैयाँको अमेरिकी डलरसँगको विनिमयदरमा सामान्य अधिमूल्यन भएको छ । २०६१ आषाढ मसान्तमा २०६० आषाढ मसान्तको तुलनामा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.८ प्रतिशतले अधिमूल्यन भई एक अमेरिकी डलरको खरिद र बिक्री दर क्रमशः रु. ७४।१४ र रु. ७४।७५ कायम भएको छ । २०६० आषाढ मसान्तमा उक्त दरहरु क्रमशः रु. ७४।७५ र रु. ७५।३४ थिए ।

## वित्तीय संस्थाहरु

२६. २०६१ आषाढमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त १७ वाणिज्य बैंकहरु, २० विकास बैंकहरु, ५ ग्रामीण विकास बैंकहरु, ५९ वित्त कम्पनीहरु, २१ सीमित बैंकिङ्ग कारोबार गर्ने सहकारी संस्थाहरु र ४४ लघुकर्जा कारोबार गर्ने गैरसरकारी संस्थाहरु कार्यरत छन (तालिका १.४) । २०६० आषाढमा यस्ता बैंक तथा वित्तीय संस्थाहरुको संख्या क्रमशः १७, १७, ५, ५७, ३४ र ४० रहेको थियो ।

२७. समीक्षा वर्षमा वित्तीय संस्थाहरुको समष्टिगत कर्जा असूलीमा प्रगति भएको छ । विकास बैंक, वित्त कम्पनी, कर्मचारी सञ्चय कोष र बीमा कम्पनीहरुको गत वर्ष झैं यस वर्ष पनि साधन परिचालनमा महत्वपूर्ण भूमिका रह्यो । नेपाल औद्योगिक विकास निगमलाई साधनको अभाव हुन गई थप कर्जा प्रवाहमा समस्या देखिएको छ । वित्त कम्पनीहरुको बचत संकलन र कर्जा प्रवाहमा वृद्धि भएको छ । शान्तिसुरक्षाको समस्याका वावजूद पनि ग्रामीण विकास बैंकहरुको कर्जा प्रवाह र असूली दुबैमा प्रगति देखिएको छ । १० वटा साना किसान सहकारी संस्था साना किसान विकास

बैंकलाई हस्तान्तरण गरिएको र २ वटाको दर्ता खारेज भएकाले सहकारी संस्थाहरुको संख्या घटेको छ । धितोपत्र बजारमा गत वर्षको तुलनामा रकमगत र मूल्यगत शेयर कारोवार बढ्नुका साथै शेयरको मूल्यमा पनि सुधार भएको छ ।

## विकास बैंक

२८. समीक्षा वर्षमा कृषि विकास बैंकको कर्जा वितरण ०.३ प्रतिशत (रु. ३ करोड ४० लाख) ले वृद्धि भई रु. १० अर्ब १४ करोड ९० लाख पुगेको छ (तालिका १.५) । गत वर्ष यस्तो कर्जा १३.८ प्रतिशत (रु. १ अर्ब २२ करोड ६० लाख) ले वृद्धि भई रु. १० अर्ब ११ करोड ५० लाख रहेको थियो । यसैगरी, कर्जा असूली ११.० प्रतिशत (रु. ८९ करोड ७० लाख) ले वृद्धि भई रु. ९ अर्ब ५ करोड पुगेको छ । गत वर्ष उक्त रकम १६.५ प्रतिशत (रु. १ अर्ब १५ करोड ६० लाख) ले वृद्धि भई रु. ८ अर्ब १५ करोड ४० लाख पुगेको थियो । समीक्षा वर्षको अन्त्यमा यस बैंकको कुल उठाउन बाँकी कर्जा रु. १९ अर्ब ७३ करोड ३० लाख पुगेको छ जुन गत वर्षको तुलनामा ५.९ प्रतिशतले बढी छ ।

२९. समीक्षा वर्षमा नेपाल औद्योगिक विकास निगमको कर्जा असूलीमा वृद्धि भएको छ भने वितरणमा ह्रास भएको छ । निगमको कर्जा वितरण समीक्षा वर्षमा ३९.० प्रतिशत (रु. १ करोड ४० लाख) ले ह्रास भई रु. २ करोड २० लाखमा झरेको छ । गत वर्ष यस्तो कर्जा वितरणमा ५२.५ प्रतिशत (रु. ४ करोड) ले ह्रास आएको थियो । यसैगरी कर्जा असूलीतर्फ समीक्षा वर्षमा १४.८ प्रतिशत (रु. १ करोड ३० लाख) ले वृद्धि भई रु. १० करोड ३० लाख पुगेको छ । गत वर्ष असूलीमा ४५.५ प्रतिशत (रु. ७ करोड ५० लाख) ले ह्रास आएको थियो । समीक्षा वर्षको अन्त्यमा निगमको उठाउन बाँकी कुल कर्जा रु. २ अर्ब २ करोड ४० लाख रहेको छ ।

## वित्त कम्पनी

३०. २०६० आषाढमा वित्त कम्पनीहरुको संख्या ५७ रहेकोमा २०६१ आषाढमा यो संख्या ५९ पुगेको छ । वित्त कम्पनीहरुको समष्टिगत वित्तीय साधन २०६० आषाढको तुलनामा २०६१ आषाढमा उल्लेखनीय रुपमा २२.९ प्रतिशत (रु. ५ अर्ब ६ करोड ९० लाख) ले वृद्धि भई रु. २७ अर्ब १८ करोड ५० लाख पुगेको छ (तालिका १.६) । २०६० आषाढमा वित्त कम्पनीहरुको कुल साधन रु. २२ अर्ब ११ करोड ६० लाख रहेको थियो । वित्त कम्पनीहरुको साधनको प्रमुख स्रोत निक्षेप २०६० आषाढको तुलनामा १७.१ प्रतिशत (रु. २ अर्ब ८२ करोड १० लाख) ले वृद्धि भई २०६१ आषाढमा रु. १९ अर्ब ३३ करोड १० लाख पुगेको छ । त्यस्तै पूँजीकोष सोही अवधिमा १३.२ प्रतिशत (रु. ४२ करोड ३० लाख) ले वृद्धि भई रु. ३ अर्ब ६२ करोड ८० लाख पुगेको छ । २०६० आषाढमा यस्तो निक्षेप तथा पूँजी कोष क्रमशः रु. १६ अर्ब ५१ करोड र रु. ३ अर्ब २० करोड ५० लाख रहेको थियो । समीक्षा वर्षमा वित्त कम्पनीहरुले लिएको सापटीमा ९.७ गुणा (रु. १ अर्ब १७ करोड २० लाख) ले वृद्धि भई २०६१ आषाढमा रु. १ अर्ब ३० करोड ७० लाख पुगेको छ । गत वर्षको तुलनामा वित्त कम्पनीहरुको अन्य साधन समेत करिब २४.८ प्रतिशत (रु. ४४ करोड ३० लाख) ले वृद्धि भई २०६१ आषाढमा रु. २ अर्ब २३ करोड २० लाख पुगेको छ।

३१. वित्त कम्पनीहरुको समष्टिगत साधनको उपयोगको समीक्षा गर्दा कर्जा तथा सापटी गत वर्षको तुलनामा २१.६ प्रतिशत (रु. ३ अर्ब १२ करोड ६० लाख) ले वृद्धि भई २०६१ आषाढमा रु. १७ अर्ब ६० करोड पुगेको छ । २०६० आषाढमा यस्तो कर्जा तथा सापटी रु. १४ अर्ब ४७ करोड ४० लाख रहेको थियो । २०६० आषाढको तुलनामा २०६१ आषाढमा वित्त कम्पनीहरुको लगानी ४.४ प्रतिशत (रु. १० करोड ४० लाख) ले वृद्धि भई रु. २ अर्ब ४९ करोड ७० लाख पुगेको छ । २०६० आषाढमा सो लगानी रु. २ अर्ब ३९ करोड २० लाख रहेको थियो । २०६० आषाढको तुलनामा वित्त कम्पनीहरुको तरल सम्पत्तिमा ६५.० प्रतिशत (रु. १ अर्ब ७३ करोड ९० लाख) ले वृद्धि भई २०६१ आषाढमा रु. ४ अर्ब ४१ करोड ३० लाख पुगेको छ । यसैगरी अन्य उपयोग शीर्षकको रकम ३.९ प्रतिशत (रु. १० करोड) ले वृद्धि भई २०६१ आषाढमा रु. २ अर्ब ६७ करोड ६० लाख पुगेको छ ।

## सहकारी संस्था

३२. नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त सहकारी संस्थाहरुको संख्या गत वर्ष ३४ रहेकोमा २०६१ आषाढ मसान्तमा २१ मा सीमित रहेको छ । फलस्वरुप समीक्षा वर्षमा यी सहकारी संस्थाहरुको वित्तीय साधनमा ह्रास आएको छ । समीक्षा वर्षमा त्यस्ता सहकारी संस्थाहरुको कुल पूँजी कोष ९.८ प्रतिशत (रु. २ करोड ७० लाख) ले ह्रास भई रु. २४ करोड ६० लाख रहेको छ (तालिका १.७) । उक्त पूँजी कोष गत वर्ष रु. २७ करोड ३० लाख रहेको थियो । यसैगरी समीक्षा वर्षमा सहकारी संस्थाहरुको निक्षेप संकलन १३.४ प्रतिशत (रु. २५ करोड ७० लाख) ले ह्रास भई रु. १ अर्ब ६६ करोड ७० लाख रहेको छ भने सापटीतर्फ पनि ३७.८ प्रतिशत (रु. २ करोड ५० लाख) ले ह्रास भई रु. ४ करोड १० लाख रहको छ । समीक्षा वर्षमा यी संस्थाहरुको कर्जा तथा सापटी ११.३ प्रतिशत (रु. १६ करोड ५० लाख) ले ह ह्रास भई रु. १ अर्ब २९ करोड ८० लाख रहेको छ । सीमित बैंकिङ कारोवार गर्ने सहकारी संस्थाहरुले श्री ५ को सरकारका धितोपत्रहरु, मुद्दती खाता र अन्य क्षेत्रहरुमा रु. १८ करोड २० लाख लगानी गरेका छन् ।

# पूँजी बजार

## धितोपत्र

३३. गत वर्षको अन्त्यमा सूचीकृत कम्पनीहरुको संख्या १०८ रहेकोमा २०६१ आषाढ मसान्तमा सूचीकृत कम्पनीहरुको संख्या ११४ पुगेको छ (तालिका १.८) । सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी गत वर्ष रु. ११ अर्ब ८९ करोड ८० लाख रहेकोमा समीक्षा वर्षमा १.० प्रतिशत (रु. १ करोड २० लाख) ले वृद्धि भई रु. १२ अर्ब १ करोड ६० लाख पुगेको छ । गत वर्ष धितोपत्र बजारमा कुल रु. ५७ करोड ६० लाख मूल्यको शेयर कारोबार भएकोमा समीक्षा वर्षमा यस्तो कारोवार ३.७ गुणाले वृद्धि भई २ अर्ब १४ करोड ४३ लाख पुगेको छ ।

३४. २०६० आषाढ मसान्तमा रु. ३५ अर्ब २४ करोड रहेको बजार पूँजीकरण (Market Capitalization) २०६१ आषाढ मसान्तमा १७.५ प्रतिशत (रु. ६ अर्ब १८ करोड ४० लाख) ले वृद्धि भई रु. ४१ अर्ब ४२ करोड ५० लाख पुगेको छ । समीक्षा वर्षमा बैंक तथा वित्तीय क्षेत्रका कम्पनीहरुको शेयरको मूल्यमा वृद्धि भएको हुँदा २०६० आषाढ मसान्तमा २०४.९ पुगेको नेप्से परिसूचक २०६१ आषाढ मसान्तमा १७.१ बिन्दुले बढ्न गई २२२.० पुगेको छ ।

चार्ट १.६
शेयर मूल्य स्थिति




३५. समीक्षा वर्षमा वार्षिक कारोवार रकमसँगको चुक्ता पूँजी र बजार पूँजीकरण रकमको अंश बढ्न गएको छ । गत वर्ष कुल कारोबार रकम/ चुक्ता पूँजी अनुपात ४.८ प्रतिशत र कुल कारोबार रकम/ बजार पूँजीकरण अनुपात १.६ प्रतिशत रहेकोमा समीक्षा वर्षमा यी अनुपातहरु क्रमशः १७.८ र ५.२ प्रतिशत पुगेका छन् । यसैगरी कुल गार्हस्थ्य उत्पादनमा बजार पूँजीकरणको अनुपात गत वर्ष ८.१ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ८.८ प्रतिशत पुगेको छ । चुक्ता पूँजीको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २.७ प्रतिशतबाट घटेर २.५ प्रतिशतमा ओर्लेको छ ।

## सरकारी सुरक्षणपत्र

३६. समीक्षा वर्षमा विकास ऋणपत्र रु. २ अर्ब, राष्ट्रिय बचतपत्र रु. ९० करोड, ट्रेजरी बिल रु. २ अर्ब ४६ करोड, विशेष ऋणपत्र रु. २० करोड ५० लाख तथा नागरिक बचतपत्र रु. २४ करोड ८० लाख गरी जम्मा रु. ५ अर्ब ८१ करोड ३० लाखको ऋणपत्रहरु निष्काशन गरिएको छ । समीक्षा वर्षमा निष्काशित कुल आन्तिरिक ऋण मध्ये बैंकिङ्ग क्षेत्रबाट ६३.८ प्रतिशत र गैर-बैंकिङ्ग क्षेत्रबाट ३६.२ प्रतिशत उठाइएको छ । कुल निष्काशित रकममध्ये प्रथम त्रयमासमा ६.७ प्रतिशत, दोश्रो त्रयमासमा १३.७ प्रतिशत, तेश्रो त्रयमासमा २४.२ प्रतिशत र चौथो त्रयमासमा ५५.४ प्रतिशत बराबरका ऋणपत्रहरु निष्काशन गरिएको छ । गत वर्ष कुल रु. ९ अर्बका ऋणपत्रहरु निष्काशन गरिएको थियो ।

३७. निष्काशन भएका ऋणपत्रहरुमध्ये व्यक्तिहरुका लागि निष्काशन गरिएका ऋणपत्रहरु (राष्ट्रिय बचतपत्र र नागरिक बचतपत्र) को रकम गत वर्षको तुलनामा घटेको छ भने बैंक तथा वित्तीय संस्थाहरुका लागि निष्काशन गरिएको ऋणपत्रहरु (विकास ऋणपत्र, ट्रेजरी बिल) को रकम बढेको छ ।

३८. २०६१ आषाढ मसान्तमा ट्रेजरी बिल रु. ९ अर्ब ८० करोड ४० लाख, विकास ऋणपत्र रु. ४ अर्ब १ करोड ४० लाख, विशेष ऋणपत्र रु. ८६ करोड ४० लाख, राष्ट्रिय बचतपत्र रु. ४० करोड ४० लाख तथा नागरिक बचतपत्र रु. ४ करोड ६० लाख गरी नेपाल राष्ट्र बैंकको स्वामित्वमा रु. १५ अर्ब १३ करोड २० लाख बराबरका ऋणपत्रहरु रहेका छन् । गत वर्षको तुलनामा समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ऋणपत्रको कुल रकममा २६.३ प्रतिशतले कमी आएको छ ।

३९. यस बैंकको स्वामित्वमा रहेको ऋणपत्रको रकममध्ये नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७५(७) बमोजिमको सीमाभित्र गणना हुने रकम जम्मा रु. ६ अर्ब ८१ करोड ७० लाख अर्थात् गत वर्षको खुद राजश्व आय (अधिविकर्ष प्रयोजनको लागि) को १२.६ प्रतिशत रहेको छ । निष्काशन भएको ऋणपत्र पूर्णरुपमा बिक्री नभएको तथा श्री ५ को सरकारबाट समयमै भुक्तानी प्राप्त नभएकोले यसरी सीमाभन्दा बढी रकम रहन गएको हो ।

**तालिका १.४**

## वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको नामावली

(२०६१ आषाढ)

| **वाणिज्य बैंक** | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | नेपाल बैंक लि. @ | काठमाडौं | २. | राष्ट्रिय वाणिज्य बैंक | काठमाडौं |
| ३. | नविल बैंक लि. @ | काठमाडौं | ४. | नेपाल इन्भेष्टमेण्ट बैंक लि. @ | काठमाडौं |
| ५. | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि.@ | काठमाडौं | ६. | हिमालयन बैंक लि.@ | काठमाडौं |
| ७. | नेपाल एस.बी.आई. बैंक लि.@ | काठमाडौं | ८. | नेपाल बंगलादेश बैंक लि.@ | काठमाडौं |
| ९. | एभरेष्ट बैंक लि.@ | काठमाडौं | १०. | बैंक अफ काठमाण्डू लि.@ | काठमाडौं |
| ११. | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. | सिद्धार्थनगर | १२. | नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.@ | विराटनगर |
| १३. | लुम्बिनी बैंक लि. | नारायणगढ | १४. | माछापुच्छ्रे बैंक लि. | पोखरा |
| १५. | कुमारी बैंक लि. | काठमाडौं | १६. | लक्ष्मी बैंक लि. | वीरगञ्ज |
| १७. | सिद्धार्थ बैंक लि. | काठमाडौं | | | |
| **विकास बैंक** | | | | | |
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | कृषि विकास बैंक | काठमाडौं | २. | नेपाल औद्योगिक विकास निगम | काठमाडौं |
| ३. | नेपाल विकास बैंक लि.@ | काठमाडौं | ४. | उद्यम विकास बैंक लि. | चितवन |
| ५. | निर्धन उत्थान बैंक लि. | सिद्धार्थनगर | ६. | मालिका विकास बैंक लि. | कैलाली |
| ७. | रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेन्टर | काठमाडौं | ८. | सिद्धार्थ विकास बैंक लि. | बुटवल |
| ९. | डेभलपमेण्ट क्रेडिट बैंक लि.@ | काठमाडौं | १०. | युनाइटेड विकास बैंक लि. | बारा |
| ११. | नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लि. | काठमाडौं | १२. | डिप्रोक्स विकास बैंक लि. | चितवन |
| १३. | नारायणी औद्योगिक विकास बैंक लि. | चितवन | १४. | छिमेक विकास बैंक लि. | हेटौंडा |
| १५. | स्वावलम्बन विकास बैंक लि. | जनकपुर | १६. | साना किसान विकास बैंक लि. | काठमाडौं |
| १७. | पश्चिमाञ्चल विकास बैंक लि. | रुपन्देही | १८. | सहयोगी विकास बैंक लि. | जनकपुर |
| १९. | पशुपति विकास बैंक लि. | बनेपा | २०. | कर्णाली विकास बैंक लि. | नेपालगंज |
| **ग्रामीण विकास बैंक** | | | | | |
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | पूर्वाञ्चल ग्रामीण विकास बैंक लि. | विराटनगर | २. | सुदूर-पश्चिमाञ्चल विकास बैंक लि. | धनगढी |
| ३. | पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | बुटवल | ४. | मध्य-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. | नेपालगंज |
| ५. | मध्यमाञ्चल ग्रामीण विकास बैंक लि. | जनकपुर | | | |

| वित्त कम्पनी | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | नेपाल आवास विकास वित्त कम्पनी लि.@ | काठमाडौं | २. | नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.@ | काठमाडौं |
| ३. | एन.आई.डी.सी. क्यापिटल मार्कट लि.@ | काठमाडौं | ४. | नेशनल फाइनान्स कम्पनी लि.@ | काठमाडौं |
| ५. | अन्नपूर्ण फाइनान्स कम्पनी लि.@ | पोखरा | ६. | नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि.@ | काठमाडौं |
| ७. | पिपल्स फाइनान्स लि. @ | काठमाडौं | ८. | मर्कण्टाइल फाइनान्स कम्पनी लि. | वीरगञ्ज |
| ९. | काठमाडौं फाइनान्स लि. @ | काठमाडौं | १०. | हिमालय फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि. | काठमाडौं |
| ११. | युनियन फाइनान्स कम्पनी लि. @ | काठमाडौं | १२. | नारायणी फाइनान्स लि. @ | भरतपुर |
| १३. | गोरखा फाइनान्स कम्पनी लि. @ | वीरगञ्ज | १४. | पश्चिमाञ्चल फाइनान्स कम्पनी लि.@ | बुटवल |
| १५. | नेपाल हाउजिङ्ग एण्ड लिजिङ्ग फाइनान्स लि. @ | काठमाडौं | १६. | युनिभर्सल फाइनान्स लि. | काठमाडौं |
| १७. | सम्झना फाइनान्स कम्पनी लि. @ | काभ्रे | १८. | गुडविल फाइनान्स लि. | काठमाडौं |
| १९. | श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कं.लि.@ | काठमाडौं | २०. | सिद्धार्थ फाइनान्स लि. | सिद्धार्थनगर |
| २१. | लुम्बिनी फाइनान्स एण्ड लिजिङ्ग कं.लि.@ | काठमाडौं | २२. | इन्भेष्टा फाइनान्स लि. | वीरगञ्ज |
| २३. | यती फाइनान्स कम्पनी लि.@ | हेटौंडा | २४. | स्टैण्डर्ड फाइनान्स लि. | काठमाडौं |
| २५. | एस फाइनान्स कम्पनी लि. @ | काठमाडौं | २६. | इण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कं.लि.@ | काठमाडौं |
| २७. | महालक्ष्मी फाइनान्स लि.@ | काठमाडौं | २८. | ललितपुर फाइनान्स कम्पनी लि.@ | काठमाडौं |
| २९. | युनाइटेड फाइनान्स कं. लि. | काठमाडौं | ३०. | मर्चेण्ट फाइनान्स कम्पनी लि. | काठमाडौं |
| ३१. | भाजुरत्न फाइनान्स एण्ड सेभिङ्ग कं.लि. | काठमाडौं | ३२. | जनरल फाइनान्स लि.@ | काठमाडौं |
| ३३. | नेपाल श्रीलंका मर्चेण्ट बैंक लि.@ | काठमाडौं | ३४. | एल्पीक एभरेष्ट फाइनान्स लि.@ | काठमाडौं |
| ३५. | नेपाल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.@ | काठमाडौं | ३६. | नवदुर्गा फाइनान्स कम्पनी लि. | भक्तपुर |
| ३७. | पोखरा फाइनान्स लि.@ | पोखरा | ३८. | जानकी फाइनान्स कम्पनी लि.@ | जनकपुर |
| ३९. | सेन्ट्रल फाइनान्स कम्पनी लि. | ललितपुर | ४०. | प्रिमियम फाइनानस कम्पनी लि. | ललितपुर |
| ४१. | अरुण फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि. | धरान | ४२. | मल्टीपरपस सेविङ्गस् एण्ड इन्भेष्टमेण्ट कम्पनी लि. | राजविराज |
| ४३. | बुटवल फाइनान्स लि. | बुटवल | ४४. | नेपाल बंगलादेश फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लि.@ | विराटनगर |
| ४५. | सृजना फाइनेन्स लि. | लाहान | ४६. | ओम फाइनान्स लि. | पोखरा |
| ४७. | कस्मिक मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं | ४८. | वर्ल्ड मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी | हेटौंडा |
| ४९. | क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं | ५०. | क्रिष्टल फाइनान्स लि. | काठमाडौं |
| ५१. | रोयल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं | ५२. | गुह्येश्वरी मर्चेण्ट बैंकङ्गि एण्ड फाइनान्स लि. | ललितपुर |
| ५३. | पाटन फाइनान्स कम्पनी लि. | ललितपुर | ५४. | किष्ट मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं |
| ५५. | फेवा फाइनान्स कम्पनी लि. | पोखरा | ५६. | एभरेष्ट फाइनान्स लि. | सिद्धार्थन |
| ५७. | वीरगञ्ज फाइनान्स लि. | वीरगञ्ज | ५८. | प्रुडेन्सीयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | काठमाडौं |
| ५९. | इन्भेष्टमेन्ट क्रेडिट एण्ड फाइनान्स कं. लि. | काठमाडौं | | | |
| सहकारी संस्था (सीमित बैंकिङ्ग कारोवार गर्ने) | | | | | |
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | नवजीवन सहकारी संस्था लि. | धनगढी | २. | नव क्षितिज सहकारी संस्था लि. | काठमाडौं |
| ३. | सगुन सहकारी संस्था लि. | काठमाडौं | ४. | नेपाल सहकारी वित्तीय संस्था लि. | काठमाडौं |
| ५. | मकालु यातायात सहकारी संस्था लि. | विराटनगर | ६. | द सहारा लोन, सेविङ्ग एण्ड इन्भेष्टेण्ट कोअपरेटिभस् सोसाइटी | मलंगवा |
| ७. | विन्दवासिनी बचत तथा ऋण सहकारी संस्था लि. | काभ्रे | ८. | महिला सहकारी संस्था लि. | काठमाडौं |
| ९. | नेपाल वहुउद्देश्यीय सहकारी संस्था लि. | झापा | १०. | राजश्री सेविङ्गस् एण्ड इन्भेष्टमेण्ट को-अपरेटिभ सोसाइटी लि. | सर्लाही |
| ११. | सहकारी वित्तीय विकास संस्था लि. | नेपालगञ्ज | १२. | श्री मनकामना सहकारी संस्था लि. | काभ्रे |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | भेरी सहकारी संस्था लि. | नेपालगञ्ज | १४. | विकु बचत तथा ऋण सहकारी संस्था लि. | नवलपरासी |
| १५. | अमरावती वहुउद्देश्यीय सहकारी संस्था लि. | काठमाडौं | १६. | किसान वहुउद्देश्यीय सहकारी संस्था लि. | कैलाली |
| १७. | युनाइटेड बचत तथा ऋण सहकारी संस्था लि. | काठमाडौं | १८. | हिमालय सहकारी संस्था लि. | काठमाडौं |
| १९. | स्टार वहुउद्देश्यीय वत तथा ऋण सहकारी संस्था लि. | काठमाडौं | २०. | यति बचत तथा ऋण सहकारी संस्था लि. | काठमाडौं |
| २१. | उपकार बचतकोष तथा ऋण सहकारी संस्था लि. | स्याङ्जा | | | |
| **गैर-सरकारी संस्था (लघुकर्जा कारोवार गर्ने)** | | | | | |
| क्र.सं. | | के.का. | क्र.सं. | | के.का. |
| १. | नेपाल ग्रामीण विकास समाज केन्द्र | विराटनगर | २. | नेपाल ग्रामीण विकास संस्था | काठमाडौं |
| ३. | नेपाल सिकारा ग्रामीण विकास कार्यक्रम | चितवन | ४. | चारतारे युवा क्लव | बाग्लुङ्ग |
| ५. | महुली सामुदायिक विकास केन्द्र | सप्तरी | ६. | सामुहिक युवा क्लव | बर्दिया |
| ७. | सामुदायिक महिला विकास केन्द्र | सप्तरी | ८. | ग्रामीण समुदायको लागि योजना प्रत्याभूति समूह नेपाल (प्याटोन) | धनकुटा |
| ९. | ग्रामीण जागरण मञ्च | बाग्लुङ्ग | १०. | सर्वोदय ग्रामीण विकास संघ | सप्तरी |
| ११. | जनजागरण मञ्च | रसुवा | १२. | राष्ट्रिय शैक्षिक तथा सामुदायिक विकास संस्था (नेरुडो) | पर्वत |
| १३. | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र | बाग्लुङ्ग | १४. | नेपाल वातावरण तथा प्रदुषण उन्मूलन युनेस्को क्लब (नेपाल) | काठमाडौं |
| १५. | विकासका लागि स्थानीय स्वयंसेवकहरुको प्रयास (सल्भ) | धनकुटा | १६. | नेपाल महिला उद्यमी संघ | ललितपुर |
| १७. | महिला अधिकार तथा विकास केन्द्र | काठमाडौं | १८. | मानुषी | काठमाडौं |
| १९. | जीवन विकास समाज | मोरङ्ग | २०. | नारी उत्थान तथा बालबालिका संरक्षण संघ | सप्तरी |
| २१. | महिला आदर्श सेवा केन्द्र | काठमाडौं | २२. | पाटन विजिनेस एण्ड प्रोफेसनल वीमेन | ललितपुर |
| २३. | नारी उत्थान केन्द्र | चितवन | २४. | महिला स्वावलम्बन समाज | चितवन |
| २५. | नेपाल महिला उत्थान केन्द्र | ललितपुर | २६. | भगवान युवा क्लब | काठमाडौं |
| २७. | श्रृजनात्मक महिला वातावरण विकास संस्था | काठमाडौं | २८. | श्रृजना सामुदायिक विकास केन्द्र | सिरहा |
| २९. | सृजना विकास केन्द्र | पोखरा | ३०. | सिगाना युवा क्लब | बागलुङ्ग |
| ३१. | घरेलु तथा साना उद्योग संघ | काठमाडौं | ३२. | ग्रामीण क्षेत्र विकास तथा अनुसन्धान | पर्वत |
| ३३. | आदर्श युवक क्लब | भक्तपुर | ३४. | सोसाईटी वेलफेयर एक्सन नेपाल (स्वान) | दाङ्ग |
| ३५. | सोसल अपग्रेड इनभेष्ट अफ एजुकेशनल रिजन | दाङ्ग | ३६. | नेपाल महिला सामुदायिक सेवा केन्द्र | दाङ्ग |
| ३७. | ग्रामीण महिला उत्सुकता विकास मञ्च | सुनसरी | ३८. | ग्रामीण महिला विकास संस्था | दाङ्ग, |
| ३९. | आमा समाज संघ | चितवन | ४०. | ग्रामीण महिला उत्थान केन्द्र | दाङ्ग, |
| ४१ | खुर्कोट युवा क्लव | पर्वत | ४२. | थारु तथा राजी महिला समाज | कैलाली |
| ४३. | नारी अभ्युदय केन्द्र | चितवन | ४४. | महिला उपकार मञ्च | बाँके |

हुलाक सेवा विभागद्वारा सञ्चालित हुलाक बचत बैंकहरु (बचत निक्षेप तथा आन्तरिक लगानी मात्र) : ११७ #

\# (२०६० चैत्र मसान्तसम्म)

@ सर्वसाधारणमा शेयर निष्काशन गरिसकेका बैंक तथा वित्तीय संस्थाहरु।

**तालिका १.५**

## कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमको कर्जा कारोवार

(रु. करोडमा)

| | आषाढ मसान्त | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०५९ | २०६० | २०६१[अ] | २०५९।६० | २०६०।६१ | २०५९।६० | २०६०।६१ |
| **कृषि विकास बैंक** | | | | | | | |
| कर्जा वितरण | ८८८.९ | १,०११.५ | १,०१४.९ | १२२.६ | ३.४ | १३.८ | ०.३ |
| कर्जा असूली | *६९९.८* | *८१५.४* | *९०५.०* | *११५.६* | *८९.७* | *१६.५* | *११.०* |
| बक्यौता | *१,६६७.४* | *१,८६३.५* | *१,९७३.३* | *१९६.१* | *१०९.९* | *११.८* | *५.९* |
| **नेपाल औद्योगिक विकास निगम** | | | | | | | |
| कर्जा वितरण | ७.७ | ३.७ | २.२ | (४.१) | (१.४) | (५२.५) | (३९.०) |
| कर्जा असूली | *१६.५* | *९.०* | *१०.३* | *(७.५)* | *१.३* | *(४५.५)* | *१४.८* |
| बक्यौता | *१९९.६* | *१९२.१* | *२०२.४* | *(७.५)* | *१०.३* | *(३.८)* | *५.४* |

अ    अपरिष्कृत ।

**तालिका १.६**

## वित्त कम्पनीहरुको वित्तीय साधन तथा उपयोग

(रु. करोडमा)

| | आषाढ मसान्त | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०५९ | २०६० | २०६१[अ] | २०५९।६० | २०६०।६१ | २०५९।६० | २०६०।६१ |
| **साधन** | | | | | | | |
| पूँजी कोष | २६६.२ | ३२०.५ | ३६२.८ | ५४.३ | ४२.३ | २०.४ | १३.२ |
| निक्षेप | १,३४५.४ | १,६५१.० | १,९३३.१ | ३०५.६ | २८२.१ | २२.७ | १७.१ |
| सापटी | *२४.५* | *१३.४* | *१३०.७* | *-११.१* | *११७.२* | *-४५.१* | *८७२.८* |
| अन्य | *१८२.६* | *१७८.९* | *२२३.२* | *-३.७* | *४४.३* | *-२.०* | *२४.८* |
| नाफा नोक्सान हिसाव | *२६.६* | *४७.८* | *६८.८* | *२१.२* | *२१.०* | *७९.५* | *४३.९* |
| **साधन = उपयोग** | ***१,८४५.३*** | ***२,२११.७*** | ***२,७१८.५*** | ***३६६.४*** | ***५०६.८*** | ***१९.९*** | ***२२.९*** |
| **उपयोग** | | | | | | | |
| तरल कोष | २८६.२ | २६७.४ | ४४१.३ | -१८.८ | १७३.९ | -६.६ | ६५.० |
| लगानी | *१६२.३* | *२३९.२* | *२४९.७* | *७६.९* | *१०.४* | *४७.४* | *४.४* |
| कर्जा तथा सापटी | १,१९५.० | १,४४७.४ | १,७६०.० | २५२.४ | ३१२.६ | २१.१ | २१.६ |
| अन्य | *२०१.७* | *२५७.६* | *२६७.६* | *५५.९* | *१०.०* | *२७.७* | *३.९* |

**तालिका १.७**

## सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्थाहरुको वित्तीय साधन तथा उपयोग

(रु. करोडमा)

| | आषाढ मसान्त | | | रकम परिवर्तन | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०५९ | २०६० | २०६१[अ] | २०५९।६० | २०६०।६१ | २०५९।६० | २०६०।६१ |
| **साधन** | | | | | | | |
| पूँजी कोष | २४.७ | २७.३ | २४.६ | २.६ | -२.७ | १०.६ | -९.८ |
| निक्षेप | १५७.१ | १९२.५ | १६६.७ | ३५.४ | -२५.७ | २२.५ | -१३.४ |
| सापटी | ५.९ | ६.६ | ४.१ | ०.८ | -२.५ | १३.१ | -३७.८ |
| अन्य | ४१.४ | ३९.५ | ४२.८ | -१.९ | ३.३ | -४.६ | ८.४ |
| नाफा नोक्सान हिसाव | ०.५ | -०.८ | -४.१ | -१.३ | -३..३ | -२६५.३ | ४११.१ |
| **साधन = उपयोग** | **२२९.५** | **२६५.०** | **२३४.१** | **३५.६** | **-३०.९** | **१५.५** | **-११.७** |
| **उपयोग** | | | | | | | |
| तरल कोष | ४४.९ | ३८.९ | ४१.३ | -६.० | २.४ | -१३.३ | ६.२ |
| लगानी | १८.९ | २५.२ | १८.२ | ६.३ | -७.० | ३३.४ | -२७.९ |
| कर्जा तथा सुविधा | १३१.४ | १४६.३ | १२९.८ | १५.० | -१६.५ | ११.४ | -११.३ |
| अन्य | ३४.४ | ५३.२ | ४४.८ | १८.८ | -८.४ | ५४.८ | -१५.७ |
| नाफा नोक्सान हिसाव | ०.० | १.४ | ०.० | १.४ | -१.४ | | -१००.० |

सीमित बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त सहकारी संस्थाहरुको संख्या २०५९ आषाढ मसान्तमा ३४, २०६० आषाढ मसान्तमा ३४ र २०६१ आषाढ मसान्तमा २१ रहेको ।

**तालिका १.८**

## शेयर बजार परिसूचक

(रु. करोडमा)

| क्र.सं | | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ |
| १. | सूचीकृत कम्पनीको संख्या | ९६ | १०८ | ११४ |
| २. | सूचीकृत कम्पनीको चुक्ता पूँजी (रु. करोडमा) | ८६८.० | ११८९.८ | १२०१.६ |
| ३. | कुल बजार पूँजीकरण (रु. करोडमा) | ३४७०.४ | ३५२४.० | ४१४२.५ |
| ४. | वार्षिक कारोबार रकम (रु. करोडमा) | १५४.१ | ५७.६ | २१४.४ |
| ५. | कारोबार भएको दिन | २४६ | २३८ | २४३ |
| ६. | कारोबार भएको कम्पनीको संख्या | ६९ | ८० | ९२ |
| ७. | कारोबार संख्या | ४२०२८ | ६९१६३ | ८५५३३ |
| ८. | सूचीकृत शेयर संख्या (हजारमा) | १२२,६८५ | १५९,९५८ | १६१,१४१ |
| ९. | चुक्ता पूँजी र कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशत) | २.१ | २.७ | २.५ |
| १०. | कारोबार रकम र चुक्ता पूँजी अनुपात (प्रतिशत) | १७.७ | ४.८ | १७.८ |
| ११. | कारोबार रकम र बजार पूँजीकरण अनुपात (प्रतिशत) | ४.४ | १.६ | ५.२ |
| १२. | बजार पूँजीकरण र गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशत) | ८.६ | ८.१ | ८.८ |
| १३. | नेप्से परिसूचक (कारोबार बन्द हुँदा) | २२७.५ | २०४.९ | २२२.० |

स्रोतः– नेपाल स्टक एक्सचेञ्ज लिमिटेड ।

# कुल गार्हस्थ्य उत्पादन

४०. मौसमी अनुकुलताको कारण समीक्षा वर्षमा प्रमुख खाद्यान्नबाली अन्तर्गत धानको उत्पादन ७.८ प्रतिशतले वृद्धि भएकोले समग्रमा कृषि क्षेत्रको उत्पादन ३.७ प्रतिशतले वृद्धि भएको छ । मुलुकको आन्तरिक सुरक्षाको अवस्था अनुकूल रहन नसकेका कारण औद्योगिक उत्पादन प्रभावित भए तापनि विद्युत्, व्यापार रेष्टुरेण्ट तथा होटल र यातायात तथा सञ्चारजस्ता उपक्षेत्रहरुको उत्पादनमा केही सुधार भएका कारण समीक्षा वर्षमा गैर–कृषि क्षेत्रको उत्पादन ३.३ प्रतिशतले वृद्धि भएको छ । फलस्वरुप, समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा ३.७ प्रतिशत (तालिका १.१) तथा साधन मूल्यमा ३.६ प्रतिशतले बढेको छ । यो वृद्धिदर गत आर्थिक वर्षको क्रमशः ३.१ प्रतिशत र २.७ प्रतिशत वृद्धिदरको तुलनामा केही तीब्रतर छ ।

## कृषि क्षेत्र

४१. कुल कृषि गार्हस्थ्य उत्पादनमा झण्डै २०.० प्रतिशत योगदान रहेको धानको उत्पादन गत वर्ष सो भन्दा अघिल्लो वर्षको तुलनामा ०.८ प्रतिशतले घटे तापनि अनुकुल मौसमको कारण प्रायः सम्पूर्ण धानको खेतीयोग्य भूमिमा समयमै रोपाईं सम्पन्न भएबाट समीक्षा वर्षमा धानको उत्पादन ऐतिहासिक रुपमै ७.८ प्रतिशतको उच्च दरले बढ्न गएको तथा आलु, माछा आदिको उत्पादनमा भएको उल्लेखनीय वृद्धि र अन्यबालीका उत्पादनमा भएको सामान्य वृद्धिका कारण जौ, उखु, सुर्ती, जुट र फलफूलको उत्पादन घट्न गए तापनि समग्रमा कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन ३.७ प्रतिशतले बढेको अनुमान छ (तालिका नं. १.९) । गत वर्ष यो वृद्धिदर २.५ प्रतिशत रहेको थियो ।

४२. गत वर्ष कुल खाद्यान्न उत्पादन ७३ लाख ६० हजार मेट्रिक टन भएकोमा समीक्षा वर्षमा ७७ लाख ४५ हजार मेट्रिक टन पुगेको छ । यसैगरी समीक्षा वर्षमा गहुँ, मकै र कोदोको उत्पादन क्रमशः ३.२ प्रतिशत, १.३ प्रतिशत र ०.२ प्रतिशतले बढेको अनुमान छ भने जौ को उत्पादन ११.२ प्रतिशतले घटेको अनुमान छ । प्रमुख नगदेबाली तर्फ आलु र तेलहनको उत्पादन क्रमशः ७.३ प्रतिशत र ६.४ प्रतिशतले बढेको अनुमान छ भने सुर्ती, उखु र जुटको उत्पादन क्रमशः ४.३ प्रतिशत, १.६ प्रतिशत र ०.९ प्रतिशतले ह्रास भएको अनुमान छ । अन्यबालीतर्फ तरकारी र दलहनको उत्पादन क्रमशः ४.९ प्रतिशत र २.१ प्रतिशतले बढेको छ भने फलफूलको उत्पादन १.७ प्रतिशतले घटेको छ । त्यस्तै पशुजन्य उत्पादनतर्फ दुध, मासु र फुलको उत्पादन क्रमशः २.५ प्रतिशत, २.१ प्रतिशत र ३.३ प्रतिशतले बढेको छ भने माछाको उत्पादन ९.४ प्रतिशतले बढेको अनुमान छ ।

## उद्योग क्षेत्र

४३. गत वर्ष कालिगण्डकी "ए" तथा समीक्षा वर्षमा चिलिमे (२० मेगाबाट), पिलुवा खोला (३ मेगाबाट) जस्ता केही मझौला तथा साना जलविद्युत आयोजनाहरुको उत्पादन नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय ग्रिड मार्फत् संचालन भएकोले विद्युत, ग्याँस तथा पानी उपक्षेत्रको उत्पादन समीक्षा वर्षमा ७.६ प्रतिशतले वृद्धि भएको छ, जुन गत वर्ष ७.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा अपेक्षित मात्रामा सरकारी विकास खर्च बढ्न नसकेतापनि गत वर्षको तुलनामा विकास खर्चमा केही वृद्धि हुनुका साथै राजधानी लगायत देशका विभिन्न शहरी क्षेत्रहरुमा निजी आवासीय घरहरुको निर्माण बढेकाले निर्माण उपक्षेत्रको उत्पादन ०.३ प्रतिशतको सीमान्त दरले वृद्धि भएको छ । यसैगरी सिमेण्ट उत्पादनमा प्रयोग हुने चुनढुङ्गा, ढुङ्गा, बालुवाजस्ता निर्माणका लागि आवश्यक आधार वस्तुहरुको उत्पादन बढेको कारण खानी तथा उत्खनन् उपक्षेत्रको उत्पादन २.५ प्रतिशतले बढेको छ । त्यस्तै असुरक्षाको कारण औद्योगिक उत्पादनहरुको विक्री वितरणमा कठिनाई, उद्योगहरुको रुग्ण अवस्था, लगानीको उचित वातावरणको अभाव आदिका कारण औद्योगिक उपक्षेत्रको उत्पादन प्रभावित रहेता पनि समीक्षा वर्षको शुरुमै भएको युद्धविराम तथा शान्तिवार्ताको प्रारम्भ लगायत पूँजीगत वस्तुहरुको आयातमा वृद्धि भएका कारण यस उपक्षेत्रको उत्पादन गत वर्षको २.० प्रतिशतको वृद्धिको तुलनामा समीक्षा वर्षमा २.५ प्रतिशतले बढेको अनुमान छ ।

४४. समीक्षा वर्षमा ३३ प्रमुख औद्योगिक उत्पादनहरुको वार्षिक औद्योगिक उत्पादन सूचकाङ्क (आधार वर्ष २०४३।४४=१००) १.४ प्रतिशतले बढेको छ । यस्तो सूचकाङ्क गत वर्ष ६.५ प्रतिशतले घटेको थियो । समूहगत आधारमा १५ औद्योगिक समूहहरुमध्ये १० औद्योगिक समूहहरुको उत्पादन १.१ प्रतिशतदेखि ३३.३ प्रतिशतसम्मले बढेको छ भने बाँकी ५ औद्योगिक समूहहरुको उत्पादन ०.५ प्रतिशतदेखि ५.५ प्रतिशतसम्मले घटेको छ । वस्तुगत आधारमा हेर्दा स्टीलका भाँडाकुँडा, मदिरा, डिटरजेण्ट पाउडर, सिमेन्ट, स्ट बोर्ड, चिया, आइरन रड तथा एंगेल्स, सिन्थेटिक कपडा, जुत्ता, ईटा तथा टायल, चाउचाउ, चुरोट, प्लाईउड, हल्का पेय पदार्थ, चप्पल, सुती कपडा, स्क्वास तथा जुटका वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ । स्थानीय मागमा वृद्धि हुनुको साथै कुल निर्यात समेत बढेको कारण उपरोक्त वस्तुहरुको उत्पादन बढ्न गएको हो । तर वनस्पति घ्यू, सलाई, चिनी, कागज, प्लाष्टिकका सामान, बियर, बिस्कुट, बिंडी, पशुदाना, प्रशोधित छाला, जी.आई/ एच.भी. वायर्स, ए.सी.एस.आर. कण्डक्टर तथा पी.भी.सी. केबुल, ड्राईसेल ब्याट्री तथा साबुनको उत्पादन भने घटेको छ ।

४५. समीक्षा वर्षको सुरुमा शान्तिवार्ताको थालनी भएयता औद्योगिक उत्पादनमा केही सुधारको संकेत देखिएतापनि लगत्तै शान्तिवार्ता भंग भई बढ्दो असुरक्षा, पटक–पटक भइरहने नेपाल बन्द तथा रुग्ण औद्योगिक अवस्था आदिका कारण औद्योगिक उत्पादन आशातित रुपमा वृद्धि हुन सकेन ।

**सेवा क्षेत्र**

४६. ब्यापार रेष्टुरेण्ट तथा होटल, यातायात संचार तथा भण्डारण, वित्त तथा घरजग्गा र सामुदायिक तथा सामाजिक सेवा जस्ता उपक्षेत्रहरु समावेश भएको सेवा क्षेत्रको उत्पादन गत वर्ष ३.३ प्रतिशतले बढेको तुलनामा समीक्षा वर्षमा ४.२ प्रतिशतले बढेको अनुमान छ । समीक्षा वर्षमा ब्यापार, रेष्टुरेण्ट तथा होटल उपक्षेत्रको उत्पादन ५.८ प्रतिशत, यातायात, संचार तथा भण्डारण उपक्षेत्रको उत्पादन ५.६ प्रतिशत, सामुदायिक तथा सामाजिक सेवा उपक्षेत्रको उत्पादन ३.१ प्रतिशत र वित्त तथा घरजग्गा उपक्षेत्रको उत्पादन २.८ प्रतिशतले बढ्न गएको छ ।

४७. गत वर्ष ब्यापार, रेष्टुरेण्ट तथा होटल उपक्षेत्रको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा कृषि उत्पादनमा भएको वृद्धि, आन्तरिक वसाईं सराईंका कारण उपभोगमा हुने वृद्धि अनुरुप आन्तरिक मागमा भएको वृद्धि, पर्यटक आगमन संख्यामा उल्लेख्य वृद्धि र आयातीत तथा स्वदेशी वस्तुहरुको आपूर्तिमा वृद्धि भएको कारण यस उपक्षेत्रको उत्पादन ५.८ प्रतिशतले बढेको अनुमान छ । गत वर्ष ३.९ प्रतिशतले बढेको यातायात, संचार तथा भण्डारण उपक्षेत्रमा समीक्षा वर्षमा तार रहित तथा मोबाइल टेलिफोन सेवामा उल्लेख्य बिस्तार, दूर संचार क्षेत्रमा निजीक्षेत्रको सहभागिता र सेवा बिस्तारका कारण ५.६ प्रतिशतले वृद्धि भएको अनुमान छ । गत वर्ष २.४ प्रतिशतले वृद्धि भएको सामुदायिक तथा सामाजिक सेवा उपक्षेत्रको उत्पादन समीक्षा वर्षमा स्थानीय निकायमा पदाधिकारीहरुको नियुक्ति तथा सुरक्षा सेवामा बिस्तार आदिका कारण ३.१ प्रतिशतले बढेको अनुमान छ भने वित्त तथा घरजग्गा उपक्षेत्रको वृद्धिदर समीक्षा वर्षमा गत वर्ष सरह नै २.८ प्रतिशत रहेको अनुमान छ ।

४८. अन्तर्राष्ट्रिय आतंकवाद तथा बारम्बार भइरहने नेपाल बन्द, हड्ताल, तालाबन्दी आदिका कारण बढ्दो असुरक्षाको स्थिति सिर्जना हुनगई विगत केही वर्षदेखि नेपालको पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित भएतापनि विश्वका अन्य पर्यटकीय मुलुकहरुको तुलनामा नेपाल अझै सुरक्षित नै रहेको, छिमेकी मित्रराष्ट्र भारतको आर्थिक वृद्धिका कारण त्यहाँका मध्यमवर्गीय परिवारको आयस्तरमा वृद्धि भई पर्यटक आगमनमा अनुकुल प्रभाव पर्न गएको, विगत केही वर्ष यता दक्षिण पूर्वी एशियाली मुलुकहरुमा समय–समयमा बर्डफ्लू, सार्स जस्ता संक्रामक रोगहरु देखापर्न गएको कारणबाट नेपाल वैकल्पिक पर्यटकीय मुलुकका रुपमा अग्रणी देखिएको छ ।

४९. सगरमाथा आरोहण स्वर्ण महोत्सव, गन्तव्य नेपाल अभियान आदि सफलतापूर्वक सम्पन्न गरिएको कारण सन् २००३ मा हवाईमार्गबाट नेपाल आएका पर्यटकहरुको संख्या २१.५ प्रतिशतले उल्लेख्य वृद्धि भई २ लाख ६६ हजार पुगेको छ । सन् २००३ मा भारतीय पर्यटकहरुको संख्या २१.८ प्रतिशतको उच्चदरले बढ्न गई ८१ हजार पुगेको छ भने अन्य मुलुकहरुबाट आउने पर्यटकहरुको संख्या २१.४ प्रतिशतको उच्चदरले वृद्धि भई २ लाख ५३ हजार पुगेको छ । सन् २००३ मा पर्यटकहरुको औसत वसाई अवधि ९.५ दिन रहेको छ भने पर्यटकीय होटेलहरुको शय्या क्षमता १.७ प्रतिशतले वृद्धि भएको छ ।

## उपभोग, लगानी र बचत

५०. गत वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अनुपात ८८.४ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ०.६ प्रतिशत बिन्दुले घट्न गई ८७.८ प्रतिशत रहेको छ (तालिका १.१) । कुल उपभोगमा निजी क्षेत्रको उपभोग ८.० प्रतिशतले बढेको छ भने सरकारी क्षेत्रको उपभोग ८.१ प्रतिशतले बढेको छ । त्यसैगरी गत वर्ष कुल गार्हस्थ्य उत्पादनसंग लगानीको अनुपात २५.८ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ०.९ प्रतिशत बिन्दुले वृद्धि भई २६.७ प्रतिशत पुगेकोछ । यस्तै आर्थिक वर्ष २०५९।६० मा ११.६ प्रतिशत रहेको कुल गार्हस्थ्य बचत र कुल गार्हस्थ्य उत्पादन बीचको अनुपात समीक्षा वर्षमा ०.६ प्रतिशत बिन्दुले बढ्न गई १२.२ प्रतिशत पुगेकोछ ।

**तालिका १.९**

## कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर

**(२०५१।५२ को मूल्यमा)**

(प्रतिशतमा)

| शीर्षक | वृद्धिदर | | | क्षेत्रगत योगदान | | |
|---|---|---|---|---|---|---|
| | २०५८।५९ | २०५९।६० | २०६०।६१* | २०५८।५९ | २०५९।६० | २०६०।६१* |
| **(क) कृषि क्षेत्र** | २.२ | २.५ | ३.७ | ३८.० | ३९.० | ३८.९ |
| खाद्यान्न बाली | १.१ | १.६ | ५.२ | – | – | – |
| नगदेबाली | ५.४ | ३.७ | २.० | – | – | – |
| अन्य बाली | ३.३ | ४.६ | ३.३ | – | – | – |
| पशुजन्य | ३.८ | ३.२ | २.६ | – | – | – |
| माछा | ५.२ | ४.४ | ९.४ | – | – | – |
| वनजन्य | २.८ | १.० | २.४ | – | – | – |
| **(ख) उद्योग क्षेत्र** | –२.८ | २.३ | १.८ | २३.८ | २२.८ | २२.७ |
| औद्योगिक उत्पादन | –१०.० | २.० | २.५ | – | – | – |
| खानी तथा उत्खनन् | १.६ | १.९ | २.५ | – | – | – |
| निर्माण | १.१ | १.७ | ०.३ | – | – | – |
| विद्युत, ग्याँस तथा पानी | १२.८ | ७.५ | ७.६ | – | – | – |
| **(ग) सेवा क्षेत्र** | –१.४ | ३.३ | ४.२ | ३८.४ | ३८.२ | ३८.४ |
| ब्यापार, रेष्टुरेण्ट तथा होटल | –१०.१ | ४.१ | ५.८ | – | – | – |
| यातायात, संचार तथा भण्डारण | १.६ | ३.९ | ५.६ | – | – | – |
| वित्त तथा घर जग्गा | ३.३ | २.८ | २.८ | – | – | – |
| सामुदायिक तथा सामाजिक सेवाहरु | १.७ | २.४ | ३.१ | – | – | – |
| **कूल गार्हस्थ्य उत्पादन** | –०.४ | २.७ | ३.६ | १००.० | १००.० | १००.० |

* संशोधित अनुमान ।

स्रोतः केन्द्रीय तथ्यांक विभाग र नेपाल राष्ट्र बैंक ।

# मूल्य स्थिति

## उपभोक्ता मूल्य सूचकाङ्क

५१. समीक्षा वर्षमा देशको मुद्रास्फीति (शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धि दरको आधारमा) ४.० प्रतिशत रहेको छ (तालिका १.१०) । गत वर्ष यस्तो मुद्रास्फीति ४.८ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा खाद्यान्न बालीको उत्पादन वृद्धिदर विगतको भन्दा उच्च रहन गएकोले समग्र मूल्य स्थिति गत वर्ष भन्दा कम दरले वृद्धि हुन गएको हो ।

५२. समूहगतरुपमा समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले र गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धिदर क्रमशः ४.४ प्रतिशत र ५.० प्रतिशत थियो ।

५३. वार्षिक औसत आधारमा समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गतका उपसमूहहरुमध्ये चिनी तथा चिनीजन्य पदार्थ (०.४ प्रतिशत) को मूल्यमा ह्रास आएको भए तापनि तेल तथा घ्यू (१२.३ प्रतिशत), माछा, मासु तथा फुल (६.८ प्रतिशत), रेष्टुराँको खाना (५.२ प्रतिशत), मरमसला (४.० प्रतिशत), तरकारी तथा फलफूल (३.४ प्रतिशत), दूध तथा दुग्ध पदार्थ (१.८ प्रतिशत), खाद्यान्न (१.२ प्रतिशत), दलहन (०.६ प्रतिशत) र पेय पदार्थ ( ०.३ प्रतिशत) को मूल्य वृद्धि हुन गएको छ ।

५४. गैर-खाद्य वस्तु तथा सेवा समूह अन्तर्गतका सातवटै उप-समूहहरुको मूल्य वृद्धि हुन गएको छ । उप-समूहगत रुपमा यातायात तथा संचार (७.५ प्रतिशत), घरायसी सामान तथा सेवा (६.६ प्रतिशत) को मूल्य वृद्धि उच्च देखिएको छ भने शिक्षा क्षेत्र (४.६ प्रतिशत), औषधि तथा व्यक्तिगत हेरचाह (३.७ प्रतिशत), लत्ता कपडा (१.८ प्रतिशत), सूर्तिजन्य वस्तुहरु (१.८ प्रतिशत) र जुत्ता (०.५ प्रतिशत) को मूल्य वृद्धि सामान्य रहेको छ ।

चार्ट १.७
मुद्रास्फीति




५५. क्षेत्रगत आधारमा वार्षिक औसत रुपमा काठमाडौं उपत्यका, पहाड र तराईमा क्रमशः ५.९ प्रतिशत, ३.२ प्रतिशत र ३.१ प्रतिशतले मूल्य वृद्धि भएको छ । गत वर्ष यस्तो वृद्धि दर क्रमशः ३.८ प्रतिशत, ३.८ प्रतिशत र ५.७ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क काठमाडौ उपत्यका, पहाड र तराईमा क्रमशः ५.९ प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशतले बढेको छ । त्यस्तैगरी गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क क्रमशः ६.० प्रतिशत, ३.४ प्रतिशत र ४.५ प्रतिशतले वृद्धि भएको छ ।

## थोक मूल्य सूचकाङ्क

५६. समीक्षा वर्षमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धि दर ४.१ प्रतिशत रहेको छ (तालिका १.११) । गत वर्ष यस्तो वृद्धि दर ३.८ प्रतिशत रहेको थियो । समूहगतरुपमा आयातीत वस्तुहरुको मूल्य ६.२ प्रतिशत, स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरुको मूल्य ५.६ प्रतिशत र कृषि सम्बन्धी वस्तुहरुको मूल्य २.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यी समूहहरुको मूल्य क्रमशः ४.३ प्रतिशत, २.८ प्रतिशत र ३.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा वर्षमा उच्च दरले मूल्य वृद्धि भएका उप-समूहहरुमा निमार्ण सामग्री (१५.५ प्रतिशत) र पेट्रोलियम पदार्थ तथा कोइला (१२.३ प्रतिशत) रहेका छन् भने मूल्यमा ह्रास आएका वस्तुहरुमा नगदे बाली (८.५ प्रतिशत), खाद्यान्न (१.७ प्रतिशत) र ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिक वस्तुहरु (१.६ प्रतिशत) रहेका छन् ।

## तालिका १.१०

# शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

## (आधार वर्ष २०५२।५३=१००)

| समूह/ उपसमूह | भार % | २०५८।५९ | २०५९।६० | २०६०।६१ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०५९।६० | २०६०।६१ |
| सबै वस्तुहरु | १००.० | १४२.१ | १४८.९ | १५४.८ | ४.८ | ४.० |
| खाद्य तथा पेय पदार्थ | ५३.२ | १३७.९ | १४४.० | १४८.८ | ४.४ | ३.३ |
| अन्न तथा त्यसबाट बनेका परिकार | १८.० | १२७.७ | १३८.२ | १३९.८ | ८.२ | १.२ |
| चामल | (१४.१६) | १२५.८ | १३६.६ | १३८.० | ८.६ | १.० |
| दाल | २.७ | १२३.९ | १२५.३ | १२६.१ | १.१ | ०.६ |
| तरकारी तथा फलफूल | ७.९ | १३५.० | १३५.७ | १४०.३ | ०.५ | ३.४ |
| मरमसला | १.९ | १५६.१ | १४२.३ | १४८.० | -८.८ | ४.० |
| मासु, माछा तथा फुल | ५.२ | १४३.५ | १४८.२ | १५८.३ | ३.३ | ६.८ |
| दुध तथा दुग्ध पदार्थ | ४.१ | १४६.४ | १४७.८ | १५०.४ | १.० | १.८ |
| तेल तथा घ्यू | ३.१ | ११४.५ | १३६.९ | १५३.७ | १९.६ | १२.३ |
| चिनी तथा चिनीबाट बनेका परिकार | १.२ | १३३.८ | १२४.४ | १२३.९ | -७.० | -०.४ |
| पेय पदार्थ | २.३ | १५१.२ | १६१.६ | १६२.१ | ६.९ | ०.३ |
| रेष्टुरांको खाना | ६.९ | १६८.२ | १७४.१ | १८३.२ | ३.५ | ५.२ |
| गैर खाद्य बस्तु तथा सेवा | ४६.८ | १४७.२ | १५४.६ | १६१.८ | ५.० | ४.७ |
| लत्ता कपडा तथा सिलाई खर्च | ८.९ | १३३.८ | १३५.७ | १३८.१ | १.४ | १.८ |
| कपडा | (२.२८) | १२५.५ | १२४.६ | १२६.३ | -०.७ | १.४ |
| तयारी लुगा | (५.७५) | १३३.५ | १३६.६ | १३८.१ | २.३ | १.१ |
| जुत्ता | २.२ | १३१.२ | १३२.७ | १३३.३ | १.१ | ०.५ |
| घरायसी सामान | १४.९ | १४४.५ | १५३.० | १६३.१ | ५.९ | ६.६ |
| इन्धन, बत्ती तथा पानी | (५.९२) | १६८.६ | १८२.६ | २००.८ | ८.३ | १०.० |
| यातायात तथा संचार | ४.० | १६२.४ | १७२.२ | १८५.२ | ६.० | ७.५ |
| औषधी तथा व्यक्तिगत हेरचाह | ८.० | १५६.५ | १६३.२ | १६९.३ | ४.३ | ३.७ |
| शिक्षा तथा मनोरन्जन | ७.१ | १५९.३ | १७४.१ | १८२.१ | ९.३ | ४.६ |
| चुरोट | १.७ | १४६.३ | १५०.५ | १५३.२ | २.९ | १.८ |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाक्त – काठमाडौं उपत्यका** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १३६.५ | १४१.७ | १५०.१ | ३.८ | ५.९ |
| खाद्य तथा पेय पदार्थ | ५१.५ | १३३.८ | १३७.५ | १४५.६ | २.७ | ५.९ |
| गैर खाद्य बस्तु तथा सेवा | ४८.५ | १३९.४ | १४६.३ | १५५.० | ४.९ | ६.० |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाक्त – तराई** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १४४.० | १५२.२ | १५६.९ | ५.७ | ३.१ |
| खाद्य तथा पेय पदार्थ | ५५.० | १३८.० | १४६.३ | १४९.२ | ६.० | २.० |
| गैर खाद्य बस्तु तथा सेवा | ४५.० | १५१.५ | १५९.३ | १६६.४ | ५.१ | ४.५ |
| **शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाक्त – पहाड** | | | | | | |
| सबै वस्तुहरु | १००.० | १४६.२ | १५१.८ | १५६.६ | ३.८ | ३.२ |
| खाद्य तथा पेय पदार्थ | ५३.० | १४४.१ | १४८.५ | १५३.० | ३.१ | ३.० |
| गैर खाद्य बस्तु तथा सेवा | ४७.० | १४८.६ | १५५.५ | १६०.८ | ७.२ | ३.४ |

**तालिका १.११**

## राष्ट्रिय थोक मूल्य सूचकाङ्क

**(आधार वर्ष २०५६।५७ = १००)**

| समूह/ उपसमूह | भार प्रतिशतम | २०५८।५९ | २०५९।६० | २०६०।६१ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०५९।६० | २०६०।६१ |
| **कुल सूचकाङ्क** | *१००.०* | *१०६.४* | *११०.४* | *११४.९* | *३.८* | *४.१* |
| **कृषि सम्बन्धी वस्तुहरु** | *४९.६* | *१०५.६* | *१०९.६* | *१११.९* | *३.८* | *२.१* |
| खाद्यान्न | १६.६ | ८७.५ | ९५.३ | ९३.७ | ८.९ | -१.७ |
| नगदे बाली | ६.१ | १३९.६ | १३१.७ | १२०.५ | -५.६ | -८.५ |
| दलहन | ३.८ | १११.४ | ११४.५ | ११५.३ | २.८ | ०.७ |
| फलफूल तथा तरकारी | ११.२ | १०७.० | ११२.३ | १२१.३ | ४.९ | ८.० |
| मसलाहरु | १.९ | १०३.३ | ९७.८ | १०६.१ | -५.३ | ८.४ |
| पशुजन्य उत्पादन | १०.० | १११.४ | ११७.२ | १२६.२ | ५.२ | ७.७ |
| **स्वदेशमा उत्पादित औद्योगिक वस्तुहरु** | *२०.४* | *१०५.५* | *१०८.४* | *११४.५* | *२.८* | *५.६* |
| खाद्यजन्य वस्तुहरु | ६.१ | १०३.२ | १०७.२ | १०९.० | ३.८ | १.७ |
| पेय तथा सुर्तीजन्य पदार्थ | ५.७ | १०८.२ | ११२.१ | ११६.३ | ३.६ | ३.७ |
| निर्माण सामग्री | ४.५ | १०९.० | १०९.५ | १२६.४ | ०.५ | १५.५ |
| अन्य | ४.१ | १०१.४ | १०४.० | १०७.३ | २.५ | ३.२ |
| **आयातित वस्तुहरु** | *३०.०* | *१०८.४* | *११३.१* | *१२०.१* | *४.३* | *६.२* |
| पेट्रोलियम वस्तु तथा कोईला | ५.४ | १२५.८ | १४१.० | १५८.३ | १२.१ | १२.३ |
| रसायनिक मल तथा रसायनिक वस्तुहरु | २.५ | १२०.८ | १२२.९ | १२७.६ | १.७ | ३.८ |
| यातायातका साधन तथा मेशिनरी वस्तुहरु | ७.० | १०१.४ | १०२.९ | १०८.३ | १.४ | ५.३ |
| ईलेक्ट्रीक तथा इलेक्ट्रोनिक वस्तुहरु | १.९ | ९९.३ | ९७.६ | ९६.१ | -१.६ | -१.६ |
| औषधि | २.७ | १०२.० | १०३.२ | १०७.० | १.२ | ३.६ |
| कपडाजन्य वस्तुहरु | ३.१ | १०१.९ | १०५.८ | ११०.८ | ३.८ | ४.८ |
| अन्य | ७.५ | १०५.८ | १०९.९ | ११५.९ | ३.९ | ५.५ |

# सरकारी वित्त

## खर्च

५७. नेपाल राष्ट्र बैंकको अभिलेख अनुसार आर्थिक वर्ष २०६०।६१ मा नगद प्रवाहमा आधारित श्री ५ को सरकारको कुल खर्च ११.१ प्रतिशतले वृद्धि भई रु. ७३ अर्ब ५ करोड पुगेको छ । आर्थिक वर्ष २०५९।६० मा सरकारी खर्च २.० प्रतिशतले मात्र बढेको थियो (तालिका १.१२) । कुल सरकारी खर्चमध्ये साधारण खर्च अघिल्लो आर्थिक वर्ष १३.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०।६१ मा ६.३ प्रतिशतले वृद्धि भई रु. ५८ अर्ब १५ करोड पुगेको छ । आर्थिक वर्ष २०५९।६० मा २२.१ प्रतिशतको उच्च दरले ह्रास आएको बिकास खर्च आर्थिक वर्ष २०६०।६१ मा विकास निर्माण कार्यमा केही तीव्रता आएको कारण २६.२ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ३९ करोड पुगेको छ । फ्रिज खर्च आर्थिक वर्ष २०५९।६० मा १२.५ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६०।६१ मा १८.३ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ६२ करोड पुगेको छ ।




## साधन

५८. आर्थिक वर्ष २०५९/ ६० मा १३.६ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाहृय अनुदान) आर्थिक वर्ष २०६०।६१ मा १३.३ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ५० करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व आर्थिक वर्ष २०५९।६० मा ११.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६०।६१ मा १०.९ प्रतिशतले वृद्धि भई रु. ६२ अर्ब ३३ करोड पुगेको छ । बाह्य अनुदान आर्थिक वर्ष २०५९।६० मा रु. २ अर्ब ५० करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०।६१ मा रु. ५ अर्ब १५ करोड प्राप्त भएको छ । गैर-बजेटरी आय भने आर्थिक वर्ष २०५९।६० मा रु. १ अर्ब ६१ करोड प्राप्त भएकोमा आर्थिक वर्ष २०६०।६१ मा ४६.७ प्रतिशतले घटेर रु. ८६ करोडमा सीमित रहेको छ ।

## बजेट घाटा

५९. गैर-ऋण साधनको वृद्धिदर लगभग गत वर्षकै हाराहारीमा रहन गए तापनि कुल सरकारी खर्चको वृद्धिदर अघिल्लो वर्षको तुलनामा उच्च रहन गएकोले आर्थिक वर्ष २०६०।६१ मा श्री ५ को सरकारको बजेट घाटा ०.७ प्रतिशतले बढेर रु. १२ अर्ब ६६ करोड पुगेको छ । आर्थिक वर्ष २०५९।६० मा बजेट घाटा ३१.४ प्रंतिशतले घटेर रु. १२ अर्ब ५८ करोडमा सीमित रहन गएको थियो । बजेट घाटा पूर्ति गर्ने क्रममा आन्तरिक श्रोतबाट रु. ५ अर्ब ६१ करोड र बाह्य श्रोतबाट रु. ७ अर्ब ६९ करोड गरी जम्मा रु. १३ अर्ब ३० करोड ऋण परिचालन भएको छ । आन्तरिक ऋणमध्ये रु. २ अर्ब ४६ करोड ट्रेजरी विलबाट, रु. २ अर्ब विकास ऋण पत्रबाट, रु. ९० करोड राष्ट्रिय बचत पत्रबाट र रु. २५ करोड नागरिक बचत पत्रको निष्काशनबाट उठाइएको छ । उक्त रकमबाट उपरोक्त बजेट घाटा पूर्ति गरी बाँकी रकम रु. ७५ करोड श्री ५ को सरकारको खातामा र रु. १२ करोड सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा मौज्दात रहेको छ । अघिल्लो आर्थिक वर्षमा रु. ४६ करोड श्री ५ को सरकारको खातामा बचत रहेको थियो ।

**चार्ट १.९**

**कुल सरकारी खर्च, साधन तथा बजेट घाटा**




## आन्तरिक ऋण

६०. बजेट घाटा पूर्ति गर्ने क्रममा श्री ५ को सरकारले आर्थिक वर्ष २०६०।६१ मा रु. ५ अर्ब ६१ करोड आन्तरिक ऋण परिचालन गर्‍यो भने केही समयावधि पुगेका आन्तरिक ऋणको भुक्तानी दियो । यसको परिणामस्वरुप आर्थिक वर्ष २०६०।६१ मा श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋण १.४ प्रतिशतले बढेर २०६१ आषाढ मसान्तसम्ममा रु. ८५ अर्ब ३८ करोड पुगेको छ (तालिका १.१३) । अघिल्लो आर्थिक वर्षमा श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋण ५.९ प्रतिशतले बढेको थियो । २०६१ आषाढ मसान्तसम्ममा श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋणमध्ये ट्रेजरी बिल्स रु. ४९ अर्ब ४३ करोड, विकास ऋणपत्र रु. १७ अर्ब ५५ करोड, राष्ट्रिय बचतपत्र रु. ९ अर्ब ३ करोड, नागरिक बचतपत्र रु. १ अर्ब १८ करोड तथा विशेष ऋणपत्र बापत रु. ८ अर्ब ९५ करोड रहेको छ । सो अवधिमा श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकसँग रु. ७५ करोड नगद मौज्दात पनि कायम गरेको छ ।

**तालिका १.१२**

**सरकारी बजेट स्थिति***

**(नगद प्रवाहमा आधारित)**

(रु. करोडमा)

| शीर्षकहरु | २०५८।५९ | | २०५९।६० | | २०६०।६१ | |
|---|---|---|---|---|---|---|
| | परिमाण | प्रतिशत | परिमाण | प्रतिशत | परिमाण | प्रतिशत |
| **खर्च** | **७१५९.३** | **४.०** | **७३०५.२** | **२.०** | **८११६.२** | **११.१** |
| साधारण | ४८२५.३ | १३.५ | ५४७२.८ | १३.४ | ५८१५.० | ६.३ |
| विकास | २१७७.२ | -१३.८ | १६९५.३ | -२२.१ | २१३९.१ | २६.२ |
| फ्रिज खाता | १५६.८ | ४७.९ | १३७.१ | -१२.५ | १६२.१ | १८.३ |
| **साधनहरु** | **५३२५.४** | **०.६** | **६०४७.६** | **१३.६** | **६८५०.०** | **१३.३** |
| राजश्व | ५०४४.५ | ३.२ | ५६२३.० | ११.५ | ६२३३.१ | १०.९ |
| वैदेशिक अनुदान | २०७.१ | -२७.४ | २५०.० | २०.७ | ५१५.४ | १०६.३ |
| गैरबजेटरी आय, खुद | १६२.४ | २७.१ | १६०.६ | -१.१ | ८५.६ | -४६.७ |
| अन्य | -८४.१ | ९६९.८ | १३.६ | -११६.२ | १६.४ | २०.६ |
| मु.अ.क. | -४.५ | ५२.९ | ०.४ | -१०८.९ | -०.५ | २२९.० |
| **घाटा (-), बचत (+)** | **-१८३३.९** | **१५.२** | **-१२५७.६** | **-३१.४** | **-१२६६.२** | **०.७** |
| **घाटा पूर्ति गर्ने स्रोतहरु** | | | | | | |
| **आन्तरिक ऋण** | **१३८६.८** | **१४.३** | **८२७.५** | **-४०.३** | **४९७.१** | **-३९.९** |
| ट्रेजरी बिल | १५०.० | -१५.८ | १७६.९ | १७.९ | २४६.० | ३९.१ |
| विकास ऋणपत्र | ५३७.२ | २१६.० | ६४०.९ | १९.३ | २००.० | -६८.८ |
| राष्ट्रिय बचतपत्र | ५०.० | -७६.२ | ४०.० | -२०.० | ९०.० | १२५.० |
| नागरिक बचतपत्र | ६२.८ | ०.० | ३०.३ | -५१.८ | २४.८ | -१८.२ |
| अधिविकर्ष | ५८९.७ | -९.९ | -४६.२ | -१०७.८ | -७५.३ | ६३.१ |
| अन्य | -२.९ | ०.० | -१४.४ | ३९२.१ | ११.६ | -१८०.७ |
| **वैदेशिक ऋण** | **४४७.१** | **१७.९** | **४३०.२** | **-३.८** | **७६९.२** | **७८.८** |

* नेपाल राष्ट्र बैंकको अभिलेख अनुसार ।

### तालिका १.१३

## श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋण

(रु. करोडमा)

| | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०५९/६० | २०६०/६१ |
| १. | **ट्रेजरी बिल** | **४११०.७** | **४८८६.१** | **४९४३.०** | **१८.९** | **१.२** |
| | क) बैंकिङ्ग क्षेत्र | ३८२९.४ | ४६९९.१ | ४५९५.९ | २२.७ | -२.२ |
| | *नेपाल राष्ट्र बैंक* | *१५२६.४* | *१५८१.७* | *९८०.४* | *३.६* | *-३८.०* |
| | *वाणिज्य बैंकहरु* | *२३०३.०* | *३११७.४* | *३६१५.४* | *३५.४* | *१६.०* |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | २८१.३ | १८७.० | ३४७.१ | -३३.५ | ८५.६ |
| २. | **विकास ऋणपत्र** | **११०९.१** | **१६०५.९** | **१७५४.९** | **४४.८** | **९.३** |
| | क) बैंकिङ्ग क्षेत्र | ७६९.३ | ९०३.७ | ९८८.६ | १७.५ | ९.४ |
| | *नेपाल राष्ट्र बैंक* | *२२६.६* | *१७९.६* | *३२९.८* | *-२०.७* | *८३.६* |
| | *वाणिज्य बैंकहरु* | *५४२.७* | *७२४.१* | *६५८.७* | *३३.४* | *-९.०* |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | ३३९.८ | ७०२.२ | ७६६.४ | १०६.७ | ९.१ |
| ३. | **राष्ट्रिय वचत पत्र** | **११५३.६** | **९६३.०** | **९०३.०** | **-१६.५** | **-६.२** |
| | क) बैंकिङ्ग क्षेत्र | १३.९ | ११.० | ४५.१ | -२०.६ | ३०९.८ |
| | *नेपाल राष्ट्र बैंक* | *२.१* | *०.०* | *३४.१* | - | - |
| | *वाणिज्य बैंकहरु* | *११.८* | *११.०* | *११.०* | *-६.६* | *०.०* |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | ११३९.८ | ९५२.० | ८५७.९ | -१६.५ | -९.९ |
| ४. | **नागरिक बचत पत्र** | **६२.८** | **९३.१** | **११७.९** | **४८.२** | **२६.६** |
| | क) बैंकिङ्ग क्षेत्र | ०.३ | ०.० | ४.६ | -१००.० | - |
| | *नेपाल राष्ट्र बैंक* | *०.३* | *०.०* | *४.६* | *-१००.०* | - |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | ६२.५ | ९३.१ | ११३.३ | ४९.० | २१.७ |
| ५. | **विशेष ऋणपत्र** | **९२५.९** | **९१६.५** | **८९४.६** | **-१.०** | **-२.४** |
| | क) बैंकिङ्ग क्षेत्र | ७३५.५ | ६९५.४ | ६५३.१ | -५.५ | -६.१ |
| | *नेपाल राष्ट्र बैंक* | *६५६.८* | *६०१.०* | *५५८.६* | *-८.५* | *-७.०* |
| | *वाणिज्य बैंकहरु* | *७८.७* | *९४.५* | *९४.५* | *२०.०* | *०.०* |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | १९०.४ | २२१.० | २४१.५ | १६.१ | ९.३ |
| ६. | **अधिविकर्ष** | **५८९.८** | **-४६.२** | **-७५.३** | **-१०७.८** | **६३.१** |
| | नेपाल राष्ट्र बैंक | ५८९.८ | -४६.२ | -७५.३ | -१०७.८ | ६३.१ |
| ७. | **कुल** | **७९५१.९** | **८४१८.४** | **८५३८.१** | **५.९** | **१.४** |
| | क) बैंकिङ्ग क्षेत्र | ५९३८.२ | ६२६३.० | ६२११.९ | ५.५ | -०.८ |
| | *नेपाल राष्ट्र बैंक* | *३००२.१* | *२३१६.१* | *१८३२.३* | *-२२.८* | *-२०.९* |
| | *वाणिज्य बैंकहरु* | *२९३६.१* | *३९४६.९* | *४३७९.६* | *३४.४* | *११.०* |
| | ख) गैर-बैंकिङ्ग क्षेत्र | २०१३.७ | २१५५.३ | २३२६.२ | ७.० | ७.९ |

स्रोत : नेपाल राष्ट्र बैंक ।

# af:Ø Ifj

## समग्र ब्यापार स्थिति

६१. समीक्षा वर्षमा देशको बाह्य क्षेत्र कारोवारमा मिश्रित उपलब्धि हासिल भएको छ । गत वर्षको तुलनामा वस्तु निर्यात तथा आयात दुवैको वृद्धिदर कम रहेको छ । निर्यातको तुलनामा आयातको वृद्धिदर अधिक रहेको कारण ब्यापार घाटामा उल्लेख्य वृद्धि भएको छ । भन्सार तथ्याङ्क अनुसार गत वर्ष ६.४ प्रतिशतले बढेको कुल वस्तु निर्यात समीक्षा वर्षमा ५.६ प्रतिशत (रु. २ अर्ब ७९ करोड ३० लाख) ले बढ्न गई रु. ५२ अर्ब ७२ करोड ४० लाख पुगेको छ (तालिका १.१४) । भारततर्फको निर्यात उल्लेख्य दरले वृद्धि भएको कारण कुल निर्यात केही बढे तापनि कुल वस्तु निर्यात/ कुल गार्हस्थ्य उत्पादन अनुपात गत वर्ष ११.० प्रतिशत रहेकोमा समीक्षा वर्ष केही कमी भई १०.७ प्रतिशतमा झरेको छ । गत वर्ष १५.८ प्रतिशतले बढेको कुल आयात समीक्षा वर्षमा ११.९ प्रतिशतले वृद्धि भएको छ । कुल आयातको परिमाण गत वर्ष रु. १ खर्ब २४ अर्ब ३५ करोड २० लाख भई कुल गार्हस्थ्य उत्पादनको २७.३ प्रतिशत रहेकोमा समीक्षा वर्षमा रु. १ खर्ब ३९ अर्ब १४ करोड २० लाख पुगी कुल गार्हस्थ्य उत्पादनको २८.१ प्रतिशत पुगेको छ । कुल आयात तथा निर्यात ब्यापार कम दरले वृद्धि भएको कारणले गत वर्ष १२.९ प्रतिशतले बढेको कुल ब्यापार समीक्षा वर्षमा १०.१ प्रतिशतले बढ्न गएको छ । यसरी समीक्षा वर्षमा नेपालको कुल ब्यापार घाटा १६.१ प्रतिशतले वृद्धि भई रु. ८६ अर्ब ४१ करोड ९० लाख पुगेको छ । गत वर्ष कुल ब्यापार घाटा २३.१ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ४२ करोड २० लाख पुगेको थियो । गत वर्षको ब्यापार घाटा सोही वर्षको कुल गार्हस्थ्य उत्पादनको १६.४ प्रतिशत रहेकोमा समीक्षा वर्षमा कुल गार्हस्थ्य उत्पादनसंग ब्यापार घाटाको अनुपात १७.५ प्रतिशत रहेको छ (तालिका १.१) ।



चार्ट १.१०
वैदेशिक ब्यापार

६२. समीक्षा वर्षमा भारततर्फको निर्यातमा बढोत्तरी आएको छ । गत वर्ष ५.५ प्रतिशतले घटेको भारततर्फको निर्यात समीक्षा वर्षमा १८.२ प्रतिशत (रु. ४ अर्ब ८१ करोड ४० लाख) ले बढ्न गई रु. ३१ अर्ब २४ करोड ४० लाख पुगेको छ (तालिका १.१४) । कुल निर्यातमा भारततर्फको निर्यातको अंश गत वर्ष ५२.९ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ५९.३ प्रतिशतमा पुगेको छ । समीक्षा वर्षमा भारततर्फ विशेषगरी दन्तमञ्जन, साबुन, एम.एस. पाइप, पोलिष्टर धागो, छाला, जुस, प्लाष्टिकका भाँडा, तयारी पोशाक, कर्कटपाता, जि.आई.पाईप., रसायन, धागो जस्ता वस्तुहरुको निकासी वृद्धि भएको छ भने वनस्पति घ्यू, दाल, सुठो, अदुवा, अलैंची, चाउचाउ, ढुंगा/ बालुवा, जिंक अक्साइड, कागज, आयुर्वेदिक औषधि, तामाको तार तथा पाता तथा पश्मिना जस्ता वस्तुहरुको भारततर्फको निर्यात घटेको छ ।

६३. भारत बाहेक अन्य मुलुकहरु तर्फको निर्यात गत वर्ष २३.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा ८.६ प्रतिशत (रु. २ अर्ब २ करोड १० लाख) ले घटी रु. २१ अर्ब ४८ करोड रहेको छ । अन्य मुलुकतर्फ निर्यात हुने प्रमुख वस्तुहरुमध्ये तयारी पोशाकको निर्यात गत वर्ष ५१.८ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १९.७ प्रतिशत (रु. २ अर्ब ३४ करोड ५० लाख) ले घटी रु. ९ अर्ब ५४ करोड ५० लाख रहेको छ (तालिका १.१५) । समीक्षा वर्षमा हस्तकलाका सामान, प्रशोधित छाला, दाल, जडीबुटी गरगहना, चिया तथा नेपाली कागज र नेपाली कागजबाट बनेका सामानको निर्यातमा वृद्धि भएको छ । ऊनी गलैंचाको निर्यात समीक्षा वर्षमा ५.१ प्रतिशत (रु. २६ करोड ९० लाख) ले बढी रु. ५ अर्ब ५८ करोड ९० लाख पुगेको छ । गत वर्ष उक्त वस्तुको निर्यात १४.४ प्रतिशतले घटेको थियो । त्यसैगरी गत वर्ष अन्य मुलुकतर्फ ७.० प्रतिशतले ह्रास भएको पश्मिनाको निर्यात समीक्षा वर्षमा ८.३ प्रतिशतले ह्रास भई अघिल्लो वर्षको रु. १ अर्ब १५ करोड ८० लाखबाट रु. १ अर्ब ६ करोड १० लाखमा झरेको छ । उपरोक्त वस्तुहरु बाहेक अन्य मुलुकहरु तर्फ झुसेतिल, छालाका तयारी सामानहरु जस्ता वस्तुहरुको समेत निर्यात घटेको छ ।

६४. भारतबाट भएको आयातको वृद्धिदर गत वर्ष २५.३ प्रतिशत रहेकोमा समीक्षा वर्षमा १५.१ प्रतिशत (रु. १० अर्ब ७२ करोड ८० लाख) ले वृद्धि भई रु. ८१ अर्ब ६५ करोड २० लाख पुगेको छ (तालिका १.१४) । समीक्षा वर्षमा भारतबाट विशेष गरी औषधि, एम.एस. वायर रड, दाल, औद्योगिक रसायन, अन्य यन्त्र तथा औजारहरु, यातायातका साधन, पेट्रोलियम पदार्थ, कोल्ड रोल्ड सिट इन क्वायल, एम.एस. बिलेट जस्ता वस्तुहरुको आयातमा वृद्धि भएको छ । समीक्षा वर्षमा कृषि उपकरण तथा पूर्जाहरु, धागो, हट रोल्ड सिट इन क्वायल, कपडा, कागज जस्ता वस्तुहरुको भारतबाट हुने आयात भने घटेको छ । परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात हुने व्यवस्था अन्तर्गत भारतबाट समीक्षा वर्षमा कुल रु. १५ अर्ब २५ करोड ७० लाख (भारतबाट हुने आयातको १८.७ प्रतिशत) मूल्य बराबरका सामान आयात भएको छ । गत वर्ष यस्तो आयात रु. ११ अर्ब ७२ करोड (भारतबाट हुने आयातको १६.५ प्रतिशत) बराबर रहेको थियो । यस व्यवस्था अन्तर्गत मुख्य रुपमा एम.एस. विलेट, एम.एस. वायर रड, औद्योगिक रसायन, पोलिष्टर फाइवर, धागो, हटरोल्ड सिट, कोल्डरोल्ड सिट, नाइलन धागो, कास्टिक सोडा जस्ता वस्तुहरु बढी आयात हुने गरेको देखिन्छ । भारतसँगको ब्यापार घाटा गत वर्ष ५५.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा वर्षमा १३.३ प्रतिशतले वृद्धि भएकोले कुल ब्यापार घाटामा भारतको अंश गत वर्ष ५९.८ प्रतिशत रहेकोमा समीक्षा वर्षमा ५८.३ प्रतिशतमा झरेको छ । कुल आयातमा भारतको अंश गत वर्ष ५७.० प्रतिशत रहेकोमा समीक्षा वर्षमा ५८.७ प्रतिशत पुगेको छ ।

६५. अन्य मुलुकबाट भएको आयात गत वर्ष ५.२ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ७.६ प्रतिशतले बढ्न गइ रु. ५७ अर्ब ४९ करोड पुगेको छ । गत वर्ष सुनको आयातमा ८७.९ प्रतिशतले गिरावट आएकोमा समीक्षा वर्षमा ३३.२ प्रतिशतले ह्रास भएको छ । सुनको अतिरिक्त समीक्षा वर्षमा विशेष गरी चाँदी, ल्वाङ, चिकित्सा सामग्री, कपडा, भिडियो टेलिभिजन तथा पूर्जा, तयारी पोशाक, कम्प्युटर पार्टस्, यातायातका साधन तथा पुर्जा, कच्चा रेशम, कार्यालय सामग्री, क्यामरा, घडी आदि वस्तुहरुको आयात घटेको छ भने सुपारी, कच्चा पाम तेल, रासायनिक मल, लेख्ने तथा छाप्ने कागज, धागो, तामाको तार, अन्य यन्त्र तथा औजार, हवाईजहाजका पार्टपुर्जाहरु, कच्चा ऊन, स्टिल रड तथा पाता, कच्चा सोयाविन तेल जस्ता वस्तुहरुको आयात समीक्षा वर्षमा बढेको छ । गत वर्ष ५.८ प्रतिशतले घटेको अन्य मुलुकहरुसँगको ब्यापार घाटा समीक्षा वर्षमा २०.३ प्रतिशतले बढ्न गएको छ । कुल आयातमा अन्य मुलुकहरुको अंश गत वर्ष ४३.० प्रतिशत रहेकोमा समीक्षा वर्षमा ४१.३ प्रतिशतमा झरेको छ ।

## शोधनान्तर

६६. शोधनान्तरतर्फ समीक्षा वर्षमा कुल निर्यात ६.५ प्रतिशतले वृद्धि भई रु. ५४ अर्ब ८ करोड ३० लाख पुगेको छ भने कुल आयात १२.२ प्रतिशतले बढी रु. १ खर्ब ३५ अर्ब ८० करोड ५० लाख पुगेको छ (तालिका १.१६) । यस प्रकार व्यापार घाटा गत वर्ष ३१.७ प्रतिशतले बढेकोमा समीक्षा वर्षमा १६.३ प्रतिशतले वृद्धि भई रु. ८१ अर्ब ७२ करोड १० लाख पुगेको छ ।

६७. समीक्षा वर्षमा पर्यटन आय ५३.७ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ५ करोड २० लाख पुगेको छ भने अन्यत्र नपरेको सरकारी आय ७.८ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब १४ करोड ४० लाख पुगेको छ । गत वर्ष पर्यटन आय ३५.७ प्रतिशतले बढेको थियो भने अन्यत्र नपरेका सरकारी आय २५.५ प्रतिशतले घटेको थियो । गत वर्ष ३६.७ प्रतिशतले बढेको अन्य सेवा आय समीक्षा वर्षमा ९.७ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ९३ करोड ८० लाख पुगेको छ । फलस्वरुप, गत वर्ष १२.८ प्रतिशतले बढेको कुल सेवा आय समीक्षा वर्षमा २८.७ प्रतिशतले वृद्धि भई रु. ३४ अर्ब १३ करोड ४० लाख पुगेको छ । सेवा क्षेत्रको भुक्तानी तर्फ यातायात खर्च ८.२ प्रतिशतले, पर्यटन खर्च ५८.६ प्रतिशतले र अन्य सेवा खर्च २१.६ प्रतिशतले बढेको कारण कुल सेवा भुक्तानी २७.४ प्रतिशतले बढी रु. २४ अर्ब ८० करोड ५० लाख पुगेको छ । फलस्वरुप, खुद सेवा आय गत वर्ष ७९.० प्रतिशतले बढेकोमा समीक्षा वर्षमा ३२.३ प्रतिशतले थप वृद्धि भई रु. ९ अर्ब ३२ करोड ९० लाख पुगेको छ । यसरी सेवा क्षेत्रमा भएको बचतले ब्यापार घाटाको ११.४ प्रतिशत पूरा गरेकोले वस्तु तथा सेवा क्षेत्रको कुल घाटा रु. ७२ अर्ब ३९ करोड २० लाख रहेको छ, जुन गत वर्षको तुलनामा १४.५ प्रतिशतले अधिक रहेको छ ।

६८. समीक्षा वर्षमा आय शीर्षकतर्फको प्राप्ति (income credit) १४.६ प्रतिशतले घटी रु. ३ अर्ब ८३ करोड ३० लाखमा झरेको छ भने उक्त शीर्षकतर्फको भुक्तानी ६.३ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ४९ करोड पुगेको छ । फलस्वरुप वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा १५.९ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ५ करोड पुगेको छ । गत वर्ष यस्तो घाटा २७.८ प्रतिशतले वृद्धि भएको थियो ।

६९. ट्रान्सफर आयतर्फ समीक्षा वर्षमा अनुदान ४१.३ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ५५ करोड ५० लाख पुगेको छ । गत वर्ष अनुदान ९.४ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा निजी क्षेत्रको विप्रेषण (workers remittance) १०.० प्रतिशतले वृद्धि भई रु. ५९ अर्ब ६० करोड ४० लाख पुगेको छ । यस अवधिमा निवृत्तिभरण (pension) आय ७.९ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ९० करोड ३० लाख पुगेको छ भने अन्य ट्रान्सफर आय (भारतीय अन्तःशुल्क फिर्ता) ३०.० प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ११ करोड पुगेको छ । समीक्षा वर्षमा ट्रान्सफर भुक्तानी ८३.६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ९ करोड ७० लाख पुगेको छ । गत वर्ष ट्रान्सफर भुक्तानी १३.२ प्रतिशतले बढेको थियो ।

७०. समीक्षा वर्षमा चालू खातामा रु. १२ अर्ब २ करोड ६० लाख (कुल गार्हस्थ्य उत्पादनको २.४ प्रतिशत) को बचत हुन गएको छ। गत वर्ष यस्तो बचत रु. ११ अर्ब ६१ करोड ५० लाख (कुल गार्हस्थ्य उत्पादनको २.६ प्रतिशत) रहेको थियो।

७१. गत वर्ष ५.३ प्रतिशतले घटेको पूँजी खातातर्फको ट्रान्सफर समीक्षा वर्षमा ७३.१ प्रतिशतले ह्रास भई रु. १ अर्ब ४५ करोड २० लाखमा झरेको छ।

७२. वित्तीय खातातर्फ समीक्षा वर्षमा अन्य लगानी सम्पत्ति (other investment assets) रु. ३६ अर्ब ६५ करोड थप भएको छ जसमध्ये रु. ४ अर्ब ८१ करोड ५० लाख व्यापारिक साख (trade credit) रहेको छ। गत वर्ष अन्य लगानी सम्पत्ति रु. ३४ अर्ब ६३ करोड थप भएको थियो। अन्य लगानी दायित्व (other investment liabilities) तर्फ समीक्षा वर्षमा व्यापारिक साख (trade credit) रु. ७ अर्ब ७६ करोड २० लाखले वृद्धि भएको छ। समीक्षा वर्षमा सरकारी ऋण आप्रवाह रु. ९ अर्ब १० करोड २० लाख भएको छ भने साँवा भुक्तानी रु. ५ अर्ब ७६ करोड ६० लाख भएको छ। फलस्वरुप खुद सरकारी ऋण आप्रवाह रु. ३ अर्ब ३३ करोड ६० लाख भएको छ। समीक्षा वर्षमा मुद्रा तथा निक्षेपतर्फको दायित्व रु. ३ अर्व २२ करोड ८० लाख थप हुन गएको छ। फलस्वरुप वित्तीय खाता रु. २२ अर्ब ४६ करोड ८० लाखले ऋणात्मक रहन गएको छ।

७३. समीक्षा वर्षमा वित्तीय खाता उच्च स्तरमा ऋणात्मक रहेको भए तापनि चालू खातामा उल्लेख्य बचत रहेको तथा विविध पूँजी आप्रवाह रु. २८ अर्ब ७३ करोड बराबर भएको कारण रिजर्भ तथा तत्सम्बन्धी शीर्षकमा रु. १९ अर्ब ७४ करोडले वृद्धि भएको छ। फलस्वरुप समीक्षा वर्षमा रु. १६ अर्ब ५१ करोड १० लाखको समग्र शोधनान्तर बचत भएको छ। गत वर्ष रु. ४ अर्व ३६ करोड ४० लाखको शोधनान्तर बचत भएको थियो।

## विदेशी विनिमय संचिति

७४. २०६१ आषाढ मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब २९ अर्ब ८७ करोड ४० लाख रहेको छ जसमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको विदेशी मुद्रा संचितिको अंश ८३.१ प्रतिशत रहेको छ (तालिका १.१७)। कुल विदेशी विनिमय संचिति गत वर्ष रु. १ खर्ब ८ अर्ब २३ करोड रहेकोमा नेपाल राष्ट्र बैंकसँग रहेको संचितिको अंश ८०.४ प्रतिशत रहेको थियो। २०६१ आषाढमा २०६० आषाढको तुलनामा परिवर्त्य बिदेशी विनिमय संचितिको वृद्धिदर २०.२ प्रतिशत रहेको छ भने अपरिवर्त्य संचिति १७.९ प्रतिशतले बढेको छ। गत वर्ष परिवर्त्य संचिति २०.८ प्रतिशतले बढेको थियो भने अपरिवर्त्य संचिति ५६.१ प्रतिशतले घटेको थियो। विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश ८९.८ प्रतिशत र अपरिवर्त्य संचितिको अंश १०.२ प्रतिशत छ। गत वर्ष यस्तो अंश क्रमशः ८९.६ प्रतिशत र १०.४ प्रतिशत थियो। २०६१ आषाढ मसान्तमा परिवर्त्य संचितिको स्तर रु. १ खर्ब १६ अर्ब ६३ करोड ९० लाख रहेको छ। समीक्षा वर्षको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ११.२ महिनाको वस्तु आयात र ९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

**तालिका १.१४**

**वैदेशिक ब्यापार***

(रु. करोडमा)

| | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | २०५८/५९ | २०५९/६० | २०६०/६१अ | २०५९/६० | २०६०/६१ |
| **कुल निर्यात** | **४६९४.५** | **४९९३.१** | **५२७२.४** | ६.४ | **५.६** |
| भारतमा | २७९५.६ | २६४३.० | ३१२४.४ | -५.५ | १८.२ |
| अन्य देशहरुमा | १८९८.९ | २३५०.१ | २१४७.९ | २३.८ | -८.६ |
| **कुल आयात** | **१०७३८.९** | **१२४३५.२** | **१३९१४.२** | **१५.८** | **११.९** |
| भारतबाट | ५६६२.२ | ७०९२.४ | ८१६५.२ | २५.३ | १५.१ |
| अन्य देशहरुबाट | ५०७६.७ | ५३४२.८ | ५७४९.० | ५.२ | ७.६ |
| **ब्यापार सन्तुलन** | **-६०४४.४** | **-७४४२.२** | **-८६४१.९** | **२३.१** | **१६.१** |
| भारतसंग | -२८६६.६ | -४४४९.४ | -५०४०.८ | ५५.२ | १३.३ |
| अन्य देशहरुसंग | -३१७७.८ | -२९९२.७ | -३६०१.१ | -५.८ | २०.३ |
| **कुल ब्यापार** | **१५४३३.४** | **१७४२८.३** | **१९१८६.६** | **१२.९** | **१०.१** |
| भारतसंग | ८४५७.८ | ९७३५.४ | ११२८९.६ | १५.१ | १६.० |
| अन्य देशहरुसंग | ६९७५.६ | ७६९२.९ | ७८९७.० | १०.३ | २.७ |

* भन्सार तथ्यांकमा आधारित।

अ अपरिष्कृत।

**तालिका १.१५**

## अन्य मुलुकतर्फ निर्यात भएका प्रमुख बस्तुहरु

(रु. करोडमा)

| | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०५९/६० | २०६०/६१ |
| १ | उनी गलैंचा | ६२१.३ | ५३२.० | ५५८.९ | -१४.४ | ५.१ |
| २ | तयारी पोशाक | ७८३.३ | ११८९.० | ९५४.५ | ५१.८ | -१९.७ |
| ३ | पश्मिना | १२४.५ | ११५.८ | १०६.१ | -७.० | -८.३ |
| ४ | प्रशोधित छाला | ४६.५ | २२.७ | ३०.२ | -५१.१ | ३३.० |
| ५ | सुनचांदीका गरगहना | २७.४ | ३४.८ | ३६.९ | २६.९ | ६.० |
| ६ | नेपाली कागज र नेपाली कागजबाट निर्मित वस्तु | २०.१ | २६.२ | २८.० | ३०.७ | ६.७ |
| ७ | दाल | २१.६ | २१.५ | २८.० | -०.५ | ३०.२ |
| | जम्मा | १६४४.६ | १९४२.० | १७४२.५ | १८.१ | -१०.३ |

## तालिका १.१६

# शोधनान्तर स्थिति

(रु. करोडमा)

| | विवरण | २०५८।५९ | २०५९।६० | २०६०।६१ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | २०५९।६० | २०६०।६१ |
| (क) | **चालू खाता** | **१८१६.१** | **११६१.५** | **१२०२.६** | **-३६.०** | **३.५** |
| | निर्यात, एफ.ओ.बी. | ५७९८.४ | ५०७६.१ | ५४०८.३ | -१२.५ | ६.५ |
| | तेल | १०४५.२ | ०.० | ०.० | -१००.० | - |
| | अन्य | ४७५३.१ | ५०७६.१ | ५४०८.३ | ६.८ | ६.५ |
| | आयात, एफ.ओ.बी. | -१११३४.२ | -१२१०५.३ | -१३५८०.५ | ८.७ | १२.२ |
| | तेल | -२२१३.७ | -१८८१.२ | -२०१६.७ | -१५.० | ७.२ |
| | अन्य | -८९२०.६ | -१०२२४.१ | -११५६३.७ | १४.६ | १३.१ |
| | ब्यापार सन्तुलन | -५३३५.९ | -७०२९.२ | -८१७२.१ | ३१.७ | १६.३ |
| | सेवा आय | ३९३.८ | ७०५.० | ९३२.९ | ७९.० | ३२.३ |
| | सेवा प्राप्ती | २३५०.८ | २६५१.९ | ३४१३.४ | १२.८ | २८.७ |
| | भ्रमण | ८६५.४ | ११७४.८ | १८०५.२ | ३५.७ | ५३.७ |
| | अन्यत्र नपरेको सरकारी आय | ८८९.५ | ६६२.४ | ७१४.४ | -२५.५ | ७.८ |
| | अन्य | ५९५.९ | ८१४.७ | ८९३.८ | ३६.७ | ९.७ |
| | सेवा भुक्तानी | -१९५७.० | -१९४६.९ | -२४८०.५ | -०.५ | २७.४ |
| | यातायात | -८८५.४ | -८६१.८ | -९३२.६ | -२.७ | ८.२ |
| | भ्रमण | -५७३.१ | -६१७.२ | -९७९.१ | ७.७ | ५८.६ |
| | अन्य | -४९८.४ | -४६७.९ | -५६८.८ | -६.१ | २१.६ |
| | ब्यापार तथा सेवा क्षेत्रको सन्तुलन | -४९४२.० | -६३२४.३ | -७२३९.२ | २८.० | १४.५ |
| | आय खुद | -६०.५ | -६७.६ | -१६५.८ | ११.७ | १४५.३ |
| | आय प्राप्ती | ४२९.७ | ४४८.७ | ३८३.३ | ४.४ | -१४.६ |
| | आय भुक्तानी | -४९०.२ | -५१६.३ | -५४९.० | ५.३ | ६.३ |
| | ब्यापार, सेवा तथा आय सन्तुलन | -५००२.५ | -६३९१.८ | -७४०५.० | २७.८ | १५.९ |
| | ट्रान्सफर आय | ६८१८.६ | ७५५३.३ | ८६०७.६ | १०.८ | १४.० |
| | चालू ट्रान्सफर प्राप्ती | ७०१५.७ | ७७७६.५ | ९०१७.३ | १०.८ | १६.० |
| | अनुदान | १२६५.१ | १३८४.२ | १९५५.५ | ९.४ | ४१.३ |
| | निजी क्षेत्रको विप्रेषण | ४७५३.६ | ५४२०.३ | ५९६०.४ | १४.० | १०.० |
| | पेन्सन | ८२७.० | ७३२.७ | ७९०.३ | -११.४ | ७.९ |
| | अन्य | १७०.१ | २३९.२ | ३११.० | ४०.६ | ३०.० |
| | ट्रान्सफर भुक्तानी | -१९७.१ | -२२३.२ | -४०९.७ | १३.२ | ८३.६ |
| (ख) | **पूँजी खाता (पूँजी ट्रान्सफर)** | **५६९.४** | **५३९.४** | **१४५.२** | **-५.३** | **-७३.१** |
| | जम्मा (क+ ख) | २३८५.५ | १७००.९ | १३४७.८ | -२८.७ | -२०.८ |
| (ग) | **वित्तीय खाता (समूह ङ बाहेक)** | **-३७३३.३** | **-१७१९.९** | **-२२४६.८** | **-५३.९** | **३०.६** |
| | प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह | -२८.२ | ९६.१ | ०.० | -४४०.६ | -१००.० |
| | पोर्टफोलियो लगानी | ०.० | ०.० | ०.० | - | - |
| | अन्य लगानी सम्पत्ति | -३५१३.७ | -३४६३.० | -३६६५.० | -१.४ | ५.८ |
| | व्यापारिक साख | -१२९.५ | १०४.१ | -४८१.५ | -१८०.४ | -५६२.५ |
| | अन्य | -३३८४.२ | -३५६७.१ | -३१८३.५ | ५.४ | -१०.८ |
| | अन्य लगानी दायित्व | -१९१.४ | १६४६.९ | १४१८.१ | -९६०.४ | -१३.९ |
| | व्यापारिक साख | -५२७.९ | १६८९.९ | ७७६.२ | -४२०.१ | -५४.१ |
| | ऋण | २९०.० | -५.२ | ३१९.२ | -१०१.८ | -६१९०.६ |
| | सरकार | २९६.४ | -४३.३ | ३३३.६ | -११४.६ | -८७०.८ |
| | ऋण प्राप्ती | ८०४.० | ५२३.६ | ९१०.२ | -३४.९ | ७३.८ |
| | साँवा भुक्तानी | -५०७.७ | -५६६.९ | -५७६.६ | ११.७ | १.७ |
| | अन्य क्षेत्र | -६.४ | ३८.० | -१४.४ | -६९५.३ | -१३८.० |
| | करेन्सी तथा डिपोजिट | ४६.५ | -३७.८ | ३२२.८ | -१८१.२ | -९५४.६ |
| | राष्ट्र बैंक | -१९.७ | -२.३ | -७.७ | -८८.१ | २३०.८ |
| | वाणिज्य बैंक | ६६.३ | -३५.४ | ३३०.५ | -१५३.५ | -१०३२.९ |
| | अन्य दायित्व | ०.० | ०.० | ०.० | - | - |
| | जम्मा (क+ ख+ ग) | -१३४७.८ | -१९.० | -८९९.१ | -९८.६ | ४६२४.४ |
| (घ) | **विविध पूँजी तथा भूलचुक** | **१०६०.१** | **४१७.६** | **२८७३.०** | **-६०.६** | **५८८.०** |
| | जम्मा (क+ ख+ ग+ घ) | -२८७.८ | ३९८.६ | १९७३.९ | -२३८.५ | ३९५.२ |
| (ङ) | **रिजर्भ तथा सम्बन्धित शिर्षक** | **२८७.८** | **-३९८.६** | **-१९७३.९** | **-२३८.५** | **३९५.२** |
| | रिजर्भ सम्पत्ति | ३२०.३ | -३६८.५ | -२०२९.६ | -२१५.० | ४५०.७ |
| | नेपाल राष्ट्र बैंक | -१७१.३ | -७८१.० | -१९५०.४ | ३५६.० | १४९.७ |
| | वाणिज्य बैंक | ४९१.६ | ४१२.५ | -७९.२ | -१६.१ | -११९.२ |
| | आई.एम.एफ. कर्जा उपयोग | ० | ० | ० | ० | ० |
| | अतिरिक्त फाइनान्सिङ्ग | -३२५.७ | -३०.१ | ५५.८ | -७.७ | -२८५.२ |
| *खुद वैदेशिक सम्पत्तिमा परिवर्तन (-वृद्धि)* | | *३३४.३* | *-४३६.४* | *-१६५१.१* | *-२३०.५* | *२७८.४* |

**तालिका १.१७**

## बैङ्क क्षेत्रसँग रहेको विदेशी विनिमय संचिति

(रु. करोडमा)

| | २०५९ आषाढ | २०६० आषाढ | २०६१ आषाढ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०५९।६० | २०६०।६१ |
| **नेपाल राष्ट्र बैंक** | **८०७०.०** | **८६९६.६** | **१०७९१.२** | **७.८** | **२४.१** |
| परिवर्त्य | ५६७०.० | ७६७५.२ | ९६२३.२ | ३५.४ | २५.४ |
| अपरिवर्त्य | २४००.० | १०२१.४ | ११६८.० | -५७.४ | १४.४ |
| **वाणिज्य बैंक** | **२५२०.२** | **२१२६.३** | **२१९६.२** | **-१५.६** | **३.३** |
| परिवर्त्य | २३६१.० | २०२४.९ | २०४०.७ | -१४.२ | ०.८ |
| अपरिवर्त्य | १५९.२ | १०१.४ | १५५.४ | -३६.३ | ५३.३ |
| **कुल संचिति** | **१०५९०.१** | **१०८२२.९** | **१२९८७.४** | **२.२** | **२०.०** |
| परिवर्त्य | ८०३०.९ | ९७००.१ | ११६६३.९ | २०.८ | २०.२ |
| अपरिवर्त्य | २५५९.२ | ११२२.८ | १३२३.४ | -५६.१ | १७.९ |

# भाग २

# नेपाल राष्ट्र बैंकको काम कारबाही

## आर्थिक वर्ष २०६०/६१ को मौद्रिक नीति

७५. श्री ५ को सरकारले अंगीकार गरेको वित्त नीतिसँग सामञ्जस्यता र अन्तर्सम्बन्ध कायम राखी मौद्रिक नीतिको उद्देश्य र रणनीतिहरु सार्वजनिक गर्ने सन्दर्भमा समष्टिगत आर्थिक वस्तुस्थिति र परिसूचकहरुलाई दृष्टिगत गरी तथा समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल प्रभाव नपर्ने गरी उपयुक्त मौद्रिक नीतिको तर्जुमा र सोको कार्यान्वयन गर्ने क्रममा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९४ मा व्यवस्था भए अनुसार २०६० श्रावण ८ गते मौद्रिक नीति सम्बन्धी दोश्रो प्रतिवेदन सार्वजनिक गरियो । उक्त प्रतिवेदनमा पृष्ठभूमि लगायत समग्र आर्थिक स्थिति, आर्थिक वर्ष २०५९।६० मा अवलम्बन गरिएको मौद्रिक नीति तथा वित्तीय क्षेत्र सुधार कार्यक्रमको समीक्षा, मौद्रिक नीतिका विद्यमान समस्याहरु, आर्थिक वर्ष २०६०।६१ मा अवलम्बन गरिने मौद्रिक नीतिको स्वरुप तथा कार्यक्रम, वित्तीय क्षेत्र तथा विदेशी विनिमय क्षेत्रमा सुधार, आर्थिक वर्ष २०६०।६१ को मौद्रिक नीतिका चुनौतीहरु र मौद्रिक योगाङ्कको प्रक्षेपण र उपसंहार समावेश गरिएको थियो ।

७६. आर्थिक वर्ष २०६०।६१ का मौद्रिक नीतिका महत्वपूर्ण बुँदाहरु देहाय अनुसार रहेका थिए :

| | |
|---|---|
| उद्देश्य | आर्थिक तथा वित्तीय क्षेत्रको स्थायित्वलाई प्राथमिकतासाथ सुदृढ गर्ने, समष्टिगत आर्थिक परिसूचकहरुलाई अनुकूल बनाई राख्ने, अर्थतन्त्रलाई आवश्यक पर्ने मौद्रिक तरलता व्यवस्थापन गरी कर्जा व्याजदरलाई उपयुक्त स्तरमा राख्ने । |
| लक्ष्य | यथार्थ विनिमय दरलाई स्थिर बनाइ राखी मूल्यमा स्थिरता र शोधनान्तर सुदृढीकरण हासिल गर्ने । |
| अन्तरिम लक्ष्य | मुद्रा प्रदाय र आन्तरिक कर्जा । |
| संचालन लक्ष्य | नेपाल राष्ट्र बैंकको खुद आन्तरिक सम्पत्ति । |
| प्रमुख मौद्रिक उपकरणहरु | खुला बजार कारोवार र अल्पकालीन व्याजदर ।<br>▪ वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा आफ्नो कुल निक्षेप दायित्वको ६ प्रतिशत अनिवार्य मौज्दात राख्नुपर्ने व्यवस्था गरी आफ्नो ढुकुटीमा मौजदात राख्नुपर्ने २ प्रतिशतको प्रावधान हटाइएको ।<br>▪ बैंकदर अपरिवर्तित ५.५ प्रतिशत कायम गरिएको । अन्य पुनर्कर्जादरहरुमा (क) विदेशी मुद्रामा प्रबाह हुने निर्यात कर्जाको लागि पुनर्कर्जा दर २.० प्रतिशत, (ख) रुग्ण उद्योग पुनरुत्थान कार्यक्रमका लागि उपलब्ध गराइने पुनर्कर्जा दर ३.० प्रतिशतबाट २.० प्रतिशत र (ग) ग्रामीण विकास बैंकहरु तथा स्वदेशी मुद्रामा निर्यात कर्जाको लागि उपलब्ध गराइने पुनर्कर्जा दर ४.५ प्रतिशत कायम गरिएको ।<br>▪ ९१ दिने र ३६४ दिने ट्रेजरी बिल्स बाहेक अन्य अल्पकालिन ट्रेजरी बिल्स पनि बोलकबोल प्रथाद्वारा निष्काशन गर्ने व्यवस्था मिलाइने ।<br>▪ आवधिक सरकारी ऋणपत्र निष्काशन तालिका (Issue Calendar) सार्वजनिक गरिने, विद्यमान दोश्रो बजार प्रणालीलाई सुदृढीकरण गरिने, ऋणपत्रहरुलाई क्रमशः बजारयोग्य ऋणपत्रको रुपमा परिणत गर्दै लगिने ।<br>▪ रुग्ण उद्योगहरु (औद्योगिक क्षेत्रमा रहेका उद्योगहरु समेत) का लागि वाणिज्य बैंकहरुलाई रु. १ अर्ब ५० करोडको पुनर्कर्जा उपलब्ध गराइने । यस्तो पुनर्कर्जाको व्याजदर ३.० प्रतिशतबाट २.० प्रतिशतमा घटाइएअनुरुप वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ऋणीहरुबाट लिने व्याजदर ६.५ प्रतिशतबाट घटाई ५.५ प्रतिशत कायम गर्ने व्यवस्था मिलाइएको ।<br>▪ यस बैंकको निर्देशनअनुसार प्राथमिकता क्षेत्र तथा विपन्न वर्गतर्फ प्रवाहित गर्नुपर्ने कर्जा रकम पूरा नभएमा २५ प्रतिशतसम्म नपुग रकममा लागेको हर्जाना आर्थिक वर्ष २०५९।६० का लागि पनि माफी गरिएको । |

| | |
|---|---|
| | ▪ वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूँजीकोष आर्थिक वर्ष २०६०।६१ का लागि न्यूनतम ११ प्रतिशत कुल पूँजीकोष जसमध्ये न्यूनतम ५.५ प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था मिलाइने । <br> ▪ नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०६०।६१ को मुनाफाको ५.० प्रतिशत रकम ग्रामीण स्वावलम्बन कोषमा जम्मा गर्ने । |

## वित्तीय क्षेत्र सुधार

७७. विश्व बैंकको ऋण सहायता तथा Department for International Development (बेलायत सरकार) को अनुदान सहयोगमा संचालित वित्तीय क्षेत्र प्राविधिक सहयोग अन्तर्गत संचालित वित्तीय क्षेत्र सुधार कार्यक्रममा मुख्यतया नेपाल राष्ट्र बैंकको पुनर्संरचना (Re-engineering of Nepal Rastra Bank), राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको पुनर्संरचनागत सुधार (Restructuring and Ownership Reform) र वित्तीय क्षेत्रको क्षमतामा अभिवृद्धि (Capacity Building in the Financial Sector) कार्यक्रम समावेश गरिएका छन् ।

### नेपाल राष्ट्र बैंकको सुदृढीकरण

७८. बैंकिङ्ग क्षेत्रमा प्रवेश गरेका नयाँ प्रविधिको विकाससँग सामञ्जस्य राख्दै स्वच्छ र प्रतिस्पर्धात्मक ढङ्गबाट यस क्षेत्रको विकासमा टेवा पु¥याउन नेपाल राष्ट्र बैंकको नियमन क्षमतामा अभिवृद्धि गर्न विदेशी परामर्शदाताको सहयोग समेत लिई अन्तर्राष्ट्रिय स्तरको नियमन तर्जुमा गरी लागू गरिसकिएको छ । यसका अतिरिक्त बैंकको निरीक्षण तथा सुपरीवेक्षण क्षमतामा अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका समेत तयार गरी लागू गरिसकिएको छ । यस बैंकको Re-engineering सम्बन्धी कार्यका लागि अमेरिकी संस्था IOS Partners लाई परामर्शदाताका रुपमा छनौट गरी २०५९ फागुन १७ देखि योजना बमोजिम Re-engineering सम्बन्धी कार्यहरु सुरु गरिएको छ । नेपाल राष्ट्र बैंक Re-engineering सम्बन्धी कार्य अघि बढाउनका साथै परामर्शदाताहरुले सिफारिश गरेका सुझावहरुलाई मूल्याङ्कन गरी पेश गर्न एक NRB/Re-engineering Steering Committee समेत गठन गरिएको छ । उक्त कमिटीले परामर्शदाताहरुले पेश गरेका विभिन्न सुझावहरु उपर मूल्याङ्कन गरी सुधार सम्बन्धी कार्यहरु कार्यान्वयन गर्न सिफारिश गर्ने व्यबस्था गरिएको छ । नेपाल राष्ट्र बैंकको Re-engineering सम्बन्धमा हालसम्मको प्रगति विवरण देहाय बमोजिम छ :

(क) नेपाल राष्ट्र बैंकको संगठनात्मक संरचनामा कामको प्रकृति अनुसार समायोजन गरी नयाँ संगठनात्मक संरचना मिति २०६०।८।२९ देखि लागू गरिएको छ ।

(ख) बैंकको काम कारबाहीमा देखिएका दोहोरोपना हटाउने उद्देश्यले केही कामहरु एक विभागबाट अर्को विभागमा गाभ्ने गरी मिति २०६०।८।२९ देखि विभागीय संरचनामा परिवर्तन गरिएको छ ।

(ग) निरीक्षण तथा सुपरिवेक्षण कार्यमा दक्षता तथा कुशलता ल्याउनका लागि ३० जना कर्मचारीहरुलाई परामर्शदाताहरुबाट On-the-Job Training प्रदान गरिएको छ ।

(घ) कार्य सम्पादन सक्षमताका साथ सम्पन्न गर्न मद्दत पुगोस् भन्ने अभिप्रायले ४६ जना External Auditors हरुलाई तालिम प्रदान गरिएको छ ।

(ङ) निरीक्षण तथा सुपरिवेक्षण निर्देशिकालाई अझ बढी परिमार्जन गरी समय सापेक्ष बनाइएको छ । यसबाट निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यमा अझ बढी स्पष्टता तथा प्रभावकारीता आएको छ ।

(च) Off-site Manual तयार भई लागु गरिसकिएको छ ।

(छ) IAS अनुसारको लेखा प्रणाली कार्यान्वयनमा ल्याउनका लागि Charts of Account तयार गरी सकिएको छ ।

(ज) आन्तरिक लेखापरीक्षण गर्न तयार गरिएको निर्देशिकामा सुधार गर्न उपयोगी सुझावहरु प्राप्त भएको र ती सुझावहरुलाई नयाँ आन्तरिक लेखापरीक्षण निर्देशिकामा समावेश गरिने छ ।

(झ) कर्मचारीको कार्य विवरण तयार गरिएको छ ।

(ञ) नेपाल राष्ट्र बैंकको लागि आवश्यक हुने जनशक्ति एकिन गरिएको छ र आवश्यकता भन्दा बढी कर्मचारीहरुलाई कटौती गर्ने उद्देश्यले मिति २०५९।१२।१७ मा लागू गरेको स्वैच्छिक अवकास योजना अन्तरगत ३५१ जना कर्मचारीले अवकास लिई सकेका छन् । दोश्रो चरणको स्वेच्छिक अवकास कार्यक्रम मिति २०६० चैत्र १८ मा लागू गरी यस अन्तर्गत १०२ जना कर्मचारीहरुले स्वेच्छिक अवकास लिएका छन् ।

(ट) बैंकका कर्मचारीले पाउने तलब, भत्ता सम्बन्धमा अध्ययन सम्पन्न भएको र बैंकले प्रदान गरेको भत्तामा वृद्धि गरिएको छ ।

(ठ) बैंकको कर्मचारी नीतिमा सुधार ल्याउन परामर्शदाताहरुबाट प्राप्त सुझावहरु पेश गरिएको र ती सुझावहरुको सान्दर्भिकताबारे बैंक व्यवस्थापनले अध्ययन गरिरहेको छ ।

(ड) बैंकको विद्यमान जनशक्तिको शीप तथा ज्ञानमा अभिवृद्धि ल्याउन Training needs पहिचान गरीएको छ । सोही बमोजिम निकट भविष्यमा तालिम संचालन गरी कर्मचारीको सीप अभिवृद्धि गर्ने योजना रहेको छ ।

(ढ) नेपाल राष्ट्र बैंकको Re-engineering अन्तर्गत दोश्रो चरणको कार्यक्रम संचालन गरिने भएको छ । जसअन्तर्गत नेपाल राष्ट्र बैंकलाई Computerised गर्ने, निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य अझ बढी प्रभावकारी बनाउने र बैंकको Accounting Manual मा सुधार गरी IAS Compliant बनाउने मुख्य उद्देश्य रहेका छन् ।

## राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको पुनर्संरचनागत सुधार

७९. राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना गर्न अमेरिकी नागरिक Mr. Bruce F. Henderson Chief Executive Officer-CEO को नेतृत्वमा माघ २, २०५९ देखि स्वदेशी तथा विदेशी परामर्शदाताहरु समेतको समूहबाट बैंकको व्यवस्थापन योजना, बजेट योजना तथा कार्य निर्देशिका लेखा शीर्षक वर्गीकरण विवरण र नयाँ कर्जा नीति तयार गरी बैंकले लागू गरिसकेको छ । बैंकले आर्थिक वर्ष २०५९।६० सम्मको लेखापरीक्षण सम्पन्न गरिसकेको छ । बैंकले आर्थिक वर्ष २०५८।५९ मा रु. ७ अर्ब १० करोड नोक्सान गरेकोमा आर्थिक वर्ष २०५९।६० मा नोक्सानी रु. ४ अर्ब ८० करोडमा झरेको छ । आर्थिक वर्ष २०६०।६१ को अपरिष्कृत वित्तीय विवरण अनुसार बैंकले सो वर्ष करीव रु. १ अर्ब खुद मुनाफा आर्जन गर्न सकेको देखिन्छ । व्यवस्थापन समूहले आर्थिक वर्ष २०६०।६१ भित्र खराव कर्जा अन्तर्गत रहेको रु.४ अर्ब असुली तथा पुनर्संरचना गर्ने लक्ष्य लिएको थियो । व्यवस्थापन समूहले करीव १ वर्ष ६ महिनाको अवधिमा निष्कृय कर्जाको वर्गीकरणमा परेको रकम मध्येबाट करीव रु. ३ अर्ब ३० करोड रकम नगदमै असूल गर्न सकेको छ । जनशक्तिलाई उपयुक्त स्तरमा राख्ने उद्देश्य अनुरुप स्वैच्छिक अवकास योजना लागू गरी १०३८ जना कर्मचारीहरुलाई बैंकले अवकास दिएको छ । बैंकको कारोवारलाई कम्प्यूटराइज गर्ने उद्देश्यले Hardware र Software खरीद गर्न आपूर्ति कर्ता छनौट गर्ने तथा प्रतितपत्र खोल्ने कार्य समाप्त भई सामान आपूर्ति हुने प्रक्रियामा रहेको छ ।

८०. श्री ५ को सरकारको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लि.को पुनर्संरचनाका लागि २०५९ श्रावण ६ गतेदेखि बैंक अफ स्कटलैण्ड (आयरलैण्ड) लि. को ICC Consulting को व्यवस्थापन समूहले आफ्नो कार्य गर्दै आएको छ । आर्थिक वर्ष २०५६।५७ देखि २०५९।६० सम्मको लेखापरीक्षण समाप्त भइसकेको छ जस अनुसार बैंकको घाटामा ठूलो सुधार भएको देखिएको छ । बैंकले आर्थिक वर्ष २०५८।५९ मा रु. ३ अर्ब १० करोड नोक्सान गरेकोमा आर्थिक वर्ष २०५९।६० मा नोक्सानी रु. २५ करोडमा झरेको थियो । आर्थिक वर्ष २०६०।६१ को अपरिष्कृत वित्तीय विवरण अनुसार बैंकले करीव ७२ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ । व्यवस्थापन समूहले बैंकको वित्तीय स्थिति सम्बन्धी प्रतिवेदन, आर्थिक वर्ष २०६०।६१ को लागि बैंकको बजेट योजना र भावी सुधार कार्यक्रमलाई अगाडि बढाउन व्यवस्थापन योजना तयार गरी नेपाल राष्ट्र बैंक तथा विश्व बैंकबाट समेत स्वीकृति लिएको छ । बैंकको सुधार कार्यका सम्बन्धमा व्यवस्थापन समूहले विस्तृत Human Resource Development Plan पेश गरेको छ । बैंकले आफ्नो कारोवारलाई कम्प्यूटराइज्ड गर्ने सम्बन्धमा कम्प्यूटर हार्डवेयर र सफ्टवेयर खरीद गरिसकेको छ । बैंकमा अन्तर्राष्ट्रिय स्तरको कर्जा नीति र निर्देशिकाहरु र सम्पत्ति दायित्व व्यवस्थापन निर्देशिका तर्जुमा गरी लागू भइसकेको छ । बैंकको कर्जा Portfolio Review गर्ने कार्य सम्पन्न गरी कर्जा असूली तथा पूनर्संरचना गर्ने कार्य भई रहेको छ । त्यस्तै, बैंकले कर्जा व्यवस्थापन गर्ने सन्दर्भमा आधुनिक शैली अपनाउन विभिन्न विभाग, इकाईहरुको गठन भई कार्यारम्भ गरेको र विगत २ वर्षको अवधिमा व्यवस्थापन समूहले निष्कृय कर्जाको रुपमा परिणत भई सकेको करीब रु ४ अर्ब १० करोड नगदमा असूल गरको छ । यसैगरी बैंकले ठूला ऋणीहरुसँग निरन्तर सम्पर्क गरी कर्जा असूली तथा पूर्नसंरचनाको लागि आवश्यक पहल गरिरहेको छ । बैंकको कर्जा असुलीका लागि व्यवस्थापन समूहले प्रयासहरु जारी राखेको छ । जनशक्तिलाई उपयुक्त स्तरमा राख्न स्वैच्छिक अवकास योजना लागू गरी विभिन्न स्तरका १३५१ जना कर्मचारीहरुलाई बैंकले अवकास दिइसकेको छ ।

## बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१

८१. बैंक तथा वित्तीय संस्था सम्बन्धी विभिन्न ऐनलाई एकिकरण गरी एउटै बैंक तथा वित्तीय संस्था ऐन तर्जुमा गर्न विधेयक मस्यौदा तयार गरी अर्थ मन्त्रालय समक्ष पेश गरिएकोमा " बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१' मिति २०६१।४।२१ देखि जारी भई लागु भइसकेको छ ।

## वाणिज्य बैंक उपर नियन्त्रण

८२. नेपाल बैंक लि. को व्यवस्थापन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ को उपदफा (१) बमोजिम मिति २०५८।१२।१ देखि नियन्त्रणमा लिई सोही दफाको (२) बमोजिम व्यवस्थापन समिति गठन गरी सोही समिति मार्फत

कारोवार संचालन भई रहेको छ । बैंकको आर्थिक अवस्था सुधारोन्मुख देखिएकाले उक्त बैंक माथिको नियन्त्रण थप २ वर्षका लागि कायमै राखी सोही समितिलाई २ वर्षसम्म निरन्तरता दिने निर्णय भएको छ । त्यसैगरी, लुम्बिनी बैंकको व्यवस्थापन २०५८।१२।७ देखि नियन्त्रणमा लिई सोही दफाको उपदफा (५) बमोजिम २०५८।१२।७ देखि पुन: एक वर्षको लागि नियन्त्रण अवधि थप गरी व्यवस्थापन समिति मार्फत कारोवार संचालन भई रहेकोमा २०६० चैत्र ४ गते देखि पुन: ८ महिनाको लागि नियन्त्रण अवधि थप गरिएको छ । उक्त बैंकको व्यवस्थापन नेपाल राष्ट्र बैंकले नियन्त्रणमा लिए पश्चात् समग्र बित्तीय स्थिति सुधारोन्मुख देखिएको छ । सर्वसाधारणलाई छुट्याइएको शेयर विक्री वितरण गरी सर्वसाधारणबाट समेत प्रतिनिधित्व भएको संचालक समितिबाट बैंक संचालन गर्ने व्यवस्था मिलाउने कार्यमा व्यबस्थापन समितिको प्रयास हुँदा हुँदै पनि काबु बाहिरको परिस्थितिले गर्दा २०६० चैत्र ६ गते भित्र सम्पन्न हुन नसकेको हुँदा उक्त ८ महिना नियन्त्रण अवधि थप गरिएको हो । यस अवधिमा सर्वसाधारणमा शेयर निष्काशन गर्न बैंकले विवरणपत्र प्रकाशन गरी सकेको छ ।

# बैंक तथा वित्तीय संस्था नियमन

## नियमन तथा निर्देशन परिमार्जन

८३. बैंकले विद्यमान नियमन निर्देशनहरुलाई समयानुकूल परिमार्जन गर्ने क्रममा कतिपय नियमनका अस्पष्ट बुँदाहरुलाई स्पष्ट पार्ने, कतिपय निर्देशनहरुलाई खारेज गर्ने र कतिपय नियमन तथा निर्देशनहरुलाई परिष्कृत गरेको छ । यस आर्थिक वर्षमा जारी तथा संशोधन गरिएका प्रमुख नियमन तथा निर्देशनहरु निम्नानुसार रहेका छन् :

(क) १ प्रतिशतभन्दा बढी शेयर धारण गर्ने संस्थापकले सम्बन्धित बैंकबाट कर्जा उपभोग गर्न नपाउने व्यवस्था गरिएको छ ।

(ख) बैंकको चुक्ता पूँजी वृद्धि, स्वाप कर्जा, लेखापरीक्षण समिति गठन, कर्जा नोक्सानी व्यवस्था समायोजन, संस्थागत सुशासनका विविध पक्ष, कर्जा पुनरतालिकीकरण र पुनर्संरचना आदि सम्बन्धमा विद्यमान निर्देशनका कतिपय बुँदाहरु परिमार्जन गरिएको छन् ।

(ग) वित्तीय जमानत जारी गर्ने सम्बन्धमा निर्देशन जारी गरिएको छ ।

(घ) आर्थिक वर्ष २०५९।६० का लागि मात्र शत प्रतिशत व्याज असुली गरी बैंकले कर्जा पुनर्संरचना गरेमा १ प्रतिशत मात्र कर्जाको लागि व्यवस्था गर्न छुट दिइएको छ ।

(ङ) साना किसान विकास बैंक लि. मा जाने कर्जालाई विपन्न वर्गमा जाने कर्जा सरह मान्यता प्रदान गरिएको छ ।

(च) संस्थापक शेयर धितो राख्ने सम्बन्धमा निर्देशन जारी गरिएको छ ।

(छ) पूँजी कोष सम्बन्धी व्यवस्थामा सामान्य संशोधन गरी बैंकको जोखिम भारित सम्पत्तिको आधारमा कायम गरिएको आर्थिक वर्ष २०६०।६१ को लागि पूँजीकोष ११ प्रतिशत (जसमध्ये प्राथमिक पूँजीकोष न्यूनतम ५.५ प्रतिशत हुनुपर्ने) र आर्थिक वर्ष ०६१।०६२ देखि पूँजीकोष १२ प्रतिशत (जसमध्ये प्राथमिक पूँजीकोष न्यूनतम ६ प्रतिशत हुनुपर्ने) लागू गर्न निर्देशन जारी गरिएको छ ।

(ज) कर्जामा लिने व्याजदरमा बैंक र ग्राहक वीच आपसी समझदारीमा ०.५ प्रतिशत विन्दुले घटिवढी गर्न सक्ने व्यवस्था खारेज गरिएको छ ।

(झ) निक्षेप विमा तथा कर्जा सुरक्षण निगम मार्फत् रु. १ करोड सम्मको साना तथा मझौला उद्यमको सुरक्षण गर्ने व्यवस्था गरिएको छ ।

(ञ) यस बैंकबाट ईजाजतपत्र प्राप्त संस्थाहरुले सहबित्तीयकरण अर्न्तगत प्रबाह गर्ने कर्जाका सम्बन्धमा निर्देशन जारी गरिएको छ ।

## बैंक तथा वित्तीय संस्थाको वर्गीकरण

८४. बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा ३१ को प्रयोजनको लागि न्यूनतम चुक्ता पूँजीको आधारमा बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण देहाय बमोजम गरिएको छ ।

| वर्ग | आवश्यक न्यूनतम चुक्ता पूँजी | | | | |
|---|---|---|---|---|---|
| | राष्ट्रि यस्तर | क्षेत्रीयस्तर* | ४-१० जिल्ला* | १-३ जिल्ला* | १ जिल्ला* |
| "क" | रु. १०० करोड | रु. २५ करोड | × | × | × |
| "ख" | रु. ३२ करोड | × | रु. ५ करोड | रु. २ करोड | × |
| "ग" | रु. १५ करोड+ | × | × | × | रु. २ करोड |
| | रु. ५ करोड | × | × | × | रु. १ करोड++ |
| "घ"** | रु. १० करोड | रु. ६ करोड | रु. २ करोड | रु. १ करोड | × |

* काठमाडौं उपत्यका बाहेक ।
** लघुवित्तको कारोवार मात्र गर्ने वित्तीय संस्था ।
\+ लिजिङ्ग कारोवार गर्ने वित्तीय संस्थाको हकमा मात्र लागू हुने ।
\++ मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको कुनै एक जिल्लामा मात्र सीमित रहने ।

## निवेदन तथा इजाजतपत्र दस्तुर

८५. बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा ४(१) को प्रयोजनको लागि बैंक तथा वित्तीय संस्था संस्थापन गर्नका लागि सम्वन्धित व्यक्तिले त्यस्तो बैंक तथा वित्तीय संस्था प्रचलित कानून बमोजिम दर्ता गर्न यस बैंकमा निवेदन दिंदा सम्वन्धित बैंक तथा वित्तीय संस्थाको जारी पूँजीको ०.०१ प्रतिशतले हुने रकम बराबर दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

८६. बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को दफा २९(२) को प्रयोजनका लागि वित्तीय कारोवार गर्ने इजाजत पत्रको लागि यस बैंक समक्ष निवेदन दिंदा सम्वन्धित बैंक तथा वित्तीय संस्थाको जारी पूँजीको ०.०२ प्रतिशतले हुने रकम बराबर दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

८७. वित्तीय कारोवार गर्ने इजाजत पत्रको लागि यस बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरिसकेका र प्रचलित कानून बमोजिम संस्थापना भै यस बैंकमा निवेदन परिसकेका वित्तीय संस्थाहरुको हकमा बुँदा ८६ मा उल्लेखित दस्तुर लाग्ने छैन तर, बुँदा ८७ मा उल्लेखित दस्तुर लाग्ने छ ।

## वाणिज्य बैंक सम्बन्धी नीतिगत व्यवस्थामा परिमार्जन

८८. काठमाण्डौ उपत्यका बाहिर केन्द्रीय कार्यालय रहने गरी स्थापना हुने वाणिज्य बैंकले कम्तीमा ३ वर्ष कार्य सन्तोषजनक ढंगले संचालन गरेपछि न्यूनतम एक अर्ब रुपैयाँ चुक्ता पूँजी पु-याई तोकिएको अन्य शर्तहरु पूरा गरेमा मात्र काठमाडौं उपत्यका सहित अधिराज्यभर कार्यालय संचालन गर्न दिन सकिने व्यवस्था गरिएको छ । हाल स्थापना भइसकेका क्षेत्रीय वाणिज्य बैंकहरुको हकमा रु.१ अर्ब चुक्ता पूँजी पु-याई तथा विदेशी बैंकसँग कम्तीमा ३ वर्षको प्राविधिक सेवा सम्झौता गरी निवेदन दिएमा ३ वर्ष नपुगेता पनि काठमाडौं उपत्यकामा कार्यालय खोल्न दिन सकिने व्यवस्था गरिएको छ । त्यसैगरी, काठमाडौं उपत्यका बाहिर ३ वर्षको कार्य संचालन गर्ने बैंकहरुले काठमाडौं उपत्यकामा कार्यालय खोल्नको निम्ति पूरा गर्नु पर्ने अन्य शर्त समेत किटानी गरिएको छ ।

## वित्त कम्पनीतर्फ नीतिगत व्यवस्था

८९. पूँजीकोषको गणना गर्ने प्रयोजनका लागि कर्जा तर्फको जोखिम भार देहाय अनुसार संशोधन गरिएको छ :

(क) सरकारी वा नेपाल राष्ट्र बैंक ऋणपत्र वा आफ्नो मुद्दति रसिदको धितोमा प्रवाह गरिएको कर्जाहरु - ०.००

(ख) नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त अन्य वित्तीय संस्थाहरुको मुद्दति रसिदको धितोमा प्रवाहित कर्जाहरु - ०.२०

९०. निक्षेप परिचालन गर्दा वित्त कम्पनीहरुले आफनो प्राथमिक पूँजीको २.५ गुणामा नबढ्ने गरी बचत निक्षेप संकलन गर्न सक्ने व्यवस्था गरिएको छ ।

९१. अनिवार्य नगद मौज्दातको हकमा वित्त कम्पनीले आफ्नो कूल निक्षेप दायित्व र सापटी कोषको कम्तीमा १ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकमा खाता खोली जम्मा गर्नु पर्ने व्यवस्था भै आएकोमा अब उप्रान्त नजिकको

वाणिज्य बैंकमा छुट्टै चल्ती खाता खोली उक्त रकम जम्मा गरेमा पनि अनिवार्य मौज्दातमा गणना गर्ने व्यवस्था गरिएको छ । अनिवार्य मौज्दात र तरल सम्पत्ति व्यवस्था सम्बन्धमा यस बैंकद्वारा वित्त कम्पनीहरुको लागि "राष्ट्रियस्तरको विकास बैंकमा निक्षेपको रुपमा रहेको मौज्दात" तरल सम्पत्ति अन्तर्गत समावेश गरिने गरिएकोमा सो प्रावधानलाई संशोधन गरी "विकास बैंक (लघु वित्त कारोवार गर्ने विकास बैंक बाहेक) मा निक्षेपको रुपमा रहेको मौज्दात" कायम गरिएको हुँदा सोही अनुसार निर्देशन जारी गरिएको छ । वित्त कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त हुँदा (आषाढ मसान्तमा) आफ्नो ढुकुटीमा रहेको नगद मौज्दातको विवरण कम्पनीका कार्यकारी प्रमुखबाट प्रमाणित गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र वित्तीय संस्था सुपरीवेक्षण विभागमा अनिवार्यरुपमा पेश गर्नु पर्ने व्यवस्था गरिएको छ ।

९२. कर्जा तथा सापट र पट्टा सम्पत्तिको पुनर्तालिकीकरण वा पुनर्संरचना सम्बन्धमा पुनर्तालिकीकरण वा पुनर्संरचना गर्नु अघि कर्जा तथा लगानी र पट्टा सम्पत्तिको सम्झौतामा उल्लेख भएबमोजिम पाकेको व्याज मध्ये कम्तीमा २५ प्रतिशत व्याज रकम असूल भएको हुनु पर्ने तर, उठाउँन बाँकी रहेको बाँकी व्याजलाई उठाउँन बाँकी साँवामा पूँजीकृत गरी कर्जालाई पुनर्तालिकीकरण वा पुनर्संरचना गर्न नपाईने गरी संशोधन गरिएको छ । त्यस्तै, अन्य बैंक तथा वित्तीय संस्थाबाट स्वाप (Swap) गरिने कर्जाको हकमा जुन वर्गीकरणमा परेको कर्जा स्वाप गरिने हो, स्वाप गरिलिने वित्त कम्पनीले पनि सोही वर्गीकरणमा राखी विद्यमान कर्जा नोक्सानी व्यवस्था बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्ने र यस्तो कर्जा स्वाप गरी लिने वित्त कम्पनीले सम्वन्धित कर्जा कुन वर्गीकरणमा रहेको थियो भन्ने सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट प्रमाणित विवरण लिनु पर्ने व्यवस्था गरिएको छ ।

९३. आपसी सम्बन्ध भएका ग्राहकहरुलाई एउटै समूह मानिने व्यवस्था अन्तर्गतका केही प्रावधानहरुमा संशोधन गरिएको छ ।

९४. वित्त कम्पनीहरुले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त अन्य कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुको संस्थापक शेयरमा लगानी गर्न नपाउने व्यवस्था गरिएको छ ।

९५. वित्तीय जमानत सम्बन्धी व्यवस्थाका लागि निम्नानुसार निर्देशन जारी गरिएको छ ।

(क) बैंक तथा वित्तीय संस्थाले वित्तीय जमानत जारी गर्ने सम्बन्धमा सीमा, सुरक्षण, मार्जिन, अख्तियारी र सूचना प्रणाली जस्ता विषयमा स्पष्ट नीति तर्जुमा गरी सो नीतिलाई आ-आफ्नो सञ्चालक समितिबाट पारित गरी लागू गर्नुका साथै सो नीति बारे यस बैंकलाई समेत अवगत गराउनु पर्नेछ ।

(ख) सञ्चालक समितिबाट वित्तीय जमानत सम्बन्धी नीति तर्जुमा गर्दा देहाय बमोजिम गर्नुपर्ने छ :

- जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थासँग त्यस्तो ग्राहकको कर्जा कारोवार हुनैपर्ने र प्रति ग्राहक कर्जा सीमा नाघ्ने कारणले थप कर्जा प्रदान गर्न नमिल्ने भएमा मात्र सम्वन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकलाई अन्य बैंक तथा वित्तीय संस्थाको पक्षमा वित्तीय जमानत जारी गर्न सक्ने ।
- उपरोक्त बमोजिम वित्तीय जमानत जारी गर्दा जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले गैर कोषमा आधारित कारोवारका लागि तोकिएको प्रतिग्राहक सीमा ननाघ्ने गरी मात्र वित्तीय जमानत जारी गर्नु पर्ने ।

(ग) यो निर्देशन जारी हुनु पूर्व जारी गरिएको जमानतको अवधि समाप्त भएपछि यस निर्देशन अनुसार जमानत जारी गर्न नमिल्ने भएमा पुन नविकरण गर्न नपाइने र यो निर्देशन विपरीत पुन नविकरण गरेमा शतप्रतिशत कर्जा व्यवस्था गर्नु पर्ने छ ।

(घ) देहायको जमानतका हकमा भने यो व्यवस्था लागू हुने छैन :

- अन्तराष्ट्रिय श्रेणीकृत विदेशी बैंकको काउन्टर ग्यारेन्टीमा जारी हुने ग्यारेन्टी,
- विड वण्ड,
- परफरमेन्स वण्ड,
- अग्रिम भुक्तानी जमानत,
- वित्तीय जमानत बाहेकका अन्य जमानतहरु ।

९६. आयकर ऐन, २०५८ को प्रयोजनका लागि वित्त कम्पनीहरुले अन्य संगठित संस्थाका कर्मचारीहरु समेतका लागि अवकाश कोष सञ्चालन गर्ने र त्यस्तो कोष यस बैंकबाट स्वीकृति गराउनु पर्ने भएमा निम्नानुसारको सम्पूर्ण शर्तहरु पूरा गरेको वित्त कम्पनीले मात्र यस बैंक समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था लागू गरिएको छ ।

(क) प्राथमिक पूँजी रु. १० करोड पुगेको,

(ख) सर्वसाधारणमा शेयर विक्री वितरण गरी नेपाल धितोपत्र विनिमय बजार लि.मा सुचिकृत भै सकेको,

(ग) लगातार ३ वर्ष देखि खुद मुनाफामा सञ्चालन भएको र

(घ) प्रचलित कानून र यस बैंकको निर्देशन पालना गरेको ।

९७. वित्त कम्पनीका शेयरधनी, निक्षेपकर्ता एवं वित्त कम्पनीसँग कारोवार गर्ने र कम्पनीको व्यवस्था प्रति अभिरुची राख्ने सर्वसाधारण समक्ष वित्त कम्पनीसँग सम्वन्धित महत्वपूर्ण परिसूचकहरु पारदर्शीरुपमा राख्नका लागि वित्त कम्पनीको वित्तीय स्थितिको उचित र यथार्थ चित्रण गराउने र वित्त कम्पनीले पालना गर्ने लेखा नीति र वित्तीय विवरणमा एकरुपता ल्याउने उद्देश्यले वित्त कम्पनीले पालना गर्नु पर्ने लेखानीति तथा वित्तीय विवरणहरुको ढाँचा सम्बन्धी व्यवस्था (निर्देशन नं. १४) लागू गरिएको छ ।

९८. "वित्तीय स्वार्थ" भन्नाले संस्थापक वा सञ्चालक वा एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएका शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले कुनै फर्म, कम्पनी वा संगठित संस्थाको चुक्ता पूँजीको १० प्रतिशत वा सो भन्दा बढी हुनेगरी छुट्टाछुट्टै वा संयुक्त रुपमा शेयर खरीद गरेको रहेछ भने त्यस्तो कम्पनी वा संगठित संस्थामा त्यस्तो संस्थापक वा सञ्चालक वा १ प्रतिशत वा सो भन्दा बढी शेयर लिएको शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्ता व्यक्तिको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको सम्झनु पर्ने भनी परिभाषित गरिएको छ ।

## विकास बैंक (लघुवित्त सम्बन्धी कार्य गर्ने) तर्फ नीतिगत व्यवस्था

९९. हालसम्म यस बैंकबाट स्वीकृत प्राप्त ५ वटा क्षेत्रिय स्तरका ग्रामीण विकास बैंक, ४ बटा निजी क्षेत्रबाट स्थापना भएका लघु वित्तको कारोवार गर्ने विकास बैंक र थोक कर्जा उपलब्ध गराउने उद्धेश्यले स्थापना भएका २ वटा राष्ट्रिय स्तरका विकास बैंक (रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर (RMDC) र साना किसान विकास बैंक) गरी ११ वटा लघु वित्तको कारोवार गर्ने विकास बैंकहरुले वित्तीय कारोवार गर्दै आएका छन ।

१००. लघु वित्तको कारोवार गर्ने विकास बैंकहरुलाई २०५९ फाल्गुण देखि जारी गरिएको निर्देशनका केही प्रावधानहरुमा संशोधन गरिएको छ । संशोधित निर्देशनमा असल कर्जाको लागि न्यूनतम १ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने, किस्तावन्दीमा असुल गर्ने गरी प्रवाह भएको कर्जा तथा सापटको प्रत्येक कर्जाको भाखा नाघेको आधारमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने कायम गरिएको छ ।

## सहकारी संस्थातर्फ नीतिगत व्यवस्था

१०१. यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजतपत्र सहकारी संस्थाहरुको संख्या गत आर्थिक वर्षसम्ममा ३४ वटा रहेकोमा साना किसान विकास बैंकले हेर्ने गरी ११ वटा संस्थाहरु हस्तान्तरण भएको र २ वटा संस्थाको इजाजतपत्र रद्द भएकोले २०६१ आषाढ मसान्तसम्ममा त्यस्ता सहकारी संस्थाहरुको संख्या २१ रहेको छ ।

१०२. सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृत प्राप्त बचत तथा ऋण सहकारी संस्थाहरु (साना किसान सहकारी संस्थाहरु बाहेक) लाई २०५९ श्रावणमा जारी गरिएको निर्देशनका केही प्रावधानहरुमा संशोधन गरिएको छ । जस अनुसार २०६० श्रावण १ गते देखि लागु हुने गरी सहकारी संस्थाहरुले कुल निक्षेप तथा सापटी कोषको कम्तीमा ०.५ प्रतिशत अनिवार्य नगद मौज्दातको रुपमा नेपाल राष्ट्र बैंकमा वा यस बैंक नभएको स्थानमा यस बैंकबाट इजाजतप्राप्त बाणिज्य बैंकमा छुट्टै चल्ती खाता खोलि जम्मा गर्नुपर्ने छ ।

## गैर-सरकारी संस्थातर्फ नीतिगत व्यवस्था

१०३. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन (पहिलो संशोधन), २०५५ लागु भए पछि लघु कर्जाको कारोवार गर्ने वित्तीय संस्थाहरुको संख्या बढदै गएको छ । हालसम्म यस बैंकबाट वित्तीय मध्यस्थताको कारोवार गर्न अनुमति पत्र प्राप्त गरेका गैर सरकारी संस्थाहरुको संख्या ४४ पुगेको छ । समीक्षा अवधिमा मिति २०६०।५।२८ मा खुर्कोट युवा क्लब, पर्वत, मिति २०६०।६।८ मा थारु तथा राजी महिला समाज, कैलाली, मिति २०६०।७।७ मा नारी अभ्युदय केन्द्र, चितवन, मिति २०६०।७।१२ मा महिला उपकार मञ्च, बाँकेलाई वित्तीय मध्यस्थताको कारोवार गर्ने इजाजतपत्र प्रदान गरिएको छ ।

१०४. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन (पहिलो संशोधन), २०५५ संशोधन भएपछि सोही अनुसार वित्तीय मध्यस्थता नियमावली, २०५६ मा पनि संशोधन गर्नुपर्ने भएकोले वित्तीय मध्यस्थता नियमावली, २०५६ का केही नियमहरुमा संशोधन तथा थप गरी श्री ५ को सरकारमा स्वीकृतिको लागि पठाइएकोमा मिति २०६०।१२।२ मा स्वीकृति भई आएको छ ।

१०५. एशियाली विकास बैंकको सहयोगमा सञ्चालित Institutional Strengthening of Nepal Rastra Bank for Regulation and Supervision of Rural Finance (TA No. 3580 - NEP) परियोजनाको कार्यान्वयनको लागि मिति

२०६०।६।३० को निर्णय बमोजिम एउटा १० सदस्यीय Steering Committee गठन भई सोही मितिमा उक्त कमिटी र परियोजनालाई आवश्यक सहयोग प्रदान गर्न एउटा ७ सदस्यीय Project Management Committee को गठन भएको छ।

१०६. उक्त परियोजनाबाट लघु वित्त सम्बन्धी प्रभावकारी नियमन र सुपरीवेक्षण गर्नको लागि ४ वटा कार्यपत्र पेश भई सकेको छ भने ३ वटा गोष्ठीहरु सम्पन्न भएका छन्। उक्त परियोजनाले पेश गरेको प्रतिवेदन अनुसार STI (Second Tier Insitution) को स्थापना गर्नको लागि पूर्वाधार समेत तयार गर्न एउटा STI Committee को गठन भएको छ।

## गैर–बैंकिङ्ग सम्पत्ति सम्बन्धी व्यवस्था

१०७. आर्थिक वर्ष २०५९/६० को अन्त्यसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले सकारेको गैर बैंकिङ्ग सम्पत्तिलाई आर्थिक वर्ष २०५९/६० पश्चात्को ३ आर्थिक वर्ष अर्थात् आर्थिक वर्ष २०६२/६३ भित्रमा विक्री हुन नसकेमा त्यस्तो गैर बैंकिङ्ग सम्पत्तिको लागि देहायमा उल्लेख भए बमोजिम ३ आर्थिक वर्ष भित्र शत प्रतिशत नोक्सानी व्यवस्था गर्नु पर्ने छ :

| आर्थिक वर्ष | नोक्सानी व्यवस्था |
|---|---|
| २०६०/६१ | ३३.३३ प्रतिशत |
| २०६१/६२ | ६६.६७ प्रतिशत |
| २०६२/६३ | १००.०० प्रतिशत |

तर, त्यस्तो गैर बैंकिङ्ग सम्पत्ति विक्री गरी सक्नु पर्ने सम्बन्धमा ऐन/निर्देशनमा तोकिएको अवधि (वाणिज्य बैंकको हकमा ७ वर्ष र विकास बैंक र वित्त कम्पनीको हकमा ५ वर्ष) ३ वर्षभन्दा कम रहने छ भने त्यस्तो अवस्थामा निम्नानुसार नोक्सानी व्यवस्था गर्नु पर्ने छ :

(क) ऐन/निर्देशनमा तोकिएको अवधि आर्थिक वर्ष २०६१/६२ मा पुरा हुँदैछ भने त्यस्तो गैर बैंकिङ्ग सम्पत्तिका लागि आर्थिक वर्ष २०६०/६१ को अन्त्यसम्ममा शत प्रतिशत नोक्सानी व्यवस्था खडा गर्नु पर्ने छ।

(ख) ऐन/निर्देशनमा तोकिएको अवधि आर्थिक वर्ष २०६२/६३ मा पुरा हुँदैछ भने त्यस्तो गैर बैंकिङ्ग सम्पत्तिका लागि आर्थिक वर्ष २०६०/६१ मा ५० प्रतिशत र आर्थिक वर्ष २०६१/६२ सम्ममा शतप्रतिशत नोक्सानी व्यवस्था खडा गर्नु पर्ने छ।

१०८. आर्थिक वर्ष २०६०/६१ र सो पछि बैंक तथा वित्तीय संस्थाहरुले सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति विक्री नभएसम्मका लागि सकार गरिएको आर्थिक वर्षमा २५ प्रतिशत बराबर रकम नोक्सानी व्यवस्था कायम गरि तत्पश्चात्को ३ आर्थिक वर्ष भित्रमा देहाय बमोजिम नोक्सानी व्यवस्था कायम गर्नु पर्ने छ :

| वर्ष | नोक्सानी व्यवस्था |
|---|---|
| पहिलो वर्ष | ५० प्रतिशत |
| दोश्रो वर्ष | ७५ प्रतिशत |
| तेश्रो वर्ष | १०० प्रतिशत |

१०९. गैर बैंकिङ्ग सम्पत्ति विक्री भएको अवस्थामा जुन आर्थिक वर्षमा विक्री भएको हो सोही आर्थिक वर्षको नाफा-नोक्सान हिसावमा त्यस्तो सम्पत्तिका लागि खडा गरिएको नोक्सानी व्यवस्थाको आवश्यक हिसाव मिलान गर्न सकिने छ।

११०. कर्जा सूचना केन्द्रको शेयर पूँजीमा गरेको लगानीको लागि नाफा/नोक्सान हिसावमा खर्च लेखी लगानी समायोजन कोषमा जम्मा गर्नु नपर्ने गरी छुट दिइएको छ।

१११. वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनका लागि सो सम्बन्धी सूचना व्यवस्था र यथा समयमा कर्जा नतिर्ने ऋणीहरुको कालोसूची तयार गर्ने कार्यलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त हुने व्यवस्था गर्न वाञ्छनिय भएकोले यस बैंकबाट वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा सूचना तथा कालोसूची व्यवस्था सम्बन्धी नयाँ निर्देशन जारी गरि परिमार्जन समेत गरिएको छ। जसअनुसार,

(क) रु. १० लाख वा सो भन्दा बढी ऋण लिई समयमै ऋण चुक्ता नगर्ने ऋणीलाई कालोसूचीमा राख्ने व्यवस्था रहेकोमा उक्त सीमालाई वृद्धि गरी रु. २५ लाख कायम गरिएको छ।

(ख) कर्जाको साँवा वा साँवाको कुनै किस्ता वा व्याजको भुक्तानी मिती ६ महिना नाघेमा त्यस्तो ऋणीलाई कालोसूचीमा समावेश गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त अवधि बढाई ९ महिना कायम गरिएको छ।

(ग) प्राइभेट लिमिटेड कम्पनीका सबैं शेयरधनी र पब्लिक लिमिटेड कम्पनीको १० प्रतिशत वा सो भन्दा बढी शेयर लिने शेयरधनीलाई कालोसूचीमा समावेश गर्ने व्यवस्था रहेकोमा प्राईभेट तथा पब्लिक लि. कम्पनीका १५ प्रतिशत वा सो भन्दा बढी शेयर लिने शेयरधनीहरुलाई कालोसूचीमा समावेश गर्ने व्यवस्था कायम गरिएको छ ।

(घ) रु. १० लाखभन्दा बढी तर रु. २५ लाख भन्दा कम कर्जाको साँवा र व्याज भुक्तानी नभई केन्द्रको कालो सूचीमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई उक्त सूचीबाट हटाई यस निर्देशन बमोजिम केन्द्रले तयार गर्ने कालोसूची अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था कायम गरिएको छ ।

(ङ) प्रत्येक वाणिज्य बैंक तथा वित्तीय संस्थाले रु. ५ लाख वा सोभन्दा बढीको नयाँ कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनर्संरचना वा पुनर्तालिकीकरण गर्नु अगावै ऋणी/ ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने व्यवस्था कायम रहेकोमा उक्त सीमा वृद्धि गरि रु. १० लाख वा सोभन्दा बढीको सिमा कायम गरिएको छ ।

### ऋण असुली प्रयोजनका लागि वित्तीय संस्था

११२. बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा ३ को खण्ड (घ) को प्रयोजनका लागि यस बैंकले वित्तीय संस्थाको ऋण असूली सम्बन्धी मुद्दाको लागि सोही ऐनको व्यवस्था लागू हुने गरी वित्त कम्पनी ऐन, २०४२ बमोजिम स्थापना भएका वित्त कम्पनी र विकास बैंक ऐन, २०५२ बमोजिम स्थापना भएका विकास बैंकहरु (लघु वित्त कारोवार गर्ने बाहेक) लाई तोकेको छ ।

## बैंक तथा वित्तीय संस्था निरीक्षण तथा सुपरिवेक्षण

### वाणिज्य बैंक

११३. आर्थिक वर्ष २०६०।६१ मा नेपाल बैंक लि., राष्ट्रिय बाणिज्य बैंक, नविल बैंक लि., नेपाल एसबीआई बैंक लि., नेपाल बंगलादेश बैंक लि., एभरेष्ट बैंक लि., बैंक अफ काठमाडौं लि., नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि, लुम्बिनी बैंक लि., नेपाल इण्डष्ट्रियल एण्ड कमर्शियल बैंक लि., माछापुच्छ्रे बैंक लि., कुमारी बैंक लि. र सिद्धार्थ बैंक लि., को स्थलगत निरीक्षण सम्पन्न गरिएको छ ।

११४. नेपाल राष्ट्र बैंकको सुपरीवेक्षकीय भूमिकालाई अझ सक्षम र सुदृढ वनाउने क्रममा गैर-स्थलगत सुपरिवेक्षण निर्देशिका तयार गरी २०६० माघ १ गते देखि लागू समेत भइसकेको छ ।

**११५.** सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले पेश गर्नु पर्ने तथ्यांकमा शीघ्रता ल्याउन नीति निर्देशनहरुको प्रभावकारी कार्यान्वयन (Enforcement) को व्यवस्था गर्ने सम्बन्धमा गत वर्ष देखि नै software मार्फत Online तथ्याङ्क प्राप्त भइरहेको र सो बमोजिम बाणिज्य बैंकहरुको गैर-स्थलगत रुपमा Early warning Indications प्राप्त हुने गरेको छ । स्थलगत निरीक्षण सम्पन्न गरि निरीक्षण प्रतिवेदनका साथसाथै निर्देशन दिए पश्चात् ९० दिन भित्र बाणिज्य बैंकहरुले ती निर्देशनहरु पालना गर्ने सम्बन्धमा आफ्नो कार्ययोजना यस विभागमा पेश गर्ने गरेका छन् । यसरी स्थलगत निरीक्षण पश्चात दिइएका निर्देशनहरु परिपालन भए नभएको सम्बन्धमा नियमित रुपमा पटक पटक अनुगमन निरीक्षण समेत गर्ने गरिएको छ ।

११६. बाणिज्य बैंकहरुले आर्थिक वर्ष २०६०।६१ मा न्यूनतम ५.५ प्रतिशत प्राथमिक पूँजी समेत न्यूनतम ११ प्रतिशत कूल पूँजी कोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा सवै बैंकहरुबाट प्राप्त तथ्याङ्को छानविन तथा अध्ययनबाट नेपाल बैंक लि., राष्ट्रिय वाणिज्य बैंक, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. र नेपाल बंगलादेश बैंक लि. बाहेक अन्य बैंकहरुले निर्देशानुसार पूँजी कोष कायम गरेको देखिएको छ ।

११७. बैंकिङ्ग क्षेत्रमा रहेको निष्क्रिय कर्जालाई घटाउदै लैजान र खराव कर्जाकोलागि निर्देशन बमोजिम पर्याप्त व्यवस्था (Provision) गर्न बाणिज्य बैंकहरुलाई निर्देशनहरु दिइएकोमा बाणिज्य बैंकहरुले निर्देशन पालना गरे नगरेको सन्दर्भमा नियमित रुपमा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण गरि अनुगमन गर्ने गरिएको छ ।

११८. वाणिज्य बैंकहरुले नेपाल राष्ट्र बैंकमा आफ्नो कूल निक्षेप दायित्वको ६ प्रतिशत अनिवार्य नगद मौज्दातको रुपमा राख्नु पर्ने व्यवस्था भएको सन्दर्भमा सो सम्बन्धी विश्लेषण गर्न विद्यमान Software परिमार्जन गरी नयाँ Software तयार गरी प्रयोगमा ल्याइएको छ । यस अनुरुप अनिवार्य नगद मौज्दात गणना गर्दा अनिवार्य नगद मौज्दात कायम गर्न नसकेका नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, स्टयाण्डर्ड चार्टर्ट बैंक नेपाल लिमिटेड, नेपाल क्रेडिट एण्ड कर्मशियल बैंक लिमिटेड, नेपाल इण्डष्टियल एण्ड कर्मशियल बैंक लिमिटेड र कुमारी बैंक लिमिटेड गरी जम्मा ६ वटा बाणिज्य बैंकहरुलाई यस आर्थिक वर्षमा कूल रु. ६२,३०,७११।४५ हर्जाना लगाइएको छ ।

११९. वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जामध्ये यस बैंकवाट तोकिएको प्रतिशतसम्म प्राथमिकता प्राप्त क्षेत्र तथा विपन्न वर्गमा कर्जा प्रवाह गर्नु पर्ने र सो प्रतिशत नपुग भएमा हर्जाना लगाउने कानूनी व्यवस्था रहेको छ । सो व्यवस्थानुसार गणना गर्दा यस बैंकले तोकेको प्रतिशत भन्दा कम कर्जा प्रवाह गर्ने हिमालयन बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्शियल बैंक लिमिटेड, लुम्बिनी बैंक लिमिटेड र लक्ष्मी बैंक लिमिटेड गरी पाँच वटा बाणिज्य बैंकहरुलाई कुल रु. ९,३५,३६५।६३ हर्जाना लगाइएको छ ।

१२०. निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सम्पादन गर्नका लागि Basel committee on Banking Supervision ले तयार पारेका New Capital Accord Basel II को नेपालको परिप्रेक्ष्यमा प्रभावकारिता अध्ययन गरि अवधारणा पत्र तयार गरिने क्रममा रहेको छ ।

## वित्तीय संस्थाहरु

१२१. वित्तीय संस्थाहरुको संख्या वढे अनुसार तिनीहरुका बीच प्रतिस्पर्धाका साथै कारोवारको प्रकृति तथा प्रदान गर्ने सेवामा समेत वृद्धि भएको छ । यसबाट वित्तीय प्रणालीमा जोखिम तथा जटिलता समेत बढ्न जाने हुंदा त्यसलाई समयमै पहिचान गरी न्यूनीकरण गर्नुपर्ने आवश्यकता रहेको परिप्रेक्ष्यमा तदनुरुप निरीक्षण पद्धतीमा समेत समय सापेक्ष परिमार्जन गर्नुपर्ने आवश्यकता महशुस गरी विश्व बैंकको प्राविधिक सल्लाहकारको सहयोगमा तयार गरिएको " स्थलगत निरीक्षण निर्देशिका" एवं " निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९" अनुरुप निरीक्षण तथा सुपरिवेक्षण पद्धतीमा समेत परिमार्जन गरिएको छ । यसबाट अन्य कुराका अतिरिक्त मुख्यतया वित्तीय संस्थाको समष्टिगत (Corporate) निरीक्षण कम्तिमा २ वर्षको एकचोटी गर्ने व्यवस्था हुनाका साथै लघुवित्त विकास बैंक, सहकारी संस्था र गैर सरकारी संस्था बाहेक अन्य वित्तीय संस्थाको स्थलगत निरीक्षण गर्दा अनिवार्यरुपमा क्यामेल्स रेटिङ्ग (CAMELS Rating) समेत गर्नुपर्ने र सोको प्रतिवेदन (आन्तरिक प्रयोजनको लागि मात्र) को आधारमा समेत सम्बन्धित वित्तीय संस्थाको समग्र स्थिति निर्धारण हुने व्यवस्था भएको छ । IOS PARTNER को सहयोगमा गैरस्थलगत सुपरिवेक्षण निर्देशिका वनाई CAELS Rating को आधारमा गैरस्थलगत (वार्षिक) सुपरिवेक्षण प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको छ । Off-site Supervision Manual तयार भएपछि सोही अनुसार सुपरिवेक्षण कार्य गरिने छ । हाल उक्त Off-site supervision manual तयारी अन्तिम चरणमा रहेको छ ।

१२२. आर्थिक वर्ष २०६०।६१ मा ९ वटा विकास बैंक, २९ वटा वित्त कम्पनी, ७ वटा सहकारी संस्था तथा ९ वटा गैर सरकारी संस्था गरी जम्मा ५४ वटा वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण गरी त्यसबाट देखिएका कैफियतका सम्बन्धमा आवश्यक निर्देशन दिइएको छ ।

१२३. आर्थिक वर्ष २०५९।६० सम्मको लेखापरीक्षण प्रतिवेदनको आधारमा ५५ वटा वित्त कम्पनी, २१ वटा विकास बैंक ( लघु कर्जा कारोवार गर्ने समेत) र १८ वटा सहकारी संस्थाको गैर-स्थलगत सुपरिवेक्षण गरी पूँजीकोष, वित्तीय स्रोत संकलन, अनिवार्य मौज्दात तथा तरलता, कर्जा वर्गीकरण एवं कर्जा नोक्सानी व्यवस्था, क्षेत्रगत कर्जा सीमा, व्याजदर जस्ता निर्देशनका साथै लगानी सम्बन्धी व्यवस्था, खुद मुनाफा तथा लाभांश व्यवस्था एवं लेखापरीक्षण सम्बन्धी निर्देशनको पालना स्थितिको परिक्षण गरी देखिएका कैफियतका सम्बन्धमा आवश्यक निर्देशन समेत दिइएको छ ।

१२४. साथै, साप्ताहिक तरलता अनुगमन गर्दा यस बैंकको निर्देशन अनुरुप यस बैंकमा न्यूनतम अनिवार्य नगद मौज्दात तथा तरल सम्पत्ति कायम नगर्ने निम्न विकास बैंक, सहकारी संस्थाहरु र वित्त कम्पनीहरुलाई नियमानुसार हर्जाना लगाइएको छ ।

(क) विकास बैंकहरुः

- नेपाल घरेलु तथा साना उद्योग विकास बैंक लि.
- मालिका विकास बैंक लि.
- युनाइटेड विकास बैंक लि.
- नारायणी औद्योगिक विकास बैंक लि.
- पशुपति विकास बैंक लि.
- नारायण औद्योगिक विकास बैंक लि.

(ख) वित्त कम्पनीहरुः

- क्रिष्टल फाइनान्स कम्पनी लि.
- एल्पिक एभरेष्ट फाइनान्स कंम्पनी लि.
- पाटन फाइनान्स कम्पनी लि.
- ललितपुर फाइनान्स कम्पनी लि.
- कस्मिक मर्चेन्ट बैकिंग एण्ड फाइनान्स कम्पनी लि.
- एन.आई.डी.सी. क्यापिटल मार्केट लि.

- क्यापिटल मर्चेन्ट बैकिंग एण्ड फाइनान्स कम्पनी लि.
- एभरेष्ट फाइनान्स कम्पनी लि.
- गुहेश्वरी मर्चेन्ट बैकिंग एण्ड फाइनान्स लि.
- वुटवल फाइनान्स कम्पनी लि
- पिपुल्स फाइनान्स कम्पनी लि.
- हिमालयन फाइनान्स कम्पनी लि.
- सेन्ट्रल फाइनान्स कम्पनी लि.
- वीरगंज फाइनान्स कम्पनी लि.
- जनरल फाइनान्स कम्पनी लि.
- यति फाइनान्स कम्पनी लि.
- इन्भेष्टा फाइनान्स कम्पनी लि.
- काठमाडौं फाइनान्स कम्पनी लि.

(ग) सहकारी संस्थाहरुः

- नवजीवन सहकारी संस्था लि.
- सगुन सहकारी संस्था लि.
- नेपाल सहकारी वित्तीय संस्था लि.
- अमरावती सहकारी संस्था लि.

१२५. आर्थिक वर्ष २०६०।६१ मा ४ वटा विकास बैंक र ४ वटा वित्त कम्पनीको विशेष निरीक्षण सम्पन्न गरिएको छ भने एउटा विकास बैंक, एउटा वित्त कम्पनी र एउटा सहकारी संस्थाको अनुगमन निरीक्षण सम्पन्न भएको छ ।

१२६. नेपाल विकास बैंक लिमिटेडको स्थलगत निरीक्षण गर्दा देखिएका विभिन्न कैफियतहरुको सम्बन्धमा आवश्यक सुधार गर्न निर्देशन दिइएकोमा सो सम्बन्धमा आवश्यक सुधार हुन नसकी मिति २०६१।३।२४ देखि नेपाल राष्ट्र बैंकले तोकेको शर्त पालना नभएसम्मका लागि निक्षेप संकलनमा रोक लगाइएको छ ।

१२७. युनाइटेड विकास बैंकको गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदन अनुसार पूँजीकोष नपुग हुन गएकोले मिति २०६०।११।२६ को निर्णयबाट निक्षेपमा रु. ८ करोडको सीमा कायम गरिएको छ ।

१२८. स्थलगत निरीक्षणको क्रममा देखिएका त्रुटी तथा विसंगति सुधार गर्न र यस बैंकबाट जारी भएका निर्देशनको पालना गर्न निर्देशन भएकोमा सो अनुसार नगरेकोले निम्न सहकारी संस्थाहरुलाई यस बैंकबाट सीमित बैकिंग कारोवार गर्न प्रदान गरिएको इजाजत पत्र रद्द गरिएको छ ।

(क) नेशनल डेभलपमेन्ट को-अपरेटिभ सोसाइटी
(ख) नेपाल सहकारी संस्था लि.

१२९. निम्न सहकारी संस्थाहरुको गैरस्थलगत सुपरिवेक्षणबाट प्राप्त कैफियत अनुसार थप निक्षेप संकलन गर्न दिनु सदस्य निक्षेपकर्ताहरुको हितमा नदेखिने हुंदा निक्षेपको सीमा तोकी तोकिएको सीमाभित्र रही निक्षेप संकलन कायम गर्न निर्देशन दिइएको छ :

(क) नव क्षितिज सहकारी संस्था
(ख) सगुन सहकारी संस्था
(ग) युनाइटेड बचत तथा ऋण सहकारी संस्था

१३०. यस बैंकबाट वित्त कम्पनीहरुलाई जारी निर्देशन अनुसार आ.ब.२०५९।६० को लागी कम्पनीहरुको कुल पूँजीकोष जोखिम भारित सम्पतीको कम्तीमा ११ प्रतिशत हुनुपर्नेमा सो अनुरुप नभएका निम्न वित्त कम्पनीहरुलाइ प्राथमिक पूँजीकोष तथा कुल पूँजीकोष बैंक तथा वित्तिय संस्था सम्बन्धी अध्यादेश २०६० को दफा ४२(२) अनुसार कायम गर्न नसकेको हुँदा संस्थाको संचालक समितिलाई ३५ दिनभित्र पूँजीकोष कायम रहन नसकेको कारण तथा पूँजीकोष बृद्धि गर्न तयार गरेको पूँजी योजना Detail capital plan वा कार्यक्रम बारे यस बैंकलाई जानकारी गराउन निर्देशन दिइएको छ ।

(क) मर्चेन्ट फाइनान्स कम्पनी लि.
(ख) नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.
(ग) लुम्विनी फाइनान्स एण्ड लिजिङ्ग कम्पनी लि.
(घ) जानकी फाइनान्स कम्पनी लि.

१३१. यस बैंकको निर्देशन बमोजिम जोखिम भारित सम्पत्तिको आधारमा पूँजीकोष कायम नगर्ने देहायका वित्त कम्पनीहरुलाई निर्देशन बमोजिम पूँजीकोष कायम गर्न गराउन निर्देशन दिइएको छ ।

(क) नेपाल श्रीलंका मर्चेन्ट बैंक लि.
(ख) कस्मिक मर्चेन्ट बैकिंग एण्ड फाइनान्स कम्पनी लि.
(ग) सिद्धार्थ फाइनान्स कम्पनी लि.
(घ) क्रिष्टल फाइनान्स कम्पनी लि.
(ङ) वुटवल फाइनान्स कम्पनी लि.
(च) एल्पिक एभरेष्ट फाइनान्स कम्पनी लि.
(छ) मल्टिपरपस इन्भेष्टमेन्ट एण्ड सेभिङ्ग फाइनान्स कम्पनी लि.
(ज) सम्झना फाइनान्स कम्पनी लि.
(झ) जानकी फाइनान्स कम्पनी लि.
(ञ) लुम्बिनी फाइनान्स कम्पनी लि.
(ट) नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.
(ठ) मर्चेन्ट फाइनान्स कम्पनी लि.

१३२. वित्त कम्पनीहरुले धितोपत्र विनिमय बजारमा सूचीकृत भईसकेको वा एकवर्ष भित्र सूचीकृत हुने अवस्था भएका संगठित संस्थाको शेयर तथा डिवेन्चरमा मात्र लगानी गर्नसक्ने र यसरी लगानी गरिएको संगठित संस्था एकवर्षभित्र धितोपत्र विनिमय बजारमा सूचीकृत नभएमा लगानी गरेको रकम बराबर लगानी समयोजन कोषमा जम्मा गर्नुपर्ने निर्देशन रहेकोमा केही वित्त कम्पनीहरुले हिमालयन डिष्टिलरी प्रा.लि.को शेयर विक्री गर्न प्रत्याभूति (Underwriting) गरेकोमा सम्पूर्ण शेयर बिक्री नभई बांकी रहेको शेयर प्रत्याभूतिकर्ता कम्पनीहरुले अङ्कित मूल्यको ५० प्रतिशत मात्र भुक्तानी गरी खरीद गरेकोमा हिमालयन डिष्टिलरी प्रा.लि.ले त्यस्तो शेयरको पुनः शतप्रतिशत रकम चुक्ता गर्न माग गर्दा देहायका वित्त कम्पनीहरुले भुक्तानी नगरेकोले कम्पनीले यस्तो शेयर जफत गर्ने सूचना प्रकाशित गरेको सन्दर्भमा शेयर बिक्रीको प्रत्याभूति गर्ने निम्न वित्त कम्पनीलाई जफत गरिएको शेयर बराबर हुने रकम २०६० आषाढ मसान्तभित्र लगानीमा सम्भावित नोक्सानीवापत व्यवस्था गर्न निर्देशन दिइएको छ :

(क) नेशनल फाइनान्स कम्पनी लि.
(ख) युनिभर्सल फाइनान्स कम्पनी लि.
(ग) सेन्ट्रल फाइनान्स कम्पनी लि.
(घ) अन्नपूर्ण फाइनान्स कम्पनी लि.
(ङ) गुडविल फाइनान्स कम्पनी लि.
(च) नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स कम्पनी लि.
(छ) ललितपुर फाइनान्स कम्पनी लि.
(ज) कस्मिक मर्चेन्ट बैकिंग फाइनान्स कम्पनी लि.
(झ) प्रिमियर फाइनान्स कम्पनी लि.
(ञ) लुम्बिनी फाइनान्स कम्पनी लि.
(ट) नेपाल श्रीलंका मर्चेन्ट बैंक लि.
(ठ) नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.

१३३. यस बैंकको निर्देशन बमोजिम कर्जा वर्गीकरण नगरी जोखिम व्यहोर्ने कोषको पर्याप्त व्यवस्था नगरेका तथा नपुग व्यवस्था गरेका देहायका वित्त कम्पनीहरुलाई थप कर्जा नोक्सानी व्यवस्था गर्न निर्देशन दिइएको छ :

(क) पश्चिमान्चल फाइनान्स कम्पनी लि.
(ख) नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स कम्पनी लि.
(ग) नवदुर्गा फाइनान्स कम्पनी लि.
(घ) प्रिमियर फाइनान्स कम्पनी लि.
(ङ) क्रिष्टल फाइनान्स कम्पनी लि.
(च) भाजुरत्न फाइनान्स कम्पनी लि.
(छ) ललितपुर फाइनान्स कम्पनी लि.
(ज) मर्चेन्ट फाइनान्स कम्पनी लि.
(झ) जनरल फाइनान्स कम्पनी लि.
(ञ) नेपाल श्रीलंका मर्चेन्ट बैंक लि.
(ट) किष्ट मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि.
(ठ) युनिभर्सल फाइनान्स कम्पनी लि.
(ड) पाटन फाइनान्स कम्पनी लि.

(ढ) लुम्बिनी फाइनान्स एण्ड लिजिंग कम्पनी लि.
(ण) जानकी फाइनान्स कम्पनी लि.
(त) नेपाल फाइनान्स एण्ड सेभिंग कम्पनी लि.
(थ) सम्भना फाइनान्स कम्पनी लि.

१३४. यस बैंकको निर्देशन बमोजिम प्रतिग्राहक कर्जा सीमा नाघ्ने गरी कर्जा प्रवाह गरेको देखिएकोले देहायका वित्त कम्पनीहरुलाई सीमाभन्दा बढी प्रवाह गरेको रकमको शत्प्रतिशत अतिरिक्त जोखिम व्यहोर्ने कोषको व्यवस्था गर्न निर्देशन दिइएको छ :

(क) क्रिष्टल फाइनान्स कम्पनी लि.
(ख) किष्ट मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि.
(ग) एल्पिक एभरेष्ट फाइनान्स कम्पनी लि.
(घ) पाटन फाइनान्स कम्पनी लि.
(ङ) नेपाल श्रीलंका मर्चेन्ट बैंक लि.
(च) हाईसेफ फाइनान्स कम्पनी लि.

१३५. यस बैंकको क्षेत्रगत कर्जा सीमा सम्बन्धी निर्देशनको पालना नगरी सीमाभन्दा बढी कर्जा लगानी गर्ने देहायका वित्त कम्पनीलाई सीमाभन्दा बढी लगानी गरेको रकमको २५ प्रतिशतले हुने रकम अतिरिक्त नोक्सानी व्यवस्था गर्न निर्देशन दिइएको छ।

(क) क्रिष्टल फाइनान्स कम्पनी लि.
(ख) इन्भेष्टा फाइनान्स कम्पनी लि.
(ग) मल्टिपरपस फाइनान्स कम्पनी लि.

१३६. प्राथमिक पूंजीको तोकिएभन्दा बढी हुनेगरी वित्तीय स्रोत संकलन गर्ने देहायका वित्त कम्पनीलाई बढी संकलन गरेको रकम नेपाल राष्ट्र बैंकमा छुट्टै खाता खोली जम्मा गर्न निर्देशन दिइएको छ।

(क) क्रिष्टल फाइनान्स कम्पनी लि.
(ख) हाइसेफ फाइनान्स कम्पनी लि.
(ग) कस्मिक मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि.
(घ) सम्भना फाइनान्स कम्पनी लि.
(ङ) एल्पिक एभरेष्ट फाइनान्स कम्पनी लि.
(च) जानकी फाइनान्स कम्पनी लि.
(छ) प्रिमियर फाइनान्स कम्पनी लि.

जसमध्ये सम्भना फाइनान्स कम्पनी लिमिटेडले वढी संकलन गरेको वित्तीय स्रोत रु. २२९५ हजार मिति २०६१।३।१७ मा नेपाल राष्ट्र बैंकमा निर्व्याजी रुपमा जम्मा गर्न लगाइएको छ । सो रकम तरलतामा गणना नगर्ने र यस विभागको स्वीकृति नलिई भिक्न नपाउने गरिएको छ । बाँकी कम्पनीहरुले सो अवधिभित्र वढी संकलन गरेको वित्तीय स्रोत सीमा भित्र ल्याइसकेका छन् ।

१३७. देहायका वित्त कम्पनीले संगठित संस्थाको शेयर तथा डिवेञ्चरमा तोकिएभन्दा बढी लगानी गरेको देखिएकोले २०६१ साल आषाढ मसान्तभित्र यस्तो लगानीलाई सीमाभित्र ल्याउन निर्देशन दिइएको छ।

(क) नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.
(ख) हाइसेफ फाइनान्स कम्पनी लि.
(ग) गुडविल फाइनान्स कम्पनी लि.
(घ) क्रिष्टल फाइनान्स कम्पनी लि.
(ङ) मर्चेण्ट फाइनान्स कम्पनी लि.
(च) नेशनल फाइनान्स कम्पनी लि.
(छ) युनिभर्सल फाइनान्स कम्पनी लि.
(ज) नेपाल वंगलादेश फाइनान्स एण्ड लिजिंग कम्पनी लि.

१३८. श्री इन्भेष्टमेण्ट एण्ड फाइनान्स कम्पनी लि., गोरखा फाइनान्स कम्पनी लि र प्रिमियर फाइनान्स कम्पनी लि. ले कम्पनी ऐन, २०५३ र यस बैंकको निर्देशन विपरित २०५९ आषाढ मसान्तमा कायम रहेका संस्थापक शेयरधनीहरुले मात्र पाउने गरी लाभांश वितरण गरेकोले सो फिर्ता गर्न लगाउनका साथै नियमसम्मत नहुने गरी लाभांश वितरणको निर्णय गर्ने संचालक समितिलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम सचेत गराइएको छ।

१३९. नेशनल फाइनान्स कम्पनी लि. ले यस बैंकको निर्देशन विपरित संस्थापक एवम् संचालकहरुलाई कोष एवम् गैर कोषमा आधारित सुविधा प्रदान गरेको देखिएकोले निर्देशन विपरित कार्य नगर्न र गरिसकेको कार्य तुरुन्त नियमित गर्न निर्देशन दिइएको छ ।

१४०. यस बैंकको निर्देशन विपरित कस्मिक मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि.मा एउटै परिवारबाट एकजना भन्दा बढी संचालक रहेको सम्बन्धमा स्पष्टीकरण सोध्नुका साथै गोरखा फाइनान्स कम्पनी लि. एवम् सम्झना फाइनान्स कम्पनी लि.मा एकै व्यक्ति यस बैंकबाट इजाजत प्राप्त एक भन्दा बढी संस्थाको संचालक रहेको पाइएकोले एउटा संस्थामा मात्र संचालक रहन निर्देशन दिइएको छ ।

१४१. ईण्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कम्पनी लि. का संचालकहरुलाई न्यूनतम शुल्क व्यहोर्ने गरी उपलब्ध गराइएको मोवाईल-फोनको महशुलमा भएको बढी खर्च असुल गर्न निर्देशन दिईएको छ । वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेडका कर्मचारीले पूर्व संचालन खर्च वापत लिएको पेस्की अविलम्ब फछ्र्यौट गर्न निर्देशन दिइएको छ भने पिपुल्स फाइनान्स कम्पनी लि.बाट संस्थापक तथा संचालकहरुलाई प्रवाह गरेको कर्जा २०६१ आषाढ मसान्तभित्र असुल गर्न निर्देशन दिइएको छ ।

१४२. यस बैंकको निर्देशनहरुको पालना नगर्ने स्टेण्डर्ड फाइनान्स कम्पनी लि., ललितपुर फाइनान्स कम्पनी लि., युनिभर्सल फाइनान्स कम्पनी लि., सिद्धार्थ फाइनान्स कम्पनी लि. र कस्मीक मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स कम्पनी लि. लाई लाभांश वितरणमा रोक लगाईएको छ भने विगत वर्षमा लाभांश वितरण गर्न रोक लगाईएका नवदूर्गा फाइनान्स कम्पनी लि. र नेपाल बङ्गलादेश फाईनान्स एण्ड लिजिङ्ग कम्पनी लि.लाई लाभांश वितरण गर्न फुकूवा गर्ने निर्णय भई सोही बमोजिम गर्न निर्देशन दिइएको छ ।

१४३. जानकी फाइनान्स कम्पनी लि. लाई कार्यकारी प्रमुख तथा संचालकहरुको नियुक्ति बैंक तथा वित्तिय संस्था सम्बन्धी अध्यादेश २०६१ को दफा २६(२) तथा दफा १९(ख) अनुरुप गर्न निर्देशन दिइएको छ । साथै, यस बैंकद्वारा जारी निर्देशन विपरित हुनेगरी संस्थापक तथा संचालक र निजका सदस्यहरुलाई कर्जा प्रदान गरेको सम्बन्धमा स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको छ ।

१४४. एल्पीक एभरेष्ट फाइनान्स कम्पनी लि. ले कम्पनी ऐन २०५३ को दफा ६८ (घ) अनुसार बोनस शेयर जारी गर्ने विषय बार्षिक साधारण सभाको प्रस्तावमा विशेष प्रस्तावको रुपमा पेश गर्नुपर्नेमा सो नगरी कम्पनीको साधारण सभाले वोनस शेयर प्रदान गर्ने निर्णय गरेकोले कानून विपरित पारित भएको निर्णय लागु नगर्न तथा नगराउन निर्देशन दिइएको छ । साथै, हकप्रद शेयर विक्री वितरण गरेको सम्बन्धमा साधारण सभाबाट अनुमोदन गराउन निर्देशन दिइएको छ ।

१४५. आर्थिक वर्ष २०६०।६१ मा स्थलगत निरीक्षण गरिएका २९ वटा वित्त कम्पनीहरुमध्ये सोही अवधिमा २५ वटा वित्त कम्पनीहरुमा प्रतिवेदन पठाइसकिएको छ भने ४ वटा वित्त कम्पनीहरुको स्थलगत निरीक्षण प्रतिवेदन पठाइने क्रममा रहेको छ ।

१४६. स्थलगत निरीक्षणको प्रतिवेदनको प्रत्यूत्तर पठाएका वित्त कम्पनीहरुमध्ये १७ वटाले यस आर्थिक वर्षमा निर्देशन कार्यान्वयन गरिसकेका, ७ वटा कम्पनीहरुले निर्देशन कार्यान्वयन गरी नसकेकोले ताकेता गरिएको र एक कम्पनीको प्रत्यूत्तर उपर कारबाही चलिरहेको छ ।

१४७. अरुण फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि., धरानको स्थलगत निरीक्षण र गैरस्थलगत सुपरिवेक्षण गर्दा कम्पनीको अवस्था गम्भिर देखिएकोले कैफियत सुधार गर्न निर्देशन दिइएको छ ।

१४८. यस बैंकको स्वीकृति नलिई साधारण सभा गराउने मर्कन्टायल फाइनान्स कम्पनी लि., वीरगंजलाई स्पष्टीकरण माग गरिएको छ ।

१४९. नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि. र मर्चेन्ट फाइनान्स कम्पनी लि.लाई निक्षेपमा किन प्रतिवन्ध नलगाउने भनी १५ दिनभित्र स्पष्टीकरण पेश गर्न समय दिइएकोमा सोको प्रत्यूत्तर प्राप्त भई कारबाही चलिरहेको छ । यसका अतिरिक्त नेपाल फाइनान्स एण्ड सेभिङ्ग कम्पनी लि.लाई व्यवसायिक कार्य योजना एवं रणनीति ३० दिनभित्र पेश गर्न समेत शर्त तोकिएकोमा सो प्राप्त भई कारबाही चलिरहेको छ ।

१५०. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रानुसार नेशनल फाइनान्स कम्पनी लि.को लागि घर खरीद गर्दा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा परेको उजुरीको छानविन गरी उक्त आयोगलाई पत्राचार गरिएको छ ।

१५१. क्रिष्टल फाइनान्स कम्पनी लि.लाई नीति निर्देशन कार्यान्वयन समितिको मिति २०६०।१२।२९ को निर्णयानुसार बैंकको स्वीकृति नलिई संस्थापक शेयर खरीद विक्री गरेको सम्बन्धमा नियमन विभागबाट माग गरेको स्पष्टीकरणको आधारमा नयां थप भएका शेयरधनीहरुको सम्बन्धमा शैक्षिक योग्यता, अनुभव, कर चुक्ता, कालोसूचीमा परे/नपरेको आदि खुलेको स्वघोषणा पत्र माग गरिएको छ ।

# विदेशी विनिमय व्यवस्थापन

१५२. नेपाल राष्ट्र बैंकबाट विदेशी विनिमय व्यवस्थापनका क्षेत्रमा २०६० श्रावण १ गतेदेखि २०६१ साल आषाढ मसान्तसम्म निम्नानुसारका निर्देशनहरु जारी गरिएको छ।

(क) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी तेश्रो मुलुकबाट आयात गर्दा ड्राफ्ट/ टी.टी. को माध्यमबाट आयात गर्न सकिने सीमा अमेरिकी डलर ३ हजारबाट बढाई ३० हजार पुऱ्याइएको छ।

(ख) भारतको कलकत्ता बन्दरगाह भई तेश्रो मुलुकबाट आयात हुने वस्तुहरुको हकमा प्रतीतपत्र नखोलिएका आयातको लागि श्री ५ को सरकार, वाणिज्य विभागले जारी गर्ने इजाजत पत्र आवश्यक पर्ने हुँदा सो व्यहोराको जानकारी कलकत्ताबाट आयात गर्ने प्रत्येक आयातकर्तालाई अनिवार्य रुपमा गराउन पनि निर्देशन दिइएको छ।

(ग) निजी तथा औपचारिक तवरले विदेश (भारत बाहेक) भ्रमणमा जाने नेपाली नागरिकलाई एक आर्थिक वर्षमा एकपटक सटही प्रदान गर्दा सबै मुलुकको हकमा अमेरिकी डलर २००० सम्मकै सटही सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

(घ) Cash Against Document (CAD) को माध्यमबाट गरिने निर्यातको हकमा निर्यात परिमाण ५० हजारबाट १ लाख अमेरिकी डलर पुऱ्याइएको तथा निर्यातकर्ताहरुले पेश गर्नुपर्ने बैंक ग्यारेण्टीको रकम विद्यमान २५ प्रतिशतबाट घटाई १० प्रतिशत गरिएको छ।

(ङ) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारत बाहेक अन्य मुलुकहरुबाट गरिने आयातका लागि खोलिने प्रतीतपत्र कारोवारमा Deferred Payment वा Suppliers Credit अन्तर्गत खोलिने Usance प्रतीतपत्रहरु खोल्न औद्योगिक मेशिनरी लगायत अन्य औद्योगिक पूँजीगत सामानहरुको हकमा मात्र लागु हुने व्यवस्था गरिएकोमा अब उप्रान्त सबै प्रकारका आयातहरुको हकमा लागु हुने व्यवस्था गरिएको छ। साथै यसरी खोलिएका प्रतीतपत्रको डकुमेण्टहरु सम्बन्धित वाणिज्य बैंकले चाहेमा Discount गर्न सक्ने व्यवस्था समेत गरिएको छ।

(च) Manpower Agency हरुले प्रचलित नियमानुसार विदेशी मुद्रामा पाउने सेवा शुल्कबाट नेपालका वाणिज्य बैंकहरुमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न पाउने व्यवस्था गरिएको छ।

(छ) वाणिज्य बैंकहरुले एक आपसमा भारतीय रुपैयाँको अन्तरबैंक कारोवार गर्न सक्ने व्यवस्था गरिएको छ।

(ज) आयात प्रतीतपत्र सम्बन्धी प्रचलित व्यवस्थाहरु अन्तर्गत रही वि.वि.नि.फा.नं. ४ जारी गर्दा निम्न कागजातहरु संलग्न भइआएको अवस्थामा तोकिए बमोजिमको धरौटी लिन नपर्ने व्यवस्था गरिएको छ।

- श्री ५ को सरकार, भन्सार विभागले सम्बन्धित आयातकर्ताको नाममा जारी गरेको बण्डेड वेयरहाउसको प्रमाणपत्र (त्यसरी जारी भएको प्रमाणपत्रको म्याद नविकरण गर्नुपर्नेछ भने नविकरण भइसकेको हुनुपर्ने)।
- आयात गरेको मालवस्तु छुटाउन श्री ५ को सरकारको सम्बन्धित भन्सार कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेण्टीको प्रतिलिपि।

(झ) परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट पैठारी गर्न पाइने व्यवस्था अन्तर्गत यस भन्दा अगाडि कायम रहेका ३३ वस्तुहरुको सूचीमा तल उल्लेखित वस्तुहरु थप गरिएको छ :

- विभिन्न भागहरुमा उल्लेखित Bitumen, Odoriferous Substances, Mixed Alkylenzenes, कागजहरु, Synthetic Filament Yarn, Polythylene र Polypropylene।

(ञ) माथि उल्लेखित व्यवस्थाको अतिरिक्त थप प्रकृयाहरु समेत पुऱ्याई निम्न वस्तुहरु आयात गर्न पाइनेछ :

- सबै सूतियार्न, कृत्रिमयार्न, Partially Oriented Polyster Yarn र Synthetic Filament Yarn, कृत्रिमयार्न (होजियारीयार्न बाहेक)।

(ट) वाणिज्य बैंकहरुले निर्धारण गर्ने विदेशी विनिमय दर खरीद दर र बिक्री दर बीचको अन्तर बाञ्छित सीमाभित्र नै कायम रहँदै आएकोले वाणिज्य बैंकहरुले परिवर्त्य विदेशी मुद्राहरुको विनिमयदर निर्धारण गर्दा खरीद दर र बिक्री दर बीचको अन्तर बढीमा १ प्रतिशतसम्म कायम गर्नुपर्ने व्यवस्था खारेज गरिएको छ।

(ठ) भारतीय रुपैयाँको खरीद/ बिक्री कारोवारलाई अझ सहज बनाउने उद्देश्यले यस्तो कारोवार गर्न इजाजतपत्र दिने प्रचलित व्यवस्थाको अतिरिक्त तल उल्लेखित शर्तहरुको आधारमा व्यक्तिलाई पनि भारतीय रुपैयाँ खरीद गर्न पाउने इजाजत दिने र उक्त इजाजत पत्र दिंदा निम्न प्रकृया पूरा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- इजाजत लिन चाहने व्यक्तिले निवेदन दिनुपर्नेछ ।
- निवेदन साथ निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता खुल्ने प्रमाणपत्रको प्रतिलिपि र ना.नो.ख.आ.हि. मा रु. १००।- जम्मा गरेको भौचरको सक्कलप्रति संलग्न हुनुपर्नेछ ।

(ड) प्राप्त निवेदनहरुमध्येबाट बैंकले उपयुक्त देखेका निवेदकहरुलाई निम्न उल्लेखित शर्तनामाहरुको अधिनमा रहने गरी बढीमा एक वर्षको लागि इजाजत प्रदान गर्नेछ र यस्तो इजाजतपत्र प्रचलित व्यवस्था अनुसार नविकरण गर्न सकिनेछ । यसरी इजाजत प्राप्त गरेका व्यक्तिहरुले निम्नलिखित शर्तनामाहरु अन्तर्गत रही कारोवार गर्नुपर्नेछ ।

- इजाजत प्राप्त व्यक्तिले सर्वसाधारणबाट भारतीय रुपैयाँ खरीद मात्र गर्न पाइनेछ ।
- यसरी खरीद गरेको भारतीय रुपैयाँ (कम्तीमा रु. १ लाख र रु. १० हजारले भाग जाने सो भन्दा बढी रकम) आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा वा यस बैंकको भा.रु. कोष रहेका वाणिज्य बैंकका शाखाहरुमा जम्मा गर्नुपर्नेछ । प्रचलित खरीद दरले हुन आउने रकम सम्बन्धित व्यक्तिलाई तत्कालै उपलब्ध गराइनेछ ।
- यसरी सटही गर्न ल्याएको रमको आधारमा इजाजत पत्र पाएका अन्य निकायहरुलाई यस बैंकले प्रदान गर्दै आएको (प्रति भा.रु. १०० मा ७.५ पैसाका दरले) इ.प्रा. कमिशन प्रत्येक महिनाको अन्त्यमा एकमुष्ट प्रदान गरिनेछ ।
- भारतीय रुपैयाँ खरीद गर्न आवश्यक नेपाली रुपैयाँको व्यवस्था तथा सटहीको लागि बैंकसम्म लैजाने व्यवस्था व्यक्ति स्वयम्ले नै गर्नुपर्नेछ ।
- उपरोक्त शर्तहरु र विदेशी विनिमय नियमित गर्ने ऐनको उल्लंघन हुने गरी कुनै किसिमको कारोवार गरेको पाइएमा जुनसुकै बखत पनि इजाजतपत्र रद्द गर्न सकिनेछ ।

(ढ) मालवस्तु तथा सेवाहरु खरीद गर्ने प्रयोजनको लागि प्रचलित व्यवस्था अन्तर्गत रही खोलिएका प्रतीतपत्रहरुको अग्रिम रुपमा भुक्तानी पठाउनु परेको खण्डमा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही त्यस्तो अग्रिम भुक्तानी पठाउन सकिने व्यवस्था गरिएको छ । यस्तो अग्रिम भुक्तानी पठाउँदा निम्न शर्तहरु पालना गर्नुपर्नेछ :

- अग्रिम भुक्तानी गर्नुपरेमा सामान्यतया Beneficiary को तर्फबाट भुक्तानी पठाइने रकम बराबरको बैंक ग्यारेण्टी (नेपालको बैंकको नाममा) उपलब्ध गराउनु पर्ने ।
- त्यस्तो बैंक ग्यारेण्टी उपलब्ध गराउन नसकिने भएमा भुक्तानी पठाउन चाहेको रकमको १० प्रतिशतले हुने रकम सम्बन्धित वाणिज्य बैंकमा धरौटीको रुपमा राख्नु पर्ने र सो रकम यस बैंकबाट लेखी नआएसम्म फिर्ता गर्न नपाइने ।
- काम सम्पन्न भएको निस्सा पेश गरेपछि यस बैंकले सो रकम फिर्ता गरी दिन सम्बन्धित वाणिज्य बैंकलाई लेखी पठाउने ।
- काम सन्पन्न भएको निस्सा पेश गर्नुपर्ने समयावधि बढीमा ६ महिना कायम गर्ने ।
- तोकिएको समयावधिभित्र काम सम्पन्न गरी सोको निस्सा पेश नगरेको खण्डमा उक्त कार्यबाट विदेशी मुद्रा अपचलन भएको मानिने र यस सम्बन्धी थप कारबाही प्रचलित कानून बमोजिम गरिने ।

(ण) दोस्रो विश्वयुद्धको बेलामा युद्धबन्दी अवस्थाबाट गुज्रिनु परेका तत्कालिन ब्रिटिश गोर्खा अन्तर्गतका सैनिक वा निजका परिवारलाई ब्रिटिश सरकारले दिने क्षतिपूर्ति प्राप्त गर्ने हकदार व्यक्तिहरुको नाममा पनि परिवर्त्य विदेशी मुद्राको खाता खोल्न सकिने व्यवस्था गरिएको साथै, उपरोक्त खाताहरुमा जनही अधिकतम स्टर्लिङ्ग पाउण्ड १०,००० (दश हजार) जम्मा गर्न सकिने व्यवस्था गरिएको छ ।

(त) निजी तथा औपचारिक तवरले विदेश भ्रमण (भारत बाहेक) मा जाने नेपाली नागरिकलाई राहदानी बापत एक आर्थिक वर्षमा एकपटक सटही सुविधा दिने व्यवस्था भइरहेको सन्दर्भमा केही अस्पष्टता देखापरेकोले उपरोक्त विषयमा निम्न व्यवस्थाहरु थप गरिएको छ :

- श्री ५ को सरकारका कर्मचारीहरुको साथसाथै यस बैंकको कर्मचारीहरुको लागि राहदानी बापतको नियमानुसार पाउने सटही सुविधा यस बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरुबाट प्रदान गर्न सकिने ।
- अन्य व्यक्तिहरुको राहदानी प्रयोजनको सटही सुविधा लगायत अन्य सटही सुविधा यस बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरुबाट प्रदान नगर्ने ।
- अन्य व्यक्तिहरुलाई राहदानी बापतको सटही सुविधा प्रदान गर्नुपर्ने अवस्था आइपरेमा तथा व्यक्तिहरुले विभिन्न स्रोतबाट प्राप्त गरी बिक्री गर्न ल्याएको विदेशी मुद्रा यस बैंकका बैंकिङ्ग कारोवार गर्ने कार्यालयहरुबाट खरीद/बिक्री गर्नुपरेमा औचित्यताको आधारमा कार्यालय प्रमुखको लिखित स्वीकृतिबाट मात्र त्यस्तो कारोवार गर्न सक्ने ।

१५३. भारत बाहेक अन्य मुलुकहरुमा निर्यात भएका वस्तुहरुको भुक्तानी सम्बन्धमा मिति २०५८।४।३२ मा भएको व्यवस्थामा मिति २०६०।४।२३ देखि लागु हुने गरी देहाय अनुसारको संशोधन गरिएको छ ।

(क) निर्यात डकुमेण्ट नेगोसियशन भई वा कलेक्शनार्थ पठाएको डकुमेण्टहरुको भुक्तानी प्राप्त हुँदा डकुमेण्टमा उल्लेखित रकम भन्दा कम परिमाणको विदेशी मुद्रा प्राप्त भएको छ र यस्तो Shortfall आयातकर्तासँग सम्बन्धित वाणिज्य बैंकहरुले विभिन्न Charges बापत कट्टा गरेको रकमको कारणले भएको रहेछ भने यस्ता केसहरुलाई Shortfall को Category मा नराख्ने र सम्बन्धित वाणिज्य बैंक आफैले टुङ्गो लगाउन सक्नेछन् । तर यसरी टुङ्गो लगाउँदा सम्बन्धित वाणिज्य बैंकहरुले Shortfall भएको रकम विदेशस्थित Correspondent बैंकहरुको Charges मात्र हो र यसमा विदेशी आयातकर्ताहरुको तर्फबाट कट्टा गरेको रकम समावेश छैन भन्ने एकिन गर्नुपर्नेछ ।

(ख) नेगोसिएट भएका वा कलेक्शनमा पठाइएको कुनै पनि निर्यात डकुमेण्टको भुक्तानी प्राप्त हुँदा डकुमेण्टमा उल्लेख भएको विदेशी मुद्रा रकमको दुई प्रतिशत वा अमेरिकी डलर १,००० (वा सो सरहको अन्य परिवर्त्य विदेशी मुद्रा) सम्म जुन बढी हुन्छ, सोही रकम बराबरको कम भुक्तानी प्राप्त हुने अवस्था भएमा वा प्राप्त भएमा सम्बन्धित कागजातहरु अध्ययन गरी उपयुक्त ठहरिएको खण्डमा र निर्यातकर्ताको पनि सहमती भएमा वाणिज्य बैंक स्वयम्ले त्यस्तो विदेशी मुद्रा भुक्तानी स्वीकार गरी सम्बन्धित निर्यातकर्तालाई भुक्तानी दिन सक्नेछ । साथै, यसरी कम भुक्तानी ल्याउने हिसाव गर्दा प्रत्येक प्रतीतपत्रको छुट्टाछुट्टै हिसाव गर्नुपर्ने व्यवस्था गरिएको छ ।

(ग) नेपाली निर्यातकर्ताहरुको नाममा प्राप्त हुने प्रतीत-पत्रहरुमा ह्याण्डलिङ्ग चार्ज वा कमिशन इत्यादि बापत भनी विदेशी मुद्राको रकम कट्टा हुने वा भुक्तानी गर्नुपर्ने शर्तहरु राखिएको छ भने त्यस्ता प्रतीत-पत्रहरु सामान्यतः स्वीकार गर्न मिल्ने छैन । तर यसरी कट्टा हुने वा भुक्तानी गर्नुपर्ने रकम डकुमेण्टको दुई प्रतिशत वा अमेरिकी डलर १,००० (जुन बढी हुन्छ) भन्दा कम छ भने त्यस्ता प्रतीतपत्रहरु स्वीकार गर्न वाणिज्य बैंकहरुलाई बाधा पर्ने छैन ।

# लघुवित्त

## कार्यक्रम, आयोजना, परियोजना तथा कोषहरुका गतिविधि

१५४. ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न महिलाहरुमा संस्थागत ऋणको पहुँच बढाई आय तथा रोजगारमूलक कार्यक्रमको माध्यमले ग्रामीण महिलाहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०३८।३९ मा शुरु गरिएको ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रमबाट २०५५ आषाढ मसान्तसम्ममा रु. २३ करोड ४६ लाख सहभागी वित्तीय संस्थाहरु नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकलाई कर्जाको रुपमा वितरण भएको छ । हाल यो परियोजनाको कार्यान्वयन अवधि समाप्त भइसकेको हुँदा सहभागी वित्तीय संस्थाहरुबाट कर्जा असूली हुने क्रम जारी रहेको छ भने नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारलाई २०६१ आषाढ मसान्तसम्मको साँवा बापत बुझाउनु पर्ने रु. ६ करोड ९४ लाख र व्याज बापत रु. ३ करोड ३८ लाख बुझाइसकेको छ । यस कार्यक्रम अन्तर्गत वितरित कर्जामध्ये २०६१ आषाढ मसान्तसम्ममा रु. ११ करोड ४० लाख सहभागी २ वटा बैंकसँग उठाउन बाँकी रहेको छ । नेपाल बैंक लिमिटेडबाट यस कर्जा कार्यक्रमको सम्पूर्ण रकम असूल भइसकेको छ ।

१५५. श्री ५ को सरकार र एशियाली विकास बैंक बीच सन् १९९३ मा सम्पन्न ऋण सम्झौता बमोजिम ग्रामीण महिलाका लागि उत्पादन कर्जा कार्यक्रमको पूरक परियोजनाको रुपमा आएको महिलाका लागि लघुकर्जा परियोजनाको कार्यान्वयन अवधि समेत सन् २००२ मा समाप्त भइसकेको छ । यस परियोजना अन्तर्गत सहभागी २ वटा बैंकहरु - नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकलाई वितरित कर्जा रकम पूर्ण रुपमा चुक्ता भइसकेको छ भने नेपाल राष्ट्र बैंकले श्री ५ को सरकारलाई २०६१ आषाढ मसान्तसम्ममा साँवा र व्याज गरी रु. ३ करोड ९९ लाख बुझाइसकेको छ ।

१५६. श्री ५ को सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बीच सन् १९९७ मा सम्पन्न ऋण सम्झौता बमोजिम आर्थिक वर्ष २०५५।५६ देखि सञ्चालनमा आएको पश्चिम तराई गरिबी निवारण आयोजनामा पश्चिमाञ्चल ग्रामीण विकास बैंक, मध्य-पश्चिमाञ्चल ग्रामीण विकास बैंक, सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंक, निर्धन उत्थान बैंक लि. र स्वावलम्बन विकास केन्द्रका गरी कुल १६ वटा शाखाहरुमार्फत् विपन्न वर्गलाई लघुकर्जा प्रदान गरी उनीहरुको आर्थिक तथा सामाजिक उत्थान गर्ने र सहभागी शाखालाई स्वसक्षम बनाउने उद्देश्य रहेको छ ।

१५७. श्री ५ को सरकार र नेपाल राष्ट्र बैंक बीच सम्पन्न सहायक ऋण सम्झौता अनुसार २०६० आषाढ मसान्तसम्म सहभागी वित्तीय संस्थाहरुलाई रु. १३ करोड १४ लाख ९ हजार थप ऋण लगानी भएकोमा रु. ३ करोड ९९ लाख २७ हजार चुक्ता भई रु. ९ करोड १४ लाख ८३ हजार बाँकी रहेको छ । आर्थिक वर्ष २०६०।६१ मा यस आयोजनाको प्रभावकारिता सम्बन्धी मध्यावधि अध्ययन मूल्याङ्कन सम्पन्न गरी त्यस सम्बन्धी परिचयात्मक अभिमुखीकरण तथा नयाँ कर्जा सम्बन्धी गोष्ठीहरु सम्पन्न भएका छन् ।

१५८. श्री ५ को सरकारको दीर्घकालिन कृषि योजना अन्तर्गत कृषि उत्पादन वृद्धि गरी साना तथा सीमान्त कृषकहरुको आय वृद्धि गर्ने उद्देश्यले श्री ५ को सरकार र एशियाली विकास बैंक बीच सन् १९९८ नोभेम्बर १७ मा सम्पन्न ऋण सम्झौता अनुसार पूर्वी तथा मध्य तराइका १२ जिल्लाहरुमा सामुदायिक भूमिगत जल सिंचाई सेक्टर आयोजना सञ्चालन भएको छ । यस आयोजनाद्वारा २०६१ आषाढसम्ममा सहभागी वित्तीय संस्थाको रुपमा नेपाल बैंक लिमिटेड, पूर्वाञ्चल ग्रामीण विकास बैंक लि., मध्यमाञ्चल ग्रामीण विकास बैंक लि., सहारा नेपाल वचत तथा ऋण सहकारी संस्था लि. र डिप्रोक्स विकास बैंक, छिमेक विकास बैंक लि., अरुणोदय वचत तथा ऋण सहकारी संस्था र कृषक उपकार वचत तथा ऋण सहकारी संस्था सहभागी वित्तीय संस्थाको रुपमा कार्य गर्ने गरी छनौट गरिएको छ । साथै नयाँ सहभागी वित्तीय संस्थाहरुलाई समावेश गर्ने उद्देश्यले हरेक ६/ ६ महिनामा थप संस्थाहरु छनौट गर्दै जाने नीति समेत अवलम्बन गरिंदै आएकोमा आगामी आर्थिक वर्षदेखि सहभागी वित्तीय संस्थाको रुपमा कार्य गर्न चाहने वित्तीय संस्थाले जुनसुकै समयमा पनि आवेदन दिन सक्ने नयाँ नीतिगत व्यवस्था गरिएको छ । यसैगरी आगामी आर्थिक वर्षदेखि सहभागी वित्तीय संस्थाले आयोजनाले तोकेको क्षेत्रमा मात्र लगानी गर्नसक्ने व्यवस्थालाई परिमार्जन गरी सहभागी वित्तीय संस्थाको आफ्नो कार्यक्षेत्रभित्र पर्ने जुनसुकै क्षेत्रमा पनि कर्जा लगानी गर्न सक्नेगरी प्रतिस्पर्धात्मक रुपबाट कृषकहरुलाई कर्जा सुविधा पुऱ्याउने नयाँ नीतिगत व्यवस्था गरिएको छ ।

१५९. यस आयोजना अन्तर्गत सहभागी संस्थाहरुद्वारा २०६१ आषाढ मसान्तसम्ममा १,८५४ समूहगत र ८ व्यक्तिगत गरी कुल १,८६२ स्यालो ट्यूबवेलमा जम्मा रु. ४ करोड ५० लाख १२ हजार लगानी भएको छ । यसबाट करीब ८,५४१ बिगाह क्षेत्रफलमा सिंचाई पुग्ने भई ८,०१४ जना सीमान्त कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

१६०. यस कार्यक्रमलाई छिटोछरितो बनाउने उद्देश्यले नेपाल राष्ट्र बैंक विराटनगर, वीरगञ्ज र जनकपुरमा छुट्टाछुट्टै एकाइहरु खडा गरिएको छ भने नेपाल राष्ट्र बैंकको नाममा एशियाली विकास बैंकले एउटा बेग्लै Imprest Account खोलेको छ ।

१६१. श्री ५ को सरकार र एशियाली विकास बैंक बीच सन् १९९६ मा सम्पन्न ऋण सम्झौता बमोजिम सञ्चालित तेश्रो पशु विकास आयोजना अन्तर्गत नेपाल राष्ट्र बैंकसँग सम्झौता गरेका सहभागी वित्तीय संस्थाहरुमध्ये वाणिज्य बैंक २, विकास बैंक ३, ग्रामीण बैंकिङ्ग अनुसरणकर्ता ४, सहकारी संस्था ८ र गैरसरकारी संस्था २ समेत गरी जम्मा १९ वटा वित्तीय संस्थाहरु कार्यरत छन् । यस आयोजना अन्तर्गत नेपाल राष्ट्र बैंकबाट २०६१ आषाढ मसान्तसम्ममा १७ वटा वित्तीय संस्थाले रु. १७ करोड ४ लाख ४८ हजार कर्जा शोधभर्नाको रुपमा लिइसकेका छन् । २०६१ आषाढ मसान्तसम्ममा विभिन्न वित्तीय संस्थाहरुबाट रु. ७ करोड ९४ लाख २१ हजार असूल भई २०६१ आषाढ मसान्तसम्ममा जम्मा रु. ९ करोड १० लाख २७ हजार लगानीमा रहेको देखिन्छ ।

१६२. ग्रामीण स्वावलम्बन कोषबाट २०६१ आषाढ मसान्तसम्ममा ५० वटा गैरसरकारी संस्था र १५९ वटा सहकारी संस्थाहरुलाई रु. ७ करोड २८ लाख ४१ हजार कर्जा प्रवाह भएको छ । उक्त कर्जामध्ये रु. ५ करोड ८३ लाख असूली भई रु. २ करोड २७ लाख कर्जा असूल हुन बाँकी रहेको छ । २०६१ आषाढ मसान्तसम्ममा कर्जा असूलीदर ९२.० प्रतिशत रहेको छ । कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैरसरकारी संस्थाले २६ जिल्लामा र सहकारी संस्थाले ४० जिल्लामा सेवा पु¥याएका छन् । यसरी कोषबाट २०६१ आषाढ मसान्तसम्ममा ४७ जिल्लाका ८९८६ घर परिवार प्रत्यक्ष रुपले लाभान्वित भएका छन् ।

१६३. नेपाल राष्ट्र बैंकले दीर्घकालिन कर्जाका लागि आर्थिक वर्ष २०५९।६० को मुनाफाबाट कोषलाई रु. १० करोड र २०६०।६१ को मुनाफाबाट रु. ७ करोड ४८ लाख कोषलाई उपलब्ध गराएको छ । कोषबाट आर्थिक वर्ष २०६०।६१ मा रु. ५ करोड ७० लाख लगानी भइसकेको छ । साथै, यस आर्थिक वर्षदेखि कोष आफ्नै आम्दानीमा संचालित हुन थालेको छ ।

१६४. घरेलु तथा साना उद्योग परियोजना सञ्चालनार्थ यस बैंकलाई प्राप्त ऋण रकम प्रत्येक ६।६ महिनाको दरले २२ किस्तामा बुझाइसक्नु पर्ने प्रावधान अनुसार २०६० आषाढ मसान्तसम्ममा १४ किस्ताको साँवा रु. ७ करोड ७९ लाख ६८ हजार श्री ५ को सरकारलाई ८ किस्तामा भुक्तानी गर्न बाँकी रु. ४ करोड ४५ लाख ५३ हजार २०६० भाद्र ९ गते एकमुष्ठ भुक्तानी गरी उक्त परियोजनाको हिसाव राफसाफ गरिएको छ ।

## ग्रामीण विकास बैंकहरुका गतिविधि

१६५. ग्रामीण विकास बैंकहरुले २०६१ आषाढ मसान्तसम्ममा कुल १,४६,२७७ ग्रामीण महिला सदस्यहरुलाई करीब रु. १० अर्ब ७३ करोड कर्जा प्रवाह गरी सो मध्ये रु. ९ अर्ब ३८ करोड असूल भई रु. १ अर्ब ३५ करोड कर्जा बाँकी रहेको छ । यी बैंकहरुले २०६१ आषाढ मसान्तसम्ममा अधिराज्यका ४३ जिल्लाका ९६६ गाउँ विकास समितिहरुमा ४,९०० केन्द्रहरुमार्फत् लघु वित्तीय सेवा पु¥याउँदै आएका छन् ।

१६६. नाफामा सञ्चालन भएका ग्रामीण विकास बैंकहरुलाई क्रमशः निजीकरण गर्ने उद्देश्य अनुरुप पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. बाट यस कार्यको शुरुवात गरी नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ६१ प्रतिशत शेयरमध्ये ५१ प्रतिशत शेयर हस्तान्तरण गर्ने प्रकृया प्रारम्भ भइसकेको छ जसअनुरुप २०६१ आषाढ मसान्तसम्ममा ३५.१८ प्रतिशत शेयर निजी क्षेत्रमा हस्तान्तरण भइसकेको छ । यसैगरी पूर्वाञ्चल ग्रामीण विकास बैंक लिमिटेडमा यस बैंकको शेयर स्वामित्व रहेको ६६.७५ प्रतिशतमध्ये १० प्रतिशत शेयर कायमै राखी ५६.७५ प्रतिशत शेयर मध्ये उक्त बैंकका समूह सदस्यलाई ३१.७५ प्रतिशत, सोही बैंकका कर्मचारीलाई ५ प्रतिशत, लघु वित्तीय संस्थाहरुलाई १० प्रतिशत तथा सर्वसाधारणलाई १० प्रतिशत बिक्री गर्ने निर्णय गरिएको छ । उक्त बैंकले २०६१ आषाढ ५ गते विशेष साधारण सभा सम्पन्न गरी निजीकरणको प्रकृया अघि बढाइसकेको छ । ग्रामीण विकास बैंकहरुका लागि दक्ष, अनुभवी र सम्बन्धित क्षेत्रको ज्ञान भएका व्यक्तिहरुलाई खुल्ला प्रतियोगिताको माध्यमबाट कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने नीति अनुरुप ३ वटा ग्रामीण विकास बैंकका कार्यकारी निर्देशकहरुको छनौट नै पदस्थापन गरिएको छ । यसैगरी ५ वटै ग्रामीण विकास बैंकहरुको कर्मचारी नियमावलीमा एकरुपता ल्याउनका लागि कर्मचारी विनियमावली २०६१ वैशाखदेखि लागू गरिएको छ ।

१६७. नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराउँदै आएका Refinance/Revolving Line of Credit सुविधा अन्तर्गत तोकिएको सीमामा नबढ्ने गरी पटकपटक वा एकमुष्ठ रकम झिक्न वा जम्मा गर्न पाउने सुविधा अन्तर्गत पूर्वाञ्चल ग्रामीण विकास बैंकलाई रु. २ करोड, मध्यमाञ्चल ग्रामीण विकास बैंक लिमिटेडलाई रु. १ करोड, पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेड र सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेडलाई क्रमशः रु. ५ करोड र रु. १ करोड गरी जम्मा रु. ९ करोड पुनर्कर्जा उपलब्ध गराएकोमा २०६१ आषाढ मसान्तसम्ममा पूर्वाञ्चल, मध्यमाञ्चल र सुदूर-पश्चिमाञ्चल ग्रामीण विकास बैंक लिमिटेडसँग क्रमशः रु. १ करोड, रु. १७ लाख र रु. १ करोड असूल गर्न बाँकी रहेको छ ।

## पुनर्कर्जा सुविधा

१६८. नगदेवालीको विकास गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले कृषि विकास बैंकलाई अर्थोडक्स एवम् सी.टी.सी. चिया, स्याउ, कच्चा रेशम, अलैंची, सूठो, जडिबुटी, कटफ्लावर्स, टिस्यूकल्चर जस्ता निकासीयोग्य राष्ट्रिय प्राथमिकता प्राप्त कृषिजन्य वस्तुहरुको व्यवसायिक खेतीको विकासको लागि आर्थिक वर्ष २०५३।५४ देखि आर्थिक वर्ष २०६०।६१ सम्म प्रदान गरेको पुनर्कर्जामध्ये २०६१ आषाढ मसान्तसम्म रु. २३ करोड ८० लाख असूल हुन बाँकी रहेको छ (तालिका २.१) ।

१६९. यसैगरी नेपाल औद्योगिक विकास निगमलाई प्रदान गरिएको पुनर्कर्जाको पुनरतालिकीकरण गरी पुनर्कर्जादर ६.५ प्रतिशत कायम गरेअनुरुप निगमसँग २०६१ साल आषाढ मसान्तसम्ममा रु. ७७ करोड ३० लाख पुनर्कर्जा उठाउन बाँकी रहेको छ भने निगमको डिवेञ्चरमा यस बैंकबाट लगानी भएको रकममध्ये २०६१ आषाढ मसान्तसम्म रु. ५ करोड असूल भइसकेको छ । यस बैंकले निगमको शेयर खरीद बापत आर्थिक वर्ष २०६०।६१ सम्म रु. ४ करोड ७० लाख लगानी गरेको छ ।

**तालिका २.१**

**बैंक तथा वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराईएको पुनर्कर्जाको बक्यौता विवरण**

(रु. करोडमा)

| क. सं. | संस्था | आर्थिक वर्ष २०५९।६० | आर्थिक वर्ष २०६०।६१ |
|---|---|---|---|
| १. | वणिज्य बैंकहरु | २५.१ | ४७.८ |
| २. | कृषि विकास बैंक | २७.७ | २३.८ |
| ३. | नेपाल औद्योगिक विकास निगम | ७७.३ | ७७.३ |
| ४. | ग्रामीण विकास बैंकहरु | ०.५ | २.२ |
| ५. | अन्य विकास बैंकहरु | ५.८ | १०.९ |
| | जम्मा | १३६.४ | १६२.० |

# मुद्रा व्यवस्थापन

१७०. २०६१ आषाढ मसान्तमा जम्मा नोट निष्काशन रु. ६८ अर्ब १५ करोड (सदर मुलुकी खानाबाट निष्काशित नोटहरु समेत गरी) पुगेको छ (तालिका २.२) । जम्मा निष्काशित नोटमध्ये रु. १ अर्ब २० करोड ५० लाख बैंकिङ्ग अफिसमा मौज्दात रहेको छ भने रु. ६६ अर्ब ९४ करोड ५० लाख चलनचल्तीमा रहेको छ । २०६० आषाढ मसान्तसम्ममा रु. ६१ अर्ब ९८ करोड निष्काशन भएको थियो । नोटको सुरक्षण बापत राखिएको सम्पत्तिमध्ये आर्थिक वर्ष २०६०।६१ मा सुन र सुनको सिक्का तथा चाँदीको अंश २.० प्रतिशत, विदेशी मुद्रा र सेक्यूरिटीको अंश ९१.६ प्रतिशत तथा श्री ५ को सरकारको सेक्यूरिटीको अंश ६.४ प्रतिशत रहेको छ (तालिका २.३)।

१७१. आर्थिक वर्ष २०६०।६१ को अन्तसम्ममा तोडा चलानबाट नेपाल राष्ट्र बैंकका विभिन्न कार्यालयमा रु. १० अर्ब ४३ करोड ४० लाख जम्मा भयो भने उक्त कार्यालयहरुबाट रु. २२ अर्ब ४६ करोड ९० लाख अन्यत्र पठाइयो । सोही अवधिमा राष्ट्रिय वाणिज्य बैंकका विभिन्न शाखाहरुमा नेपाल राष्ट्र बैंकबाट रु. १४ अर्ब २४ करोड ९० लाख जम्मा भयो भने उक्त बैंकका शाखाहरुबाट रु. ६६ करोड ६० लाख नेपाल राष्ट्र बैंकमा जम्मा भयो । त्यसैगरी नेपाल बैंक लिमिटेडका विभिन्न शाखाहरुमा नेपाल राष्ट्र बैंकबाट रु. ६ अर्ब ३२ करोड ५० लाख जम्मा भयो भने उक्त बैंकका शाखाहरुबाट नेपाल राष्ट्र बैंकमा रु. २ करोड १० लाख जम्मा भयो । यसरी २०६१ आषाढ मसान्तसम्ममा तोडा चलानमार्फत् रु. २० अर्ब ५७ करोड ४० लाख नेपाल राष्ट्र बैंकबाट नेपाल बैंक लिमिटेडका शाखाहरु तथा राष्ट्रिय वाणिज्य बैंकका शाखा कार्यालयहरुमा पठाइयो भने उक्त बैंकबाट रु. ६८ करोड ७० लाख नेपाल राष्ट्र बैंकमा जम्मा भयो ।

१७२. समीक्षा वर्षमा नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग, ७ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका ४३ वटा शाखा कार्यालयहरु तथा नेपाल बैंक लिमिटेडका २० शाखाहरुमा रहेका नोटकोषहरुबाट नोटकोष कारोवार सम्पन्न गरियो ।

१७३. आर्थिक वर्ष २०६०।६१ मा मुद्रा व्यवस्थापन विभाग र अन्य कार्यालयहरुमा गरी कुल रु. १२ अर्ब ७४ करोड ६० लाख बराबरका विभिन्न दरका झुत्रा र खोटा नोटहरु जलाइयो ।

१७४. आर्थिक वर्ष २०६०।६१ को अवधिमा रु. २५।- दरका १०,००० थान, रु. २।- दरका ६,१८७,१८२ थान, रु. १।- दरका १६९४७५८१ र -।५० पैसा दरका २,८३४,९६१ थान गरी जम्मा रु. २ करोड ९७ लाख १३ हजार ६९३ पैसा पचास बराबरका २५,९७९,७२४ थान सिक्का उत्पादन गरिएको छ ।

१७५. असर्फीतर्फ आर्थिक वर्ष २०६०।६१ मा १० ग्राम असर्फी ५९२ थान, ५ ग्राम असर्फी ४५ थान र २.५ ग्राम असर्फी १०१३ थान गरी जम्मा १६५० थान उत्पादन गरी बिक्री वितरण गरिएको छ ।

१७६. स्मारिकातर्फ पोखरा वाणिज्य संघको स्वर्ण महोत्सवको उपलक्ष्यमा ५ ग्राम सुनको स्मारिका सिक्का (असर्फी) २००० थान, निर्यात वर्ष सन् २००३ को उपलक्ष्यमा रु. ३००।- दरको चाँदीको स्मारिका सिक्का १०,००० थान, नेपाल नेत्रज्योति संघको रजत जयन्तीको अवसरमा रु. २५।- दरको स्मारिका सिक्का १०,०००।- थान, त्रिभुवन विश्वविद्यालय वाणिज्य व्यवस्थापन संकाय शिक्षा स्वर्ण महोत्सवको अवसरमा रु. ५००।- दरको चाँदीको स्मारिका सिक्का ५००० थान, मारवाडी सेवा समिति नेपाल ५० वर्ष पुगेको अवसरमा रु. २५०।- दरको चाँदीको स्मारिका सिक्का १०,००० थान निष्काशन गरी बिक्री वितरण गर्नुका साथै १ तोला चाँदीको श्री लक्ष्मी मेडालियन ४७४० थान समेत बिक्री वितरण गरिएको छ ।

१७७. निर्यातकर्ताहरुलाई उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको चाँदी कोषबाट आर्थिक वर्ष २०६०।६१ मा जम्मा ३७६४ के.जी. चाँदी बिक्री गरिएको छ भने सोही अवधिमा कौशी तोषाखाना लगायत अन्य संघसंस्थाहरुलाई १३९ के.जी. ५४० ग्राम चाँदी र ६ किलो ५८० ग्राम ५०० मिलिग्राम सुन बिक्री गर्नुका साथै ५० ग्राम सुनको चक्की ३४४१ थान बिक्री गरिएको छ ।

**तालिका २.२**

## निष्कासित विभिन्न दरका नोटहरु*

(रु. करोडमा)

| दर | आषाढ मसान्त | | | | | |
|---|---|---|---|---|---|---|
| | २०५९ | | २०६० | | २०६१ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | १७.४ | ०.३ | १७.६ | ०.३ | १७.७ | ०.३ |
| २ | २१.३ | ०.४ | २१.३ | ०.३ | २१.१ | ०.३ |
| ५ | ४६.३ | ०.७ | ४५.८ | ०.७ | ५१.६ | ०.८ |
| १० | ७२.७ | १.२ | ८४.७ | १.४ | ९२.२ | १.४ |
| २० | ६८.७ | १.१ | ७६.५ | १.२ | ७६.५ | १.१ |
| २५ | ३१.६ | ०.५ | ३०.९ | ०.५ | २१.५ | ०.३ |
| ५० | १२२.२ | २.० | १३०.० | २.१ | १३४.४ | २.० |
| १०० | ४१८.१ | ६.९ | ४२३.२ | ६.८ | ४२९.९ | ६.३ |
| २५० | ९.० | ०.२ | ९.२ | ०.२ | ९.० | ०.१ |
| ५०० | १७०१.० | २७.९ | १६१६.२ | २६.१ | १६७५.९ | २४.६ |
| १००० | ३५८६.१ | ५८.८ | ३७४२.० | ६०.४ | ४२८४.७ | ६२.९ |
| जम्मा | ६०९४.४ | १००.० | ६१९७.४ | १००.० | ६८१४.५ | १००.० |

* सदर मुलुकी खानाबाट निष्कासित नोटहरु रु. ५७,५५,९७८।- समावेश नभएको

**तालिका २.३**

**नोटको सुरक्षण**

(रु. करोडमा)

| आषाढ मसान्त | सुन | चाँदी | विदेशी मुद्रा र सिक्युरिटी | जम्मा (१+२+३) | सिक्का | श्री ५ को सरकारको ऋणपत्रहरु | निष्कासित नोटको सुरक्षण* | जम्मा सुरक्षणमा विदेशी मुद्रा तथा सुन चाँदीको प्रतिशत (४÷७) × १०० |
|---|---|---|---|---|---|---|---|---|
| | (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) |
| २०५९ | ८३.२ | ४५.९ | ५,७०४.६ | ५,७०४.६ | २.३ | ३८८.२ | ६,०९५.० | ९३.६ |
| २०६० | ८३.२ | ४५.९ | ५,६५१.७ | ५,७८०.८ | – | ४१७.२ | ६,१९८.० | ९३.३ |
| २०६१ | ८३.२ | ४५.९ | ६,२६८.७ | ६,३९७.८ | – | ४१७.२ | ६,८१५.० | ९३.९ |

* सदर मुलुकीखानाबाट निष्कासित नोटहरु रु. ५७,५५,९७८।- समेत समावेश भएको

## नेपाल राष्ट्र बैंकका अन्य कामकाजको विवरण

### अनुसन्धान

१७८. अनुसन्धानात्मक तथा विश्लेषणात्मक लेखहरुको संगालो Economic Review (Occasional Paper) को १६ औं अंक बैंकको ४९ औं वार्षिकोत्सवको उपलक्ष्यमा २०६१ बैशाख १४ गते प्रकाशित गरियो ।

१७९. नेपाल राष्ट्र बैंकका कर्मचारीहरुले सम्पन्न गरेका बैंकको कार्यक्षेत्र तथा देशको आर्थिक विकाससँग सम्बन्धित विषयमा अनुसन्धानमूलक लेख रचनाका मस्यौदालाई NRB Working Paper को रुपमा बैंकको Web-Site मा प्रकाशित गर्ने र यसरी प्रकाशित Working Paper बारे प्राप्त राय, सुझाव र प्रतिक्रियाहरु समावेश गरी सो Working Paper लाई अनुसन्धान विभागबाट प्रकाशित गरिने Economic Review (Occasional Paper) मा प्रकाशित गरिने व्यवस्था प्रारम्भ गरिएको छ ।

१८०. आर्थिक वर्ष २०६०।६१ मा देहायका विषयमा विशेष अध्ययनहरु सम्पन्न गरियो :

(क) मुद्रा बजार र धितोपत्र बजारको अन्तर्सम्बन्ध
(ख) बजेट घाटा, साँवा भुक्तानी र तिर्न बाँकी कुल सरकारी ऋण बीचको अन्तर
(ग) कृषिजन्य वस्तुहरुको निर्यात संरचना तथा सम्भावना
(घ) काठमाडौं बजारमा केही अत्यावश्यक वस्तुहरुको थोक तथा उपभोक्ता मूल्य
(ङ) अनुसन्धान विभागका विद्यमान नियमित प्रकाशन बाहेक थप नियमित प्रकाशनहरुको सम्भाव्यता अध्ययन गर्ने र भइरहेका प्रकाशनहरुको गुणस्तर वृद्धि गर्ने ।

### संस्थागत योजना

१८१. बैंकको कार्य सञ्चालनमा एकरुपता एवम् प्रभावकारीता ल्याउन, कार्यसम्पादन व्यवस्थापनमा देखापरेका समसामयिक समस्याहरुको पहिचान गरी समाधानमा सघाउ पु¥याउन, विभाग/ कार्यालयहरु बीच सूचना सम्प्रेषण व्यवस्थामा सुधार गरी कार्यकुशलता एवम् उत्पादकत्वमा अभिवृद्धि गर्न तथा नीति निर्माण एवम् कार्यान्वयन पक्षलाई बढी सशक्त बनाउने उद्देश्यले एकदिने विभागीय/ कार्यालय प्रमुखहरुको अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो ।

१८२. समीक्षा वर्षको वार्षिक कार्ययोजनाको सम्पादित कार्यको अनुगमन तथा मूल्याङ्कन र आर्थिक वर्ष २०६१।६२ को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा जस्ता विषयमा केन्द्रित रही एकदिने व्यवस्थापन विचार गोष्ठी सम्पन्न गरी आर्थिक वर्ष २०६१।६२ को वार्षिक कार्ययोजनाको विस्तृत छलफल, विश्लेषण र परिमार्जन गरी बजेट तर्जुमाको कार्य अन्तिम चरणमा रहेको थियो ।

१८३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा परिलक्षित उद्देश्य प्राप्तिको लागि बैंकलाई आधुनिक गतिशील विश्वासनीय तथा प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित गरी बैंकको कार्यकुशलतामा अभिवृद्धि गर्न नेपाल राष्ट्र बैंकको पुनर्संरचना सम्बन्धी कार्यलाई निरन्तरता दिई समयसापेक्ष रुपमा परिमार्जन गर्दै जाने क्रममा आर्थिक वर्ष २०६०।६१ मा विभिन्न अध्ययन प्रतिवेदनहरु तयार गरिएको छ । टक्सार विभाग, बैंकर्स प्रशिक्षण केन्द्र, नगद व्यवस्थापनको पुनर्संरचना, चितवनमा सुपरिवेक्षण कार्यालय स्थापना, भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने एवम् बैंकर्स क्लबलाई बैंकको संगठनात्मक संरचनाबाट हटाउने सम्बन्धी प्रतिवेदन कार्यान्वयन तहमा रहेका छन् भने काकरभिट्टा काउण्टर नेपाल बैंक लि.लाई हस्तान्तरण गर्ने सम्बन्धी, वीरगञ्जको भन्सार एरियामा नेपाल बैंक लि.ले सञ्चालन गरेको सरकारी कारोबार नेपाल राष्ट्र बैंकले सम्पादन गर्ने सम्बन्धी, इलाम कार्यालयको आकार सानो बनाउने सम्बन्धी, बैकका सहायक कार्यहरुलाई Outsourcing गर्ने सम्बन्धमा बगैंचा र सरसफाइको कार्य Outsourcing सम्बन्धी अध्ययन प्रतिवेदनका सिफारिसहरु कार्यन्वयनमा आइसकेका छन् । साथै बजेट निर्देशिका, २०६१ तयार भई कार्यान्वयनमा आइसकेको छ ।

## कानून

१८४. सम्पत्ति व्यवस्थापन नियम अध्यादेश, मुद्रा शुद्धिकरण नियन्त्रण अध्यादेश, सुरक्षित कारोवार अध्यादेश र दामासाही सम्बन्धी अध्यादेशको मस्यौदा, नेपाल राष्ट्र बैंक ऐन २०५८ (पहिलो संशोधन) अध्यादेश २०६१ को मस्यौदा तयार गरी श्री ५ को सरकार समक्ष पेश भएको छ ।

१८५. बैंकको आन्तरिक खर्च व्यवस्था तथा लिलाम सम्बन्धी व्यवस्थालाई अझ बढी व्यवस्थित तथा पारदर्शी बनाउन नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम कानूनी व्यवस्था गर्न विनियमावलीको मस्यौदा पेश भएकोमा बैंकको संचालक समितिबाट नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली, २०६१ र नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६१ मिति २०६१।१।६ मा पारित भई सोही मितिदेखि प्रारम्भ भएको छ ।

१८६. साविकको ऐन अन्तर्गत बनेको विद्यमान नेपाल राष्ट्र बैंक कर्मचारी नियमावली, २०४९ को सट्टा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) को प्रावधान बमोजिम नेपाल राष्ट्र बैंक कर्मचारी सेवा नियमावली २०६१ लागू गर्न मस्यौदा तयार गरी बैंकको उच्च व्यवस्थापन समक्ष पेश भएको सहकारी ऐन २०४८ बमोजिम स्थापित सहकारी बैंक तथा संघ संस्थाहरुका संरचनागत तथा कानूनी व्यवस्था गर्न सहकारी ऐन २०४८ उपर संशोधन हुन श्री ५ को सरकारको अनुरोधमा उक्त संशोधनको मस्यौदा श्री ५ को सरकारमा पठाउने कार्य गर्नुका साथै यस्ता संघ संस्था र वित्तीय मध्यस्थताको कार्य गर्ने गैरसरकारी संस्थालाई के-कस्तो नियमन र निरीक्षण तथा सुपरिवेक्षणको दायराभित्र राख्न उपयुक्त हुन्छ भन्ने अध्ययन भइरहेको छ ।

१८७. बैंक पक्ष विपक्ष भएका मुद्दा मामिलाहरु बैंककै जनशक्तिको नेतृत्वमा सम्पादन गराउने कार्य अनुरुप अदालतमा विचाराधीन करीब ६० वटा मुद्दाहरुमध्ये डेढ जर्दन जति मुद्दाहरुको अन्तिम किनारा लागिसकेकोमा प्रायः सबै निर्णयहरु बैंकको पक्षमा भएका छन् । ललितपुर जिल्ला खुमलटारस्थित बैंकको जग्गा श्री ५ को सरकार, मन्त्रिपरिषदको निर्णयबाट श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषलाई दिने र सोको सट्टामा भक्तपुर जिल्ला सानोठिमीस्थित जग्गा बैंकलाई दिने निर्णय भएअनुसार उक्त जग्गाको जग्गाधनी प्रमाणपूर्जा (लालपूर्जा) लिने कार्य भइसकेको छ भने थापाथलीस्थित कार्यालय भवन रहेको करीब ४३ रोपनी जग्गाको लालपूर्जा पनि यसै आर्थिक वर्षमा प्राप्त भएको छ ।

## आन्तरिक लेखापरीक्षण

१८८. आर्थिक वर्ष २०६०।६१ मा नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग, बैंक सुपरिवेक्षण विभाग तथा वित्तीय क्षेत्र प्राविधिक सहयोग आयोजनाको विशेष लेखापरीक्षण गरिएका छन् ।

१८९. यस आर्थिक वर्षदेखि नयाँ शैली अनुरुप व्यवस्थापन र गैरस्थलगत लेखापरीक्षण कार्य विस्तार गरी जनकपुर कार्यालयको कार्यमूलक लेखापरीक्षण गरिएको छ भने विराटनगर कार्यालयको गैरस्थलगत लेखापरीक्षण सम्पन्न गरिएको छ । सूचना प्रणालीको जडान पश्चात् बैंकिङ्ग एवम् केन्द्रीय कार्यालय अन्तर्गतको वित्त व्यवस्थापनको लेखा कारोवारको अनुगमन गर्न सकिने व्यवस्था गरिएको छ ।

१९०. आर्थिक वर्ष २०६०।६१ मा आन्तरिक लेखापरीक्षण कार्य निर्देशिका तयार गरी लागू गर्नुका साथै अझ सुदृढ र सक्षम बनाउन NRB Re-engineering project को क्रममा खटिआएका परामर्शदाता IOS partners ले बैंकको आन्तरिक लेखापरीक्षण विभागको अध्ययन गरी प्राथमिक प्रतिवेदन बुझाएको छ ।

## वित्त व्यवस्थापन

१९१. अन्तर्राष्ट्रिय मुद्राकोषको गरीबी निवारण तथा आर्थिक वृद्धि कार्यक्रम (PRGF) सँग आवद्ध Safeguards Assessment Report लाई बैंकले कार्यान्वयनमा ल्याएकोले अन्तर्राष्ट्रिय लेखापरीक्षण फर्म/कम्पनीबाट लेखापरीक्षण गराउनु पर्ने प्रावधान अनुसार महालेखा परीक्षकको विभागद्वारा नियुक्त लोधा एण्ड कम्पनी, कोलकत्ता, भारतबाट आर्थिक वर्ष २०६०।६१ को वार्षिक लेखा विवरणहरुको विशेष लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । Safeguards Assessment

Report अन्तर्गत अन्तर्राष्ट्रिय मुद्रा कोषले कायम गरेको शर्त र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को व्यवस्था अनुरुप आर्थिक वर्ष २०६०।६१ देखि नै अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुसार लेखा पद्धति अवलम्बन गर्न थालिएको छ ।

१९२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी बैंकले आयकर ऐन, २०५८ को दफा ६३ (१) को प्रयोजनको लागि अवकाश कोष संचालन गर्न नेपाल राष्ट्र बैंक अवकाश कोष नियमावली २०५९ तर्जुमा गरी श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरी एक स्वायत्त कोषको रुपमा अवकाश कोषको स्थापना गरेको छ ।

१९३. विद्यमान कर्मचारी संचय कोषमा कर्मचारीको नाममा बाँकी रहेको रकम र सोको लगानीबाट आर्जित व्याज रकम लगायत आयकर नियमावलीको नियम २१ अनुसार वार्षिक ३ लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो बराबरसम्मको रोजगारदाता र कर्मचारीको अवकाश योगदान तथा कोष लगानीबाट आर्जित व्याज उक्त कोषमा जम्मा रहने व्यवस्था छ । साथै कर्मचारीहरुको कर्मचारी कल्याणकारी खातामा वार्षिक रुपले बैंकले जम्मा गर्ने गरेको तलबको १२ प्रतिशतले हुने रकम लगायत प्रोत्साहनस्वरुप मुनाफाबाट सोही कोषमा जाने रकम समेत उल्लेखित सीमामा नबढ्ने गरी अवकाश कोषमा जम्मा गर्ने व्यवस्था छ । कर्मचारीले सेवाबाट अवकास प्राप्त गरेमा वा ५८ वर्ष उमेर पुगेमा वा मृत्यु भएमा वा अन्य कुनै अवस्थामा मात्र सो कोषको रकम भुक्तानी दिने व्यवस्था भए तापनि अवकाश कोष अन्तर्गत बैंकको सेवा अवधि दुई वर्ष नाघिसकेका कोषका सदस्यको नाममा रहेको खाताको बाँकी मौज्दात रकमको जमानतमा बाँकी मौज्दात रकमको ९० प्रतिशतसम्म वर्षमा २ पटकसम्म सापटी प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ । स्वायत्त कोषको रुपमा स्थापना भएकोले कोषको अलग्गै वासलात तथा बित्तीय विवरण तयार गरी सोको लेखापरीक्षण समेत हुने प्रावधान रहेको छ ।

१९४. बैंकको वित्त व्यवस्थापन विभाग अन्तर्गत रहेका केन्द्रीय लेखा फाँटलाई २०६०।८।२९ देखि बैंकिङ्ग कार्यालयमा र बजेट नियन्त्रण शाखालाई २०६०।१०।१ देखि संस्थागत योजना विभागमा गाभिएको छ ।

## जनशक्ति व्यवस्थापन

१९५. २०६० आषाढ मसान्तसम्म नेपाल राष्ट्र बैंकमा स्थायी १८११ र अस्थायी ४८ गरी कुल १८५९ कर्मचारीहरु कार्यरत रहेकोमा आर्थिक वर्ष २०६०।६१ मा कुल १७२८ जना कार्यरत छन् (तालिका २.४) ।

**चार्ट २.१**
**नेपाल राष्ट्र बैंकमा कार्यरत कुल कर्मचारी**
**(आषाढ मसान्त)**




१९६. यसैगरी २०६० वैशाखदेखि २०६० चैत्रसम्ममा अधिकृत स्तरमा खुल्ला प्रतियोगिताबाट ८ र बढुवाबाट ९१ तथा सहायक स्तरमा बढुवाबाट १७६ गरी कुल २७५ वटा पदहरु पूर्ति गरिएको छ ।

१९७. आर्थिक वर्ष २०६०।६१ मा विदेशमा सञ्चालित तालिम, कार्यशाला, सेमिनार, वैठकमा गरी १५१ वटा कार्यक्रमहरुमा नेपाल राष्ट्र बैंकको तर्फबाट २३२ जनाको सहभागिता रह्यो (तालिका २.६) । नेपाल राष्ट्र बैंक बाहेक अन्य संस्थाहरुबाट स्वदेशमा संचालित तालिम, सेमिनार, गोष्ठी वैठकहरुमा गरी १३ वटा कार्यक्रमहरुमा कुल १५० जनाको सहभागिता रह्यो (तालिका २.७) ।

१९८. आर्थिक वर्ष २०६०।६१ मा उच्च शिक्षा अध्ययनको सिलसिलामा २ जना भारत र २ जना बेलायत पठाइएका छन् ।

## राष्ट्र ऋण व्यवस्थापन

१९९. सरकारी ऋणपत्रहरुमा लगानीकर्ताहरुको आकर्षण बढाई सरकारी ऋणपत्र व्यवस्थापनमा क्षमता बढाउन सर्वसाधारणको जानकारीको लागि वार्षिक ऋणपत्र निष्काशन तालिका निर्धारण गरी सर्वसाधारणको जानकारीको लागि वेवसाइटमा राख्ने कार्य आरम्भ गरियो ।

२००. विकास ऋणपत्र तथा अन्य लामो अवधिका ऋणपत्रहरुको बोलकबोलद्वारा प्राथमिक बजारबाट बिक्री गर्न तथा दोश्रो बजार कारोवारको लागि धितोपत्र बजारमा सूचीकृत गर्न पूर्वाधार तयार गर्ने क्रममा "ऋणपत्रको प्राथमिक निष्काशन तथा दोश्रो बजार नियमावली २०६०" तयार गरी स्वीकृतिका लागि श्री ५ को सरकारमा पेश गरियो ।

## सूचना प्रविधि

२०१. बैंकका जिल्लास्थित कार्यालयहरुमा गठन भएको COCG का अधिकृत तथा कर्मचारीहरुलाई Operating System and Banking System Operation विषयक प्रशिक्षण दिइएको छ भने कोष तथा लेखा नियन्त्रणको कार्यालयको अनुरोधमा सो कार्यालयलाई राजश्व सम्बन्धी कारोवारको विवरण Soft Copy को रुपमा दिन सक्ने गरी Banking Software मा सुधार गरिएको छ ।

२०२. बैंकको वित्त व्यवस्थापन विभागका अधिकृत तथा कर्मचारीहरुलाई Balance Sheet तयार गर्ने सफ्टवेयर संचालन सम्बन्धी तालिम एवम् नयाँ Organizational Structure अनुरुप विभिन्न फाँटहरुमा रहेका हिसावहरुलाई व्यवस्थित गर्ने सफ्टवेयर र Unclaimed हिसाव कम्प्यूटराईज गरिएको छ ।

२०३. बैंकको संस्थागत योजना विभाग र बैंकिङ्ग कार्यालयसँग समन्वय गरी बैंकिङ्ग कार्यालयमा रहेको श्री ५ को सरकारसँग सम्बन्धित खाताहरुबाट भुक्तानी गर्ने प्रक्रियालाई सरलीकरण गरिएको, बैंकमा कम्प्यूटरकृत गर्न बाँकी फाँटहरुलाई कम्प्यूटरकृत गरिएको छ । नेपाल राष्ट्र बैंक इलाममा भएको सरकारी कारोवार नेपाल बैंक लिमिटेड इलाममा स्थानान्तर गरी त्यहाँका कर्मचारीहरुलाई Banking Software Operation सम्बन्धी तालिम दिइएको छ ।

२०४. Fixed Assets को ह्रासकट्टी सम्बन्धी सफ्टवेयर Install गर्नुका साथै अनुसन्धान विभागको Requirement अनुसार Monthly Balance-Sheet तयार गर्ने, विदेशी विनिमय विभागका लागि साप्ताहिक विदेशी मुद्रा कारोवार सम्बन्धी रिपोर्ट तयार हुने सफ्टवेयर सुधार गर्नुका साथै विदेशी मुद्रा सम्बन्धी खाताहरुको कोडमा एकरुपता कायम गरिएको र गत आर्थिक वर्षमा तयार गरिएको BOP Software को आवश्यक परीक्षण गरी लागू गरिएको छ ।

२०५. बैंकको वेबसाइटमा Administrative Control Panel को व्यवस्था गर्नुका साथै बैंकमा प्रयोग भइरहेको 128 Kbps Bandwith Leased Line को क्षमता वृद्धि गरी 256 Kbps पुऱ्याइएको, बैंकिङ्ग कार्यालयको बैंकिङ्ग सफ्टवेयरको डकुमेन्टेशन तयार गरिएको, करीब २५० कम्प्यूटर तथा सोसँग सम्बन्धित सामानहरुको मर्मत सम्भार गरिएको एवम् विभिन्न गोष्ठी, अन्तरक्रियाहरुमा कम्प्यूटर प्रणाली उपलब्ध गराइएको छ ।

## प्रशिक्षण, गोष्ठी, सेमिनार, अन्तर्क्रिया

२०६. नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रबाट आर्थिक वर्ष २०६०।६१ मा सञ्चालित तालिम, कार्यशाला एवम् गोष्ठीहरुमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक तथा वित्तीय संस्थाहरु समेतका गरी अधिकृत स्तरका २४१ र सहायक स्तरका २५४ गरी ४९५ जना प्रशिक्षार्थीहरु लाभान्वित भएका छन् (तालिका २.५) । यसैगरी उक्त केन्द्रबाट कार्यकारी स्तरमा सञ्चालित Art of Living नामक कार्यक्रममा ३४ जनाको सहभागीता रहेको थियो ।

२०७. अन्तर्राष्ट्रिय मान्यता अनुरुप तयार गरिएको बैंक तथा वित्तीय संस्थाहरुको स्थलगत निरीक्षण निर्देशिकाको सम्बन्धमा दुईवटा एक-एक दिने गोष्ठी सम्पन्न गरियो भने वाणिज्य बैंकका बाहिरी लेखापरीक्षकहरुसँग एक तथा कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्जसँग संयुक्त रुपमा एक गोष्ठी सम्पन्न गरियो ।

२०८. सरकारी ऋणपत्र सम्बन्धमा सर्वसाधारण संघ, संस्था तथा बजार निर्माताहरुलाई जानकारी गराउने उद्देश्यले काठमाडौं, सिद्धार्थनगर, जनकपुर र पोखरामा अन्तर्क्रिया कार्यक्रमहरु तथा धुलिखेलमा विशेष अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो ।

२०९. वाणिज्य बैंकहरुबाट समयमै तथ्याङ्क तथा सूचनाहरु शिघ्रताका साथ प्राप्त गर्न एक enforcement को व्यवस्था गर्ने उद्देश्यले सबै वाणिज्य बैंकका प्रमुखहरु र तथ्याङ्कसँग सम्बन्धित विभागीय प्रमुखहरुको सहभागितामा एक-दिने अन्तर्क्रिया कार्यक्रम २०६०।६।९ मा सम्पन्न गरियो ।

२१०. तथ्याङ्क सूचनाहरुलाई कम प्राथमिकता दिने परिपाटी हटाउन वाणिज्य बैंकहरु तथा वित्त कम्पनीका तथ्याङ्कसँग सम्बन्धित अधिकृत तथा कर्मचारीहरुलाई समावेश गरी ६ वटा तथ्याङ्क गोष्ठी सम्पन्न गरिए । जस अनुसार ३ वटा वाणिज्य बैंकिङ्ग तथ्याङ्क कार्यशाला गोष्ठी, २ वटा वित्त कम्पनी तथ्याङ्क कार्यशाला गोष्ठी र एउटा विकास बैंकिङ्ग तथ्याङ्क कार्यशाला गोष्ठी रहेका थिए ।

२११. वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा सहकारी संस्थाहरुमा रहेका समस्या र समाधानका उपायहरु पहिल्याउन चारवटा एक-एक एक दिने अन्तर्क्रिया कार्यक्रमहरु आयोजना गरियो । यस बैंकका जिल्लास्थित कार्यालयका अधिकृतहरुका लागि बैंक तथा वित्तीय स्ंस्था सम्बन्धी नियमन तथा नीतिगत व्यवस्था सम्बन्धी जानकारीमूलक छलफल कार्यक्रम सम्पन्न भयो ।

२१२. बैंकिङ्ग प्रवर्द्धन समितिको संयोजकत्वमा यस बैंकका विभागीय प्रमुखहरु र वाणिज्य बैंकका प्रमुखहरुको सहभागीतामा Anti-money Laundering विषयक एक-दिने गोष्ठी र समितिका सदस्य बैंकहरुका प्रतिनिधिहरुको सहभागीतामा presentation skill विषयक एक-दिने गोष्ठी सम्पन्न भएका छन् । साथै सोही समितिको प्रायोजन तथा नेपाल व्यवस्थापन समूहको सहयोगमा विश्व व्यापार संगठन सम्बन्धी एक-दिने अन्तर्क्रिया कार्यक्रम, नेपाल आर्थिक संघको सहयोगमा मौद्रिक नीति सम्बन्धी एक-दिने अन्तर्क्रिया कार्यक्रम तथा कानून अनुसन्धान विकास फोरमको सहयोगमा बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ सम्बन्धी एक-दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

२१३. वित्तीय संस्थाहरुका निरीक्षण प्रतिवेदनमा औंल्याइएका सम्वेदनशील र गम्भीर प्रकृतिका कैफियतहरु सुधार गराउनेतर्फ व्यवस्थापनलाई प्रेरित गराउने उद्देश्यले नीति निर्माणसँग सम्बन्धित विभागहरु बीच समन्वय गरी त्यस्ता वित्तीय संस्थाका संचालक समितिका पदाधिकारी तथा कार्यकारी प्रमुखहरुसँग छलफल गरी सुधार गर्ने प्रतिवद्धता प्राप्त गर्न १२ वित्तीय संस्थाका पदाधिकारीहरुसँग छलफलको आयोजना गरियो । यसैगरी विकास बैंक सम्बन्धमा दुई, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली सम्बन्धमा दुई र वित्तीय संस्थाका बाह्य लेखापरीक्षकहरुको संयोजकहरुको सहभागीतामा वित्तीय संस्था सुपरिवेक्षण सम्बन्धी एक गोष्ठीहरु सम्पन्न गरिए । निरीक्षणको क्रममा हासिल भएका अनुभवको आदानप्रदान गर्ने सम्बन्धमा दुई र निरीक्षणको प्रभावकारीता विषयमा एक अन्तर्क्रिया कार्यक्रमको समेत आयोजना गरियो ।

## आतिथ्यता

२१४. Into the New Horizon: Looking Beyond नामक Talk Programme मा भारतका वर्तमान अर्थमन्त्री श्री P. Chidambarm ले प्रमुख वक्ताको रुपमा भाग लिनुभयो । उक्त Talk Programme मा नेपाल राष्ट्र बैंक लगायत श्री ५ को सरकारका पदाधिकारी एवम् अन्य आमन्त्रितहरु गरी करीब २०० जनाको सहभागीता रहेको थियो ।

२१५. नेपाल राष्ट्र बैंकले SAARCFINANCE अन्तर्गत Bank for International Settlements (BIS) सँगको संयुक्त आयोजनामा मार्च १५-१८, २००४ मा आयोजित Promoting Financial Stability: The Role of Central Banks विषयक सेमिनारमा Central Bank of Sri Lanka का तत्कालिन गभर्नर Mr. A.S. Jayawardena ले Key-note speech प्रस्तुत गर्नुभएको थियो । नेपालका १० जना र अन्य सार्क मुलुकहरुका १३ जना गरी जम्मा २३ जना सहभागीहरु रहेको सो सेमिनारका श्रोतव्यक्तिहरु BIS, Reserve Bank of India र Bank of Thailand बाट आउनुभएको थियो ।

२१६. २०६०।७।२६ र २७ मा नेपाल राष्ट्र बैंकबाट आयोजित Managing Non-performing Assets विषयक गोष्ठीमा नेपाल राष्ट्र बैंकका गभर्नर लगायत Bank of Korea का गभर्नर Dr. Seung Park तथा Bangladesh Bank का गभर्नर Dr. Fakhruddin Ahmed ले Key-note Speech प्रस्तुत गर्नुभएको थियो ।

## अन्य कार्यहरु

२१७. बैंकको पुनर्संरचना कार्यक्रम अन्तर्गत निजी क्षेत्रबाट उपलब्ध हुने सहायक सेवाहरुमा बैंकको संलग्नता हटाउँदै केन्द्रीय कार्यालयको सरसफाई सम्बन्धी कार्य निजी क्षेत्रद्वारा गराउन बोलपत्रको माध्यमबाट यसै आर्थिक वर्ष २०६०।६१ देखि निजी क्षेत्रलाई हस्तान्तरण गरिएको छ ।

२१८. चालू आर्थिक वर्ष मा केन्द्रीय कार्यालय एवम् वीरगञ्ज कार्यालयमा गार्डहाउस विथ वाच टावर, के.का. को मुख्य भवनमा रहेका पुरानो ढुकुटी कोठा तथा हल मर्मत एवम् सुधार कार्य सम्पन्न एवम् वीरगञ्ज कार्यालयमा अफिसर्स क्वाटर, वाउण्डीवाल, जेनेरेटर घर, सडक, ड्रेनेजको निर्माण सम्पन्न र ५ वटा नयाँ कार र तोडा चलानका लागि एउटा बस खरीद गरिएको छ ।

२१९. नेपाल राष्ट्र बैंकको ४९ औं वार्षिकोत्वसको उपलक्ष्यमा मासिक प्रकाशन मिर्मिरेको आर्थिक लेख विशेषाङ्क प्रकाशित भएको छ भने संस्मरण विशेषाङ्क तथा अन्य मासिक अंकहरु नियमित रुपले प्रकाशित भएका छन् ।

२२०. सोही उपलक्ष्यमा रक्तदान, बालचित्रकला, बाल वक्तृत्वकला प्रतियोगिता तथा भलिबल, स्नूकर, टेबुलटेनिस, व्याडमिन्टन, म्यूजिकल चियर र दौड प्रतियोगिता तथा विशेष कवि गोष्ठीको आयोजना गरियो ।

२२१. २०६० आश्विनदेखि "राष्ट्र ऋण खवरपत्र" को अर्ध-वार्षिक रुपमा प्रकाशनको शुरुवात भएको छ । समीक्षा वर्षमा Banking and Financial Statistics को ४० औं र ४१ औं अंश प्रकाशित भएको छ । बैंकिङ्ग प्रवर्द्धन समितिले "बैंकिङ्ग प्रवर्द्धन" पत्रिकाको १६ औं र १७ औं अंक तथा बैंकिङ्ग खवरपत्रको ११ वटा अंकहरु प्रकाशित गरेको छ । कार्यालय

प्रयोजनका लागि नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६१, नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६१ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६१ को प्रकाशन तथा वितरण गरिएको छ ।

२२२. निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप सम्पादन गर्नका लागि Basel Committee on Banking Supervision ले तयार पारेका New Capital Accord Basel II को नेपालको सम्बन्धमा प्रभावकारिता अध्ययन गरी अवधारणापत्र तयार गर्ने कार्य चालू रहेको छ । यसैगरी समग्र बैंकिङ्ग क्षेत्रको निक्षेप कर्जा एवम् व्याजदर सम्बन्धी विद्यमान प्रवृत्ति एवम् अर्थतन्त्रमा परेको असर सम्बन्धमा र वाणिज्य बैंकहरुको शाखा संकुचनबाट ग्रामीण क्षेत्रमा परेको असर तथा यसका लागि अवलम्बन गर्नुपर्ने बैकल्पिक उपायका सम्बन्धमा अध्ययन कार्य सम्पन्न गरिएका छन् ।

२२३. समीक्षा बर्षमा ३९ वटा बैंक तथा वित्तीय संस्थाहरुलाई सरकारी ऋणपत्रको कारोवार गर्न बजार निर्माताको रुपमा इजाजत दिइएको छ । यस्ता इजाजत प्राप्त बजार निर्माताहरुमध्ये सरकारी ऋणपत्रको कारोवारको आधारमा ६ वटा बजार निर्माताहरुको स्थलगत निरीक्षण तथा अनुगमन गर्ने कार्य सम्पन्न भएका छन् ।

२२४. निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९ मा व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६०।६१ को बैंक सुपरिवेक्षण विभागको वार्षिक प्रतिवेदन तयार गरि बैंकका वेवसाइट  मार्फत सार्वजनिक गरिएको छ । वित्तीय क्षेत्रको वर्तमान अवस्था, निरीक्षण तथा सुपरिवेक्षणका विषय र वित्तीय क्षेत्रका कार्य प्रवृत्ति जस्तै : निक्षेप, कर्जा, व्याजदर, तरलता, प्रतिफल, पूँजीकोष, सुरक्षण जस्ता विषयहरुलाई समेटेर वित्तीय संस्था सुपरिवेक्षण विभागको वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गर्ने तथा बैंकको वेबसाइटमा राख्ने गरिएको छ । यसैगरी वित्तीय संस्था उपर बैंकले गरेका सुपरिवेक्षकीय काम कारबाहीहरु सर्वसाधारणको जानकारीको निमित्त संचारमाध्यम मार्फत् सार्वजनिक गर्ने गरिएको छ ।

## कार्यालयतर्फका गतिविधिहरु

### (क) बैंकिङ्ग कार्यालय

- बैंकिङ्ग कार्यालयले समाशोधन कारोवार अन्तर्गत आर्थिक वर्ष २०५९।६० मा कुल रु. २४ खर्ब ५२ अर्ब ७१ करोड बराबरको ३८ लाख ९५ हजार ३६९ थान चेक तथा ड्राफ्टहरु समाशोधन कारोवार गरिएकोमा आर्थिक वर्ष २०६०।६१ मा सो कारोवारमा अघिल्लो वर्षको तुलनामा घट्न गई कुल रु. ३ खर्ब ८२ अर्ब ७८ करोड ४४ लाख बराबरको ११ लाख ५३ हजार ८८२ थान चेक तथा ड्राफ्टहरु समाशोधन कारोवार गरिएका छन् ।
- विप्रेषण कारोवारमा आर्थिक वर्ष २०५९।६० मा रु. १ खर्ब ८४ अर्ब २८ करोड ९० लाख बराबरको १८ हजार ६३५ थान ड्राफ्ट, टी.टी. तथा मेल ट्रान्सफरको खरीद बिक्री कारोवार गरेकोमा समीक्षा वर्षमा रु. ७५ अर्ब १० करोड ८७ लाख बराबरको १२ हजार २२७ थान ड्राफ्ट टी.टी. तथा मे.ट्रा. को खरीद बिक्री गरेको छ ।
- आर्थिक वर्ष २०६०।६१ मा सरकारी अड्डाखानाका दुईवटा भिन्न फाँटहरुलाई समायोजन गरी एउटै सरकारी अड्डाखाना फाँट नामाकरण गरी सम्पूर्ण सरकारी कारोवारका विभिन्न खाताहरु संचालन तथा भुक्तानी एकै ठाउँबाट गर्ने व्यवस्था मिलाउनुका साथै सरकारी अड्डाखाना फाँटमा आधुनिक भुक्तानी प्रणाली अनुरुप नयाँ काउण्टर निर्माण गरी भुक्तानी प्रणालीलाई सुव्यवस्थित गरिएको छ । भुक्तानी प्रणालीलाई सुधार गरी सरल र छिटो छरितो बनाउने सन्दर्भमा प्रधान सहायकस्तरका कर्मचारीहरुलाई समेत थप अख्तियारी प्रदान गरिएको तथा राजश्व तथा अन्य रकम बुझिलिने दाखिला फाँटलाई पनि आधुनिकीकरण गर्ने सन्दर्भमा नीतिगत व्यवस्थाको लागि कार्यारम्भ भइसकेको छ । उक्त कार्यालयको केन्द्रीय कार्यालयस्थित काउण्टरबाट बैंकको कर्मचारीहरुको नाममा खिचिएको भुक्तानी आदेशको भुक्तानी तथा सामान्य हिसावमा जम्मा हुने भौचरहरुको रकमहरु दाखिला गर्ने कार्यमात्र हुँदै आएकोमा मिति २०६०।५।२२ देखि लागु हुने गरी केन्द्रीय कार्यालयस्थित विभिन्न विभागहरुबाट संचालित परियोजनाहरुको उक्त कार्यालयमा रहेको खाताहरुको चेकबाट रु. १०,०००।- सम्मको भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ ।
- कार्यालयले केन्द्रीय कार्यालयस्थित काउण्टरबाट केन्द्रीय कार्यालयस्थित विभिन्न विभागहरुबाट अधिकृत तथा कर्मचारी र विभिन्न समितिहरुको आयकर तथा अन्य कर बापत कट्टा गरी दाखिला हुन आएको रकम प्रत्येक सोमबार (उक्त दिन बिदा परेमा सोको भोलिपल्ट) बढीमा रु. ५,००,०००।-सम्म बुझ्ने व्यवस्था मिलाइएको छ । कार्यालयमा रकम विप्रेषण गर्न तथा विप्रेषण रकम प्राप्त गर्ने सुविधाको लागि जडित Swift System सञ्चालन गर्दा हुन सक्ने जोखिमलाई न्यून गर्न ३ जना कर्मचारीहरुलाई भिन्न Password उपलब्ध गराई उनीहरुको काम, कर्तव्य तथा दायित्व स्पष्ट किटान गरिएको छ ।

**(ख) नेपाल राष्ट्र बैंक, पोखरा**

- रु. ६ अर्ब ३५ करोड ५० लाख बराबरका ७२७ थान टी.टी. र रु. २० करोड ७० लाख बराबरका ४०९ थान ड्राफ्ट खिचियो भने रु. २५ करोड ५० लाख बराबरका २४९ थान ड्राफ्ट र रु. ३ अर्ब २५ करोड ३० लाख बराबरका ३४१ थान टी.टी. भुक्तानी गरियो । समाशोधन गृह कारोवार अन्तर्गत नेपाल राष्ट्र बैंकका रु. ८६ करोड ४० लाख बराबरका ४ हजार ५०७ थान र रु. ३ अर्ब १८ करोड ३० लाख बराबरका वाणिज्य बैंकका चेक/ड्राफ्टको खर्च कारोवार भयो भने रु. ३१ करोड ४० लाख बराबरका ४ हजार ५४९ थान नेपाल राष्ट्र बैंकका चेक/ड्राफ्ट र रु. ३ अर्ब १८ करोड ३० लाख बराबरका वाणिज्य बैंकहरुका १४ हजार ७७० थान चेक/ड्राफ्टको जम्मा कारोवार सम्पन्न गरियो ।
- श्री जनजागरण महिला बचत तथा ऋण सहकारी संस्था कास्की, श्री गल्कोट वचत तथा ऋण सहकारी संस्था वाग्लुङ्ग, श्री माछापुच्छ्रे वचत तथा ऋण सहकारी संस्था लि. पोखरा, श्री परोपकार वचत ऋण सहकारी संस्था, स्याङ्गजा, श्री चक्रतिर्थ वचत तथा ऋण सहकारी संस्था लि. लमजुङ्ग, श्री महाकाली बहुउद्देश्यीय महिला सहकारी संस्था लि. लमजुङ्ग तथा श्री एभरेष्ट वचत तथा ऋण सहकारी संस्था लि. पोखराको निरीक्षण गरियो ।
- थोक तथा खुद्रा मूल्य तथ्याङ्क गोष्ठी, कास्की जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुसँग एक-दिने अन्तर्क्रिया कार्यक्रम तथा त्रयमासिक आर्थिक प्रतिवेदनका लागि तथ्याङ्क संकलन गरिने सम्बन्धित निकायका पदाधिकारीहरुसँग एक-दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरियो ।

**(ग) नेपाल राष्ट्र बैंक, जनकपुर**

- समीक्षा वर्षमा कृषि विकास बैंक शाखा कार्यालय जलेश्वरको स्थलगत निरीक्षण, सिरहा जिल्लास्थित वृद्ध महिला वचत तथा ऋण सहकारी संस्थाको दोश्रो किस्ता बापत स्थलगत सम्भाव्यता अध्ययन तथा जनकपुरमा सञ्चालित दीप मनिचेञ्जर र स्वस्तिक मनिचेञ्जरको निरीक्षण सम्पन्न गरिएको छ । लहान र जनकपुरमा १/१ पटक मूल्य सम्बन्धी परिचयात्मक गोष्ठी तथा जनकपुरमा एक पटक वित्तीय तथा मौद्रिक गतिविधि सम्बन्धी अन्तर्क्रिया गोष्ठी सम्पन्न गरियो ।
- ५ जिल्लाका ५ वटा नोटकोषहरुमा जम्मा ७४ पटक रु. १५८ करोडको तोडा चलान गरियो भने ५ वटा वाणिज्य बैंकका शाखाहरुमा रहेका नोटकोष ११ पटक तथा नेपाल बैंक लिमिटेड मलङ्गवामा रहेको भा.रु. कोष २ पटक निरीक्षण सम्पन्न गरियो ।
- रु. २७,०००।- मूल्यका २९ थान शंकास्पद नोटहरु जफत, दावीका लागि प्राप्त विभिन्न दरका १,८२७ थान नोटहरु बापत रु. ५ लाख ६० हजार भुक्तानी तथा रु. ७ करोड ७० लाख बराबरका ९,२९,३२१ थान निष्काशन अयोग्य भुत्रा नोटहरु जलान गरियो ।
- कुल २८ पटक भा.रु. १४ करोड ८० लाखको तोडा चलान गरियो भने विभिन्न दरका ५६ थान शंकास्पद भा.रु. नोटहरु जफत गरियो ।
- ड्राफ्ट टी.टी. कारोवारतर्फ रु. १८ करोड ९० लाख बराबरका ३५० थान ड्राफ्ट, रु. २ अर्ब ३१ करोड ९० लाख बराबरका ४७२ थान टी.टी. तथा रु. ८ करोड ९ लाख बराबरका ५३ थान मेल ट्रान्सफर खिचियो भने रु. २१ करोड १० लाख बराबरका १५१ थान ड्राफ्ट तथा रु. ७५ करोड १० लाख बराबरका २३५ थान टी.टी.को भुक्तानी दिइयो ।
- समाशोधन गृह कारोवारतर्फ कार्यालय उपर खिचिएका कुल ४८०९ वटा चेकको रु. ६६ करोड ८० लाख खर्च लेखियो भने अन्य बैंक उपरको ९७२ वटा चेकको रु. ५९ करोड ५० लाख भुक्तानी प्राप्त भयो । यसैगरी सदस्य बैंकहरु बीच ४,४२८ वटा चेकहरु मार्फत् रु. ९२ करोड ८० लाखको कारोवारलाई समाशोधन गृहमार्फत् फछ्र्यौट गरियो ।

**(घ) नेपाल राष्ट्र बैंक, धनगढी**

- विभिन्न बैंकहरुमा १० पटक गरी रु. १ अर्ब २ करोड ५० लाख, विदेशी मुद्रा ३ पटकमा रु. १ करोड ३० लाख, भा.रु. ५ पटकमा रु. १८ करोड तोडाचलान गर्‍यो भने सिक्का १ पटक सहित जम्मा ४ पटकमा रु. १ करोड २० लाख र भा.रु. ३ करोड ८० लाख फण्ड ट्रान्सफर भई उक्त कार्यालयमा प्राप्त भयो । ३२ पटकमा रु. ४९ करोड ९० लाख बराबरको नोट जलान गरियो ।
- समाशोधन गृह कारोवारतर्फ ८ सदस्य बैंकहरुबाट रु. ६३ करोड २० लाख बराबरका ४१२५ थान चेक तथा ड्राफ्ट प्रस्तुत गरिए भने कार्यालयमा प्राप्त रु. ८४ करोड ६० लाख बराबरका ४७८७ थान ड्राफ्ट तथा चेकहरु

सदस्य बैंकहरुमा प्रस्तुत गरिए । यसैगरी विप्रेषणतर्फ सो कार्यालयबाट ५१ थान ड्राफ्ट र ७६ थान टी.टी. बाट कुल रु. ३० करोड ६० लाख भुक्तानी गरियो ।

- बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुको सहभागीतामा वित्तीय तथा मौद्रिक गतिविधि सम्बन्धी एक-दिने अन्तर्क्रिया कार्यक्रम, कैलाली र कञ्चनपुर जिल्लाको आर्थिक गतिविधिसँग सम्बन्धित सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, औद्योगिक प्रतिष्ठान र अन्य सम्बन्धित निकायका प्रतिनिधिहरुको सहभागितामा एक-एक दिने आर्थिक तथ्याङ्क कार्यशाला गोष्ठी तथा दिपायल, महेन्द्रनगर र धनगढी बजार क्षेत्रका व्यापारीहरुको सहभागीतामा एक-एक दिने मूल्य गोष्ठी सम्पन्न भयो ।

- महारुद्र वचत तथा ऋण सहकारी संस्था लि. बैतडी, नागार्जुन वचत तथा ऋण सहकारी संस्था बैतडी र ताराकोट वचत तथा ऋण सहकारी संस्था लि. दार्चुलाको ग्रामीण स्वावलम्बन कोष अन्तर्गत कर्जा प्रवाह गर्ने सम्बन्धी पूर्व सम्भाव्यता अध्ययन तथा तेश्रो पशु विकास अयोजना अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा प्रवाह भएका ऋणीहरुको स्थलगत निरीक्षण अध्ययन गर्ने क्रममा सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैंक, मालिका विकास बैंक र उदयदेव वहुउद्देश्यीय सहकारी संस्था लि. महेन्द्रनगरको स्थलगत निरीक्षण तथा अध्ययन सम्पन्न गरिनुका साथै मालिका विकास बैंक र नवजिवन सहकारी संस्था लि. को समष्टिगत निरीक्षण सम्पन्न गरियो ।

**(ङ) नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

- रु., भा.रु. तथा परिवर्त्य विदेशी मुद्रा समेत गरी जम्मा ३४ पटक तोडाचलान गरियो । ३४ वटा मनिचेञ्जरहरुको निरीक्षण गरियो । जम्मा ७१ पटक गरी रु. ३ अर्ब ५६ करोड ८० लाख बराबरका झुत्रा नोटह जलाइयो । विप्रेषण कारोवार अन्तर्गत रु. २ करोड बराबरका १७६ थान डाफ्ट, रु. ७ अर्ब ३२ करोड बराबरका ९३९ थान टी.टी. र रु. १३ करोड ८० लाख बराबरका २० थान मेल ट्रान्सफर खिचियो भने रु. ७ करोड १० लाख बराबरका १२७ थान ड्राप्ट, रु. २ अर्ब ८६ करोड ३० लाख बराबरका ६५२ थान टी.टी. को भुक्तानी गरियो । समाशोधन गृह कारोवार अन्तर्गत सदस्य बैंकहरुलाई ४४६० थान चेकबाट रु. १ अर्ब ४७ करोड पठाइयो भने सदस्य बैंकहरुबाट सो कार्यालयमा २८२९ थान चेकबाट रु. ९१ करोड ३० लाख प्राप्त हुन आयो । यसैगरी सदस्य बैंकहरु बीच अन्तर-बैंक कारोवारबाट ५३५३ थान चेकबाट रु. १ अर्ब ५८ करोड ६० लाख जम्मा/ खर्च भयो ।

- मूल्य गोष्ठी, भा.रु. गोष्ठी तथा बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुसँग वित्तीय तथा मौद्रिक गतिविधि सम्बन्धी अन्तर्क्रिया सम्पन्न गऱ्यो भने सीमावर्ती क्षेत्रको अनौपचारिक व्यापार सम्बन्धी गतिविधिको स्थलगत अध्ययन कार्य समेत सम्पन्न गऱ्यो । कृषि विकास बैंक बुटवल र नवलपरासी शाखाको निरीक्षण कार्य सम्पन्न गऱ्यो भने विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई विभिन्न आयोजना तथा कोष अन्तर्गत कर्जा प्रदान गर्ने सम्बन्धमा सम्बन्धित संस्थाको लगानी पूर्वका सम्भाव्यता तथा सदुपयोगिता निरीक्षण अध्ययन काय सम्पादन गऱ्यो ।

**(च) नेपाल राष्ट्र बैंक, विराटनगर**

- विराटनगर, धनकुटा र दमक बजारमा मूल्य गोष्ठीको आयोजना गरियो । बैंकिङ्ग तथ्याङ्क कार्यशाला गोष्ठी, आर्थिक तथ्याङ्क विषयक अन्तर्क्रिया तथा पूर्व-बजेट जोष्ठी, लघुवित्त कारोवार विषयक अन्तर्क्रिया कार्यक्रमहरु संचालन गरियो ।

- तोडाचलानतर्फ जम्मा ६३ पटक गरी रु. ३ अर्ब ५० लाख तोडाचलान गरियो भने भा.रु. ट्रान्सफरतर्फ जम्मा १० पटकमा रु. ४ अर्ब २० करोड ४० लाखको कारोवार भयो ।

- समाशोधन गृह कारोवारतर्फ ४५,३१३ थान चेकबाट खर्च कारोवार र ४१,६०८ थान चेकबाट जम्मा कारोवार गरियो । समाशोधन गृह कारोवारमा एकरुपता ल्याउन तथा यसमा देखापरेका समस्या समाधान गर्ने उद्देश्यले सदस्य बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको समेत उपस्थितिमा एक गोष्ठीको आयोजना भयो ।

- रु. २९ करोड ९० लाख बराबरका १७४ थान ड्राफ्ट, रु. १३ अर्ब ६७ करोड ६० लाख बराबरका १०९० थान टी.टी. तथा रु. १७ करोड २० लाख बराबरका १३ थान मेल ट्रान्सफर खिचियो भने रु. ६९ करोड ३० लाख बराबरका २०१ थान ड्राफ्ट तथा रु. ७ अर्ब ८० करोड ४० लाख बराबरका ५९५ थान टी.टी. को भुक्तानी दिइयो । उक्त कार्यालयबाट समीक्षा वर्षमा ५ वटा मनिचेञ्जरलाई इजाजत प्रदान गरियो भने १५ वटा मनिचेञ्जरको २२ पटक स्थलगत निरीक्षण कार्य सम्पन्न गरियो ।

- वाणिज्य बैंकहरु तथा मनिचेञ्जरहरुलाई शंकास्पद विदेशी मुद्रा तथा भारतीय रुपैयाँका बारेमा जानकारी दिन भारतीय रुपैयाँ तथा परिवर्त्य विदेशी मुद्राको शंकास्पद नोट पहिचान सम्बन्धी एक-दिने गोष्ठी सम्पन्न गरियो ।

- जम्मा रु. २ अर्ब ७० करोड ३० लाख बराबरका २० हजार ७९४ बण्डल झुत्रो नोट जलान गरियो ।

**(छ) नेपाल राष्ट्र बैंक वीरगञ्ज**

- भरतपुर, हेटौंडा र वीरगञ्ज बजारमा मूल्य तथ्याङ्क गोष्ठी सम्पन्न गरियो भने वीरगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुखहरुसँग वित्तीय तथा मौद्रिक गतिविधि सम्बन्धी एक-दिने अन्तर्क्रिया कार्य सम्पन्न गरियो ।
- विभिन्न दरका रु. ६ अर्ब ३१ करोड ५० लाख नोट जलान गरियो । तोडाचलानतर्फ समीक्षा वर्षमा ४३ पटक गरी रु. ३ अर्ब ५२ करोड ७० लाख तोडाचलान गरियो । यसैगरी अन्य कार्यालयबाट विभिन्न मितिमा गरी रु. २ अर्ब २० करोड बराबर फण्ड उक्त कर्यालयमा जम्मा हुन आयो ।

## संचालक समितिको बैठक

२२५. आर्थिक वर्ष २०६०।६१ मा संचालक समितिको बैठक २७ पटक  बस्यो । गत आर्थिक वर्षमा संचालक समितिको बैठक २६ पटक बसेको थियो ।

**तालिका २.४**

### श्रेणी अनुसार दरबन्दी तथा बहालीमा रहेका कर्मचारीको संख्या

| | स्थायी | | | | अस्थायी/ करार | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०६० आषाढ मसान्त | | २०६१ आषाढ मसान्त | | २०६० आषाढ मसान्त | | २०६१ आषाढ मसान्त | | २०६० आषाढ मसान्त | | २०६१ आषाढ मसान्त | |
| | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत | दरबन्दी | कार्यरत |
| अधिकृत विशिष्ट | १९ | १८ | १७ | १३ | - | - | - | - | १९ | १८ | १७ | १३ |
| अधिकृत प्रथम | ५० | ४८ | ४७ | ४१ | - | १ | - | २ | ५० | ४९ | ४७ | ४३ |
| अधिकृत द्वीतिय | १५८ | ११४ | १३५ | ११० | १ | २ | १ | २ | १५९ | ११६ | १३६ | ११२ |
| अधिकृत तृतीय | ३५७ | २१३ | ३३३ | २४७ | १ | १ | १ | १ | ३५८ | २१४ | ३३४ | २४८ |
| सहायक प्रथम | ७१७ | ५५४ | ७२७ | ५९० | - | - | ० | १ | ७१७ | ५५४ | ७२७ | ५९१ |
| सहायक द्वीतिय | ५१४ | ३७८ | २५१ | २२० | २ | १ | २ | २ | ५१६ | ३७९ | २५३ | २२२ |
| सहायक तृतीय | १७१ | ९९ | ९० | ८८ | १ | १ | १ | १ | १७२ | १०० | ९१ | ८९ |
| सहायक चतुर्थ/ पञ्चम | ४७५ | ३८७ | ३८५ | ३६४ | ६९ | ४२ | ६९ | ४६ | ५४४ | ४२९ | ४५४ | ४१० |
| **जम्मा** | **२,४६१** | **१,८११** | **१,९८५** | **१,६७३** | **७४** | **४८** | **७४** | **५५** | **२,५३५** | **१,८५९** | **२,०५९** | **१,७२८** |

**तालिका २.५**

## बैंकर्स प्रशिक्षण केन्द्रद्वारा सञ्चालित तालिम, कार्यशाला गोष्ठी तथा कार्यक्रमहरु

| क्रम संख्या | विषय | स्तर | पटक | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | Art of Living | कार्यकारी | १ | ३४ |
| २ | Workshop on Consortium Financing | वरिष्ठ अधिकृत | १ | ३२ |
| ३ | Total Quality Management | वरिष्ठ अधिकृत | १ | २३ |
